# मष्टा गाउँपालिका

## मध्यमकालीन खर्च संरचना

## Medium Term Expenditure Framework

(आर्थिक वर्ष २०८२/०८३–२०८४/२०८५)

मष्टा गाउँपालिका

**मष्टा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**भातेखोला, वझाङ,**

**ito.mastamandumun@gmail.com**

**mastamun.gov.np**

सल्लाहकार समिति

श्री ज्ञान वहादुर वोहरा, गाउँपालिका अध्यक्ष

श्री हर्क धामी, गाउँपालिका उपाध्क्ष

श्री रमेश कुमार खड्का,  नि. प्रमुख प्रशासकीय अधिकृत

श्री दीपक वोहरा, ईन्जिनियर, भौतिक पूर्वाधार शाखा

श्री पृथुराज जोशी , शिक्षा अधिकृत / सूचना अधिकारी

श्री ई. उमेश रोकाया, सूचना तथा संचार प्रविधि अधिकृत

श्री प्रभाकर जोशी, कृषि अधिकृत

श्री करण वहादुर वम, रोजगार संयोजक

श्री देविचन्द्र थापा, स्वास्थ्य शाखा प्रमुख

श्री शंकर वहादुर कामी, पशु सेवा प्राविधिक

श्री गगन गुरुधामी , लेखा प्रमुख

श्री धन वहादुर वोहरा, एम.आई.एस. अपरेटर

श्री महेशराज जोशी, जिन्सी शाखा प्रमुख

श्री गोमा कुमारी जि.सी., महिला, वालवालिका तथा जेष्ठ नागरीक शाखा

श्री जयराज उपाध्याय, प्रशासन शाखा प्रमुख

श्री विश्व प्रकाश कोईराला, राजस्व शाखा प्रमुख

मष्टा गाउँपालिका

परामर्शदाता

हयाप्पी स्ट्रिङ्ग एड्भाइजर्स प्रा.लि.
बेनी नगरपालिका ८, म्याग्दी

## विषयसूची


परिच्छेद १ : परिचय ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा ........ १

१.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य ........ २

१.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु ........ ४

१.५ दिगो विकास लक्ष्य र मध्यमकालीन खर्च संरचना ........ ५

१.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया ........ ५

परिच्छेद २: मध्यमकालीन खर्च संरचना ........ ९

२.१ पृष्ठभूमि ........ ९

२.२ चुनौती तथा अवसर ........ ९

२.३ सोच, उद्देश्य तथा रणनीति ........ १०

२.४ मध्यमकालीन आर्थिक खाका ........ १२

२.५ मध्यमकालीन नतिजा खाका ........ १२

२.६ मध्यमकालीन बजेट खाका ........ १३

२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट ........ १५

२.८ विषय क्षेत्रगत बाँडफाँट ........ १८

परिच्छेद ३ : आर्थिक क्षेत्र ........ १८

३.१ कृषि तथा खाद्य सुरक्षा ........ **२२**

३.१.१ पृष्ठभूमि ........ २२

३.१.२ समस्या तथा चुनौती ........ १३

३.१.३ सोच ........ २३

३.१.४ उद्देश्य ........ २३

३.१.५ रणनीति ........ २३

३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ २४

३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ २४

३.१.९ जोखिम पक्ष तथा अनुमान ........ २५

३.२ पशुपंछी विकास ........ २६

३.२.१ पृष्ठभूमि ........ २६

३.२.२ समस्या तथा चुनौती ........ २६

३.२.३ सोच ........ २६

३.२.४ उद्देश्य ........ २६


मस्टा गाउँपालिका

३.२.५ रणनीति ........ २७

३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २७

३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ २८

३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ २८

३.२.९ जोखिम पक्ष तथा अनुमान ........ २८

३.३ उद्योग तथा व्यापार व्यावसाय ........ २९

३.३.१ पृष्ठभूमि........ २९

३.३.२ समस्या तथा चुनौती ........ २९

३.३.३ सोच ........ २९

३.३.४ उद्देश्य ........ ३०

३.३.५ रणनीति ........ ३०

३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ३०

३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ३०

३.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........**३१**

३.३.९ जोखिम पक्ष तथा अनुमान ........ ३१

३.४ भूमी व्यवस्था, सहकारी र वित्तीय सेवा ........ ३२

३.४.१ पृष्ठभूमि ........ ३२

३.४.२ समस्या तथा चुनौती ........ ३२

३.४.३ सोच ........ ३२

३.४.४ उद्देश्य ........ ३२

३.४.५ रणनीति ........ ३३

३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ३३

३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........३४

३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........**३४**

३.४.९ जोखिम पक्ष तथा अनुमान ........३४

परिच्छेद ४ : सामाजिक क्षेत्र........ ३६

४.१ शिक्षा, कला भाषा तथा साहित्य ........ ३६

४.१.१ पृष्ठभूमि ........ ३६

४.१.२ समस्या तथा चुनौती ........ ३६

४.१.३ सोच ........ ३६

४.१.४ उद्देश्य ........ ३८

४.१.५ रणनीति ........ ३८

४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ३८
४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ३९
४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ३९
४.१.९ अनुमान तथा जोखिम ........ ३९
४.२ स्वास्थ्य तथा पोषण ........ ४०
४.२.१ पृष्ठभूमि ........ ४०
४.२.२ समस्या तथा चुनौती ........ ४०
४.२.३ सोच ........ ४०
४.२.४ उद्देश्य ........ ४०
४.२.५ रणनीति ........ ४०
४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४१
४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४२
४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४२
४.२.९ जोखिमपक्ष तथा अनुमान ........ ४३
४.३ खानेपानी तथा सरसरफाई ........ ४३
४.३.१ पृष्ठभूमि........ ४३
४.३.२ समस्या तथा चुनौती ........ ४४
४.३.३ सोच ........ ४४
४.३.४ उद्देश्य ........ ४४
४.३.५ रणनीति ........ ४४
४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४४
४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४५
४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४५
४.३.९ जोखिम पक्ष तथा अनुमान ........ ४६
४.४ महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण ........ ४६
४.४.१ पृष्ठभूमि ........ ४६
४.४.२ समस्या तथा चुनौती ........ ४६
४.४.३ सोच ........ ४७
४.४.४ उद्देश्य ........ ४७
४.४.५ रणनीति ........ ४७
४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४७

४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४८
४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ८२
४.४.९ जोखिम पक्ष तथा अनुमान ........ ४९
४.५. श्रम, रोजगारी तथा गरिबी निवारण ........ ४९
४.५.१ पृष्ठभूमि ........ ४९
४.५.२ समस्या तथा चुनौती ........ ४९
४.५.३ सोच ........ ५०
४.५.४ उद्देश्य ........ ५०
४.५.५ रणनीति ........ ५०
४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५०
४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५१
४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५१
४.५.९ जोखिम पक्ष तथा अनुमान ........ ५१
४.६. यूवा, खेलकुद तथा नवप्रवर्द्धन ........ **५२**
४.६.१ पृष्ठभूमि ........ ५२
४.६.२ समस्या तथा चुनौती ........ ५२
४.६.३ सोच ........ ५३
४.६.४ उद्देश्य ........ ५३
४.६.५ रणनीति ........ ५३
४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५३
४.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५४
४.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५४
४.६.९ जोखिम पक्ष तथा अनुमान ........ ५४
परिच्छेद ५ : पुवार्धार क्षेत्र ........ ५५
५.१ आवास, भवन तथा शहरी विकास ........ ५५
५.१.१ पृष्ठभूमि ........ ५५
५.१.२ समस्या तथा चुनौती ........ ५५
५.१.३ सोच ........ ५५
५.१.४ उद्देश्य ........ ५६
५.१.५ रणनीति ........ ५६
५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५६
५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५७

५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५७
५.१.९ जोखिम पक्ष तथा अनुमान ........ ५७
५.२ सडक तथा यातायात ........ ५८
५.२.१ पृष्ठभूमि ........ ५८
५.२.२ समस्या तथा चुनौती ........ ५८
५.२.३ सोच ........ ५८
५.२.४ उद्देश्य ........ **५८**
५.२.५ रणनीति ........ ५८
५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५९
५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६०
५.२.९ जोखिम पक्ष तथा अनुमान ........ ६०
५.३ जलस्रोत, विद्युत तथा वैकल्पिक उर्जा ........ ६१
५.३.१ पृष्ठभूमि ........ ६१
५.३.२ समस्या तथा चूनौति ........ ६१
५.३.३ सोच ........ ६१
.३.४ उद्देश्य ........ ६१
५.३.५ रणनीति ........ ६१
५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६२
५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६२
५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६२
५.३.९ जोखिम पक्ष तथा अनूमान ........ ६३
५.४ सूचना सञ्चार तथा प्रविधि ........ ६३
५.४.१ पृष्ठभूमि ........ ६३
५.४.२ समस्या तथा चुनौती ........ ६३
५.४.३ सोच ........ ६३
५.४.४ उद्देश्य ........ ६३
५.४.५ रणनीति ........ ६४
५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६४
५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६४
५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६५
५.४.९ जोखिम पक्ष तथा पूर्वानूमान ........ **६५**
५.५ सम्पदा पूर्वाधार ........ ६५

सभा गाउँपालिका

५.५.१ पृष्ठभूमि ........ ६५
५.५.२ समस्या तथा चुनौती ........ ६६
५.५.३ सोच ........ ६६
५.५.४ उद्देश्य ........ ६६
५.५.५ रणनीति ........ ६६
५.५.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६६
५.५.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६६
५.५.८ जोखिम पक्ष तथा पूर्वानूमान........ **६६**
५.४ पूर्न निर्माण ........ ६७
५.४.१ पृष्ठभूमि ........ ६७
५.४.२ समस्या तथा चुनौती ........ ६७
५.४.३ सोच ........ ६७
५.४.४ उद्देश्य ........ ६७
५.४.५ रणनीति ........ ६७
५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६९
५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६९
५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६९
५.४.९ जोखिम पक्ष तथा पूर्वानूमान........ **६९**

परिच्छेद ६ : वातावरण तथा विपद व्यवस्थापन ........ ६९
६.१ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन........ ६९
६.१.१ पृष्ठभूमि ........ ७०
६.१.२ समस्या तथा चुनौती ........ ७०
६.१.३ सोच ........ ७०
६.१.४ उद्देश्य ........ ७०
६.१.५ रणनीति ........ ७०
६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ७१
६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ७१
६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........७२
६.१.९ जोखिम पक्ष तथा पूर्वानूमान ........७२
परिच्छेद ७ : संस्थागत विकास तथा सूशासन क्षेत्र........ ७३
७.१ नीति, कानून, न्याय तथा सुशासन ........ ७३

मध्य गाउँपालिका

७.१.१ पृष्ठभूमि ........ ७३
७.१.२ समस्या तथा चूनौति ........ ७३
७.१.३ सोच ........ ७३
७.१.४ उद्देश्य ........ ७३
७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ७३
७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ७४
७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ७५
७.१.९ जोखिम पक्ष तथा पूर्वानूमान ........ ७५
७.२ संगठन, मानव संशाधन र क्षमता विकास ........ ७५
७.२.१ पृष्ठभूमि ........ ७५
७.२.२ समस्या तथा चूनौति ........ ७६
७.२.३ सोच ........ ७६
७.२.४ उद्देश्य ........ ७६
७.२.५ रणनीति ........ ७६
७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ७६
७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ७७
७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ७७
७.२.९ जोखिम पक्ष तथा पूर्वानूमान ........ ७८
७.३ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन ........ ७८
७.३.१ पृष्ठभूमि ........ ७८
७.३.२ समस्या तथा चूनौति ........ ७९
७.३.३ सोच ........ ७९
७.३.४ उद्देश्य ........ ७९
७.३.५ रणनीति ........ ७९
७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ७९
७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ७९
७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ८०
७.३.९ जोखिम पक्ष तथा पूर्वानूमान ........ ८०
७.४ प्रशासकीय सुशासन ........ ८०
७.४.१ पृष्ठभूमि ........ ८०
७.४.२ समस्या तथा चूनौति ........ ८०

७.४.३ सोच ........................................................................................................................................ ८१

७.४.४ उद्देश्य ........................................................................................................................................ ८१

७.४.५ रणनीति ........................................................................................................................................ ८१

७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................................................ ८१

७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ............................................................................ ८१

७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..........................................................................................८२

७.४.९ जोखिम पक्ष तथा पूर्वानूमान ........................................................................................................ ८२

अनुसूची १ : मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धि कार्यदल गठन ....................................................
८३ अनुसूची २ : मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धि मार्गदर्शन
......... ८४ अनुसूची ३ : तीन आर्थिक वर्षको खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण
र सांकेतीकरण ........................................................................................................ ९२

मष्टा गाउँपालिका

## तालिकासूची

तालिका २.१ : समष्टिगत आर्थिक मध्यमकालीन लक्ष्य १२
तालिका २.२: प्रमुख समष्टिगत नतिजा खाका १२
तालिका २.३ : समष्टिगत मध्यमकालीन वजेट खाका १४
तालिका २.४ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १६
तालिका २.५ : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १६
तालिका २.६ : लैंगिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १७
तालिका २.७ : जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १८
तालिका २.८ : विषयगत क्षेत्रको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १८
तालिका २.९ : आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण २०

मष्टा गाउँपालिका

## तालिकासूची

तालिका २.१ : समष्टिगत आर्थिक मध्यमकालीन लक्ष्य १०
तालिका २.२: प्रमुख समष्टिगत सूचक तथा मध्यमकालीन लक्ष्य १०
तालिका २.३ : त्रिवर्षीय बजेटको आय प्रक्षेपण १२
तालिका २.४ : रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण १३
तालिका २.५ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १४
तालिका २.६ : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १४
तालिका २.७ : लैंगिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १४
तालिका २.८ : जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १५
तालिका २.९ : विषयगत क्षेत्रको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १५
तालिका २.१० : आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण १६

मष्टा गाउँपालिका

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

नेपाल अधिराज्यको वर्तमान संविधानले संघ र प्रदेशलाई झै स्थानीय तहलाई पनि आफ्नो भूगोल, स्थानीय विशिष्ट आवश्यकता र समयको गति अनुसार विकासको मार्गचित्र निर्धारण गरी आवश्यक नीति, ऐन, निर्देशिका, कार्यविधि, मापदण्ड, रणनीति, कार्यक्रम र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने अधिकार दिएको छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को परिच्छेद ६ को दफा १७ मा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले दफा १६ बमोजिमको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्नेछ भनेर उल्लेख गरेको छ । त्यसैगरी, स्थानीय आवधिक योजना, क्षेत्रगत गुरुयोजना र योजना बैंक तयार गरी समष्टिगत आर्थिक परिसूचक तथा विषयगत लक्ष्य हरु निर्धारण गर्न विभिन्न मार्गदर्शनहरु प्रदान गरिएको छ । त्यस्ता उद्देश्य र लक्ष्यहरु हासिल गर्न आवश्यक लगानी तथा श्रोत व्यवस्थापनको जिम्मेवारी समेत स्थानीय तहलाई नै दिइएको छ । विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता सार्वजनिक वित्त व्यवस्थापनका आधारभुत सिद्धान्तलाई आत्मसाथ गरेर स्थानीय तहले आफ्नो आवश्यकता अनुसार पहिचान भएका योजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागि श्रोत व्यवस्थापन गर्नु पर्दछ ।

स्थानीय तहको योजना र योजना बैंकमा सूचिकृत भएका आयोजना तथा कार्यक्रमहरु वार्षिक बजेट तथा कार्यक्रममा समावेश भै श्रोत सुनिश्चितता भएपछि मात्र कार्यान्वयनमा जान्छन् । गाउँपालिकाको योजना, मध्ममकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम बीच तादात्म्यता कायम गरी मध्यमकालीन खर्च संरचना तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ । मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य खर्चको श्रोत सुनिश्चितता गर्ने, योजना र कार्यक्रमको प्राथमिकीकरण गर्ने र स्रोतको कुशलतापूर्वक योजना र कार्यक्रममा विनियोजन गरी प्रभावकारी कार्यान्वयन गर्ने हो । त्यसैले मध्यमकालीन खर्च संरचनाले योजना तथा कार्यक्रमका लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध श्रोत साधनको प्रभावकारी विनियोजन, पारदर्शीता र मितव्ययी खर्च प्रणाली अवलम्बन गरी वित्तीय सुशासनमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

यस सन्दर्भमा मष्टा गाउँपालिकाको कार्यपालिका, विषयगत समिति, मध्यमकालीन खर्च संरचना तयारी कार्यदल, विषयगत शाखासँग राय तथा परामर्श लिएर, गाउँपालिकाको वस्तुगत विवरण, अन्य सेक्टोरल योजनाहरु, गाउँपालिकाको गत वर्षको उपलब्धि समिक्षा प्रतिवेदनमा उपलब्ध सूचना र आर्थिक वर्ष २०८१/०८२ को वार्षिक कार्यक्रमलाई आधार मानिएको छ । यसै क्रममा मष्टा गाउँपालिकाले विषय विज्ञहरुको प्राविधिक सहयोगमा आगामी तीन चक्रीय वर्षको खर्च प्रक्षेपण सहित दिगो विकास लक्ष्य मैत्री मध्यमकालीन खर्च संरचना (२०८२/८३-२०८४/८५) तयार गरिएको छ ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

मध्यमकालीन खर्च संरचनामा स्थानीय सरकारको श्रोत (राजस्व, अनुदान र ऋण) को आंकलन गरिन्छ । आवधिक योजनाले निर्धारण गरेका प्राथमिकताका क्षेत्रमा मध्यम अवधिको लागि स्रोतको कुशलतापूर्वक विनियोजन गरिन्छ । योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गरिन्छ । योजना तथा कार्यक्रमको कार्यान्वयन गर्दा वित्तीय सुशासन कायम गरिन्छ । पछिल्लो समय नेपाल सरकारले विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरुमा व्यक्त गरेका प्रतिवद्धता अनुरुपमा लक्ष्य हरु (दिगो विकास लक्ष्य, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, जलवायु परिवर्तन अनुकुलन) हासिल गर्न आवश्यक योजना तथा कार्यक्रमका लागि समेत खर्च सुनिश्चित गर्ने औजारका रुपमा मध्यमकालीन खर्च संरचनालाई उपयोग गर्न थालिएको छ । यस्ता सबै

मष्टा गाउँपालिका

प्रकारका प्रतिवद्धता पूरा गर्न सहयोग पुग्नुका साथै स्थानीय आवश्यकताका आयोजना तथा कार्यक्रमका लागि पहिलो आर्थिक वर्षको वास्तविक बजेट र खर्चको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि सम्भाव्य श्रोत र खर्चको प्रक्षेपण गरिन्छ । पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धिहरुको समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन गरिन्छ भने थप एक वर्षको लागि बजेट प्रक्षेपण गरिन्छ । यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक आर्थिक वर्षको शुरुमा तीन आर्थिक वर्षको बजेटको आंकलन र प्राथमिकताका आधारमा विनियोजन गरिन्छ । त्यसैले, मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ र वित्तीय सुशासन कायम गर्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

मध्यमकालीन खर्च संरचनामा मुलतः समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन अवयवहरु समावेश गरिएका हुन्छन् । मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रमको उपलब्धि र अपेक्षित नतिजाको आधारमा स्थानीय तहसँग सम्बन्धित आर्थिक तथा सामाजिक परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका (Medium Term Fiscal Framework - MTFF) तयार गरिन्छ । स्थानीय तहलाई संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, आन्तरिक आय र ऋण तथा अन्य स्रोतको समेत आंकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत शाखा र वडागत आयोजनामा लाग्ने खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका Medium Term Budgetary Framework - MTBF) तयार गरिन्छ । त्यसै अनुसार, वार्षिक रुपमा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरी मध्यमकालीन नतिजा खाका (Medium Term Result Framework – MTRF) तयार गरिन्छ ।

## १.३ मध्यमकालीन खर्च संरचना तयारीको उदेश्य

मष्टा गाउँपालिकाले निर्माण गरेको मध्यमकालीन खर्च संरचना योजना तर्जुमा प्रक्रियाको एउटा महत्वपूर्ण औजार हो । मध्यमकालीन खर्च संरचनामा प्राथमिकता प्राप्त योजनाको लागि श्रोत साधन तथा बजेटको सुनिश्चितता गर्ने हो । मध्यम अवधिको लागि आन्तरिक र वाह्य स्रोतको वास्तविक तथा यथार्थपरक श्रोत अनुमान गरी बजेट खाका तयार गर्ने रहेको छ । मध्यमकालीन खर्च संरचनाले स्थानीय तहको सार्वजनिक खर्चलाई व्यवस्थित, प्रभावकारी वनाई अपेक्षित प्रतिफलको सुनिश्चित पनि गर्दछ। मध्यमकालीन खर्च संरचनाले बहुवर्षीय आयोजना कार्यान्वयन र खरिद व्यवस्थापनलाई सहयोग गर्ने गर्दछ ।

यसबाट गाउँपालिकाको प्राथमिकता प्राप्त योजना तथा कार्यक्रमहरुमा लगानी सुनिश्चित हुने अपेक्षा गरिएको छ। बहुवर्षीय आयोजना र दिगो विकासमैत्री कार्यक्रमहरुको कार्यान्वयनको माध्यमबाट दिगो विकासका लक्ष्य हरु हासिल गर्न सहयोग पुऱ्याउने हेतुले यसको तर्जुमा गरिएको छ । यस गाउँपालिकाले तयार गरेको दीर्घकालीन विकासको सोच, संघीय सरकार र सुदुर पश्चिम प्रदेशले निर्धारण गरेका विकास र समृद्धिका दीर्घकालिन लक्ष्यहरु प्राप्त गर्न समेत योगदान पुऱ्याउने आसा एवं विश्वास लिइएको छ ।

यस मध्यमकालीन खर्च संरचनालाई सरल र यथार्थपरक वनाउन विषयक्षेत्रगत आधारमा मध्यमकालीन लक्ष्य निर्धारण गरी सोही बमोजिम श्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिएको छ । यसबाट गाउँपालिकालाई आर्थिक वर्षहरुको बजेट तर्जुमा प्रक्रियामा समेत बढी यथार्थपरक र वस्तुनिष्ठ वनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । यसका अतिरिक्त मध्यमकालीन खर्च संरचनाको तयारीबाट निम्नानुसारको उद्देश्य हासिल हुने अपेक्षा गरिएको छ ।

(क) मध्यमकालीन खर्च संरचनालाई दिगो विकास र समृद्धिमैत्री वनाई नेपाल सरकारले निर्धारण गरेका लक्ष्य सन् २०३० सम्ममा प्राप्त गर्न सहयोग गर्ने

(ख) गाउँपालिकाको विकास र समृद्धिका लागि उपलब्ध आन्तरिक श्रोत र नेपाल सरकार तथा सुदुर पश्चिम प्रदेशबाट हस्तान्तरण भएर आउने स्रोतको वास्तविक अनुमान गरी बजेट तर्जुमा प्रक्रियालाई सहज वनाउने

(ग) स्थानीय नीति, आवधिक योजनाको लक्ष्य र उद्देश्य तथा वार्षिक बजेट तथा कार्यक्रम बीच तादात्म्यता कायम गरी श्रोत र साधनको विनियोजनलाई यथार्थपरक र प्रभावकारी वनाउने

(घ) कार्यक्रम तथा योजनाको दिगो विकास लक्ष्य तथा अन्य परिसूचक अनुरुप वर्गीकरण गरी प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रममा स्रोतको सुनिश्चितता गर्ने

(ङ) गाउँपालिकाको सार्वजनिक खर्च तथा वित्त व्यवस्थापन प्रणालीलाई बढी प्रभावकारी र नतिजामुखी वनाई लक्षित प्रतिफल प्राप्त गर्न सहयोग गर्ने

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

सार्वजनिक वित्त व्यवस्थापनमा संविधानले व्यवस्था गरेका प्रावधानहरू एवं मष्टा गाउँपालिकाको अधिकारक्षेत्र भित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दीर्घकालीन योजना, आवधिक योजना, विषयगत रणनीतिक योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्ष महत्वपूर्ण हुने भएकोले यस मध्यमकालीन खर्च संरचना तयार गर्दा तपसिल बमोजिम उल्लेखित श्रोतहरूलाई प्रमुख मार्गदर्शक तथा आधारका रुपमा लिइएको छ ।

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
- स्थानीय तहको दिगो विकास लक्ष्य मैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी स्रोत पुस्तिका, २०७९
- स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते पुस्तिका, २०७७
- नेपालको राष्ट्रिय दीर्घकालीन सोच, सोह्रौं राष्ट्रिय योजना (२०८१/८२-२०८५/८६)
- सुदुर पश्चिम सरकारको प्रदेशको प्रथम आवधिक योजना
- मष्टा गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, विषय क्षेत्रगत नीति र योजनाहरु
- मष्टा गाउँपालिकाको आ.व. २०८०/०८१ र २०८१/०८२ को नीति, कार्यक्रम, योजना र बजेट पुस्तिका
- मष्टा गाउँपालिकाको आर्थिक ऐन २०८०/०८१ र २०८१/०८२
- मष्टा गाउँपालिकाको वस्तुगत विवरण/पार्श्वचित्र (Profile), २०८१
- मष्टा गाउँपालिकाका सान्दर्भिक नीति, कानून तथा प्रतिवेदनहरु

## १.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य

दिगो विकास लक्ष्य गरीबीको अन्त्य, समग्र पर्यावरण तथा धरतीको संरक्षण र सबै मानिसमा शान्ति एवं समृद्धिको भावनाले संयुक्त राष्ट्र संघको १५ औं साधारण सभाद्वारा विश्वको साझा, दिगो र सुरक्षित भविष्यका लागि ग्रहण गरिएको विश्वव्यापी लक्ष्य हो । सहस्राब्दी विकास लक्ष्य (MDGs) मा आधारित रही तर्जुमा गरिएको दिगो विकास लक्ष्य (SDGs) मा सन २०३० सम्ममा हासिल गर्ने गरी १७ वटा विश्वव्यापी लक्ष्यहरू,

१६९ परिमाणात्मक गन्तव्य र २३२ वटा सूचक निर्धारण गरिएका छन । यी दिगो विकासका लक्ष्य हरू संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका काम, कर्तव्य अधिकार तथा दायित्वसँग प्रत्यक्ष, परोक्ष रुपमा सम्बन्धित रहेका छन । नेपाल सरकारको दीर्घकालीन सोच "समृद्ध नेपाल, सुखी नेपाली" सँग सम्बन्धित राष्ट्रिय लक्ष्य हरू पनि दिगो विकास लक्ष्य सँग प्रत्यक्ष सम्बन्धित छन् । त्यसैले, तीनै तहका (संघ, प्रदेश र स्थानीय) सरकारहरूले दिगो विकासको लक्ष्य  प्राप्तिमा प्रयत्न गर्नुपर्ने देखिएको छ । यसको अलवा, दिगो विकास लक्ष्य लाई देशको आवधिक, मध्यमकालीन खर्च संरचना तथा वार्षिक विकास योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिवद्धता जाहेर गरिएको छ ।

स्थानीय सरकार नागरिकका समस्या सम्बोधनमा प्रत्यक्ष रुपमा संलग्न हुने तथा नागरिकहरूसँग नजिकबाट जोडिएको हुनाले दिगो विकास लक्ष्य  प्राप्तिमा महत्वपूर्ण भूमिका खेल्नु पर्ने हुन्छ । सबै क्षेत्रबाट सबै प्रकारका गरिबीको अन्त्य गर्नु दिगो विकास लक्ष्य- १ हो । दिगो विकास लक्ष्य प्राप्त गर्न गरिबीको चपेटामा परेका जनताको पहिचान गर्ने तथा सार्वजनिक वित्तलाई सम्बन्धित गरिब व्यक्ति वा समुदायसम्म केन्द्रित गरी योजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण गरी नतिजाको लागि प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ ।

छिटो छरितो तथा प्रभावकारी सेवा प्रवाह, विकास र समृद्धि हासिल  गर्ने जस्ता कार्य जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएकोले दिगो विकास लक्ष्य  प्राप्त गर्न यसको स्थानीयकरण गर्ने महत्वपूर्ण अभिभारा स्थानीय तहमा रहेको छ । साथै, कुनै पनि सरकारको एकल प्रयासले मात्र दिगो विकास लक्ष्य  हासिल गर्न सम्भव छैन । यसका लागि निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, समुदाय, विकास साझेदार लगायत विकासका सरोकारवालाहरु बीचमा सहकार्य, समन्वय र साझेदारी हुन आवश्यक छ । दिगो विकासको अवधारणालाई साकार पार्न सम्बन्धित राष्ट्रको आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षणको एकीकृत प्रयत्नले मात्र सदस्य राष्ट्रले दिगो विकास लक्ष्य लाई आन्तरिकीकरण गर्न सक्दछ । अन्तर्राष्ट्रियस्तरमा सहमति भएका विकासका मुद्दामा सरकारको जिम्मेवारी पूरा गर्ने यो एउटा मूख्य माध्यम पनि हो । नेपालले चौधौं योजनादेखि नै दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरिरहेको छ । जसअनुसार आम्दानीमा वृद्धि, मानव संसाधन विकास तथा आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशको रुपमा स्तरोन्नती हुने र वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल  गर्ने रहेको छ

संघ, प्रदेश र स्थानीय स्तरमा आवधिक योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्य हरूलाई साङकेतीकरण गरी सम्बन्धित योजनाले दिगो विकास लक्ष्य प्राप्तीमा पुऱ्याउने योगदानको आँकलन गरी समग्र विकास उपलब्धीलाई दिगो विकासका लक्ष्य  प्राप्तीतर्फ उन्मुख गराउने प्रयास हुनु पर्दछ । दिगो विकास लक्ष्य  प्राप्तिको लागि प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (नमूना) जारी गरी कार्यान्वयनमा ल्याइएको अवस्था छ । यसका अलवा , दिगो विकास लक्ष्य  हासिल  गर्न प्राथमिकता प्राप्त योजना तथा कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न स्थानीय तहहरुको क्षमता विकास गरी स्थानीय आवधिक योजना तर्जुमा गर्ने, दिगो विकास लक्ष्य  प्राप्तिको लागि मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने, वार्षिक विकास कार्यक्रम तथा कुशल प्रकारले बजेट विनियोजन र नतिजामुखी कार्यान्वयन गर्नु जरुरी देखिन्छ ।

सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य प्राप्तीतर्फ उन्मुख हुने गरी लगानी नगरेसम्म दिगो विकासको अपेक्षित उपलब्धि हासिल  नहुने भएकोले दिगो विकास लक्ष्य  प्राप्तिमा सार्वजनिक वित्तको अहम भूमिका रहेको छ । लगानी विना दिगो विकास लक्ष्य  प्राप्त हुन नसक्ने हुनाले सामाजिक, आर्थिक, भौतिक विकास र वातावरण संरक्षणमा लगानीको मूख्य श्रोत सार्वजनिक वित्त भएकोले राजस्व सुधार योजना मार्फत स्थानीय तहले आम्दानी वृद्धि तथा यसका दायरा समयको गतिसँगै फराकिलो गराउदै लैजानु पर्दछ । यसो गर्नको लागि स्थानीय सरकारले प्रभावकारी (Effective) श्रोत परिचालन गरी जनताको हितको लागि नतिजा निकाल्न सक्नु पनि पर्दछ । दिगो विकास लक्ष्य को प्राप्तिका लागि नेपाललाई रु. २० खर्ब देखि २४ खर्ब रुपैंयाको वार्षिक बजेट आवश्यक पर्ने कुरा अर्थविदहरुले बताएका छन् । यसको लागि ५४.८ प्रतिशत सार्वजनिक क्षेत्र, ३६.५ प्रतिशत

निजी क्षेत्र, ४.४ प्रतिशत घरपरिवार र ४.३ प्रतिशत सहकारी तथा गैरसरकारी क्षेत्रबाट योगदान हुने प्रक्षेपण गरिएको छ ।

स्थानीय सरकारको अर्को महत्वपूर्ण कार्यक्षेत्र सामाजिक विकासको क्षेत्रमा स्थानीय तहको क्षेत्राधिकारभित्र चारवटा प्रमुख क्षेत्र पर्दछन । यसमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जस्ता पक्षहरू रहेका छन । सामाजिक विकाससँग दिगो विकास लक्ष्य का चारवटा लक्ष्य , लक्ष्य -३ (स्वस्थ जीवन), लक्ष्य -४ (गुणस्तरीय शिक्षा), लक्ष्य ५ (लैंगिक समानता तथा सामाजिक समावेशीकरण) र लक्ष्य -६ (स्वच्छ खानेपानी तथा सरसफाई) का लागि आवश्यक बजेटको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचनाको महत्वपूर्ण भूमिका रहेको छ ।

## १.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

मध्यमकालीन खर्च संरचना मूख्य गरी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तहको मध्यमकालीन खर्च संरचना दिग्दर्शन २०७८, (परिमार्जित), स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्य को साङ्केतीकरण श्रोत पुस्तिका २०७९, स्थानीय तहको दिगो विकास लक्ष्य मैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी श्रोत पुस्तिका २०७९ मा निर्देशित मार्गदर्शनमा आधारित रही तयार गरिएको छ । यसका साथै, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा समाविष्ट मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धि अवधारणा, मार्गदर्शन तथा औजारहरू समेतलाई मध्यनजर गरी तयार गरिएको छ । यसै क्रममा, यस मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा अवलम्बन गरिएका विधि तथा प्रक्रिया तपसिल बमोजिम रहेका छन् ।

### प्रक्रिया १ : परामर्शदाता संस्था छनोट एवं परिचालन

त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नको लागि मष्टा गाउँपालिकाले ह्याप्पी स्ट्रिंग एडभाईजर्स प्रा.लि. बेनी नगरपालिका ८, म्याग्दीसँग करार सम्झौता गरी सम्बन्धित क्षेत्रका विषय विज्ञ (प्राविधिक) हरुको सेवा खरिद गरी मष्टा गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न परिचालन गरियो । मध्यमकालीन खर्च संरचना तयार गर्नको लागि समय सीमा तोकी सम्पन्न गर्नुपर्ने कार्यहरु, गाउँपालिका र सम्बन्धित विषय विज्ञहरुको कार्य जिम्मेवारी प्रष्ट हुने गरी तोकियो ।

### प्रक्रिया २ : मानव संसाधन परिचालन

मष्टा गाउँपालिकाको कार्यक्षेत्रमा खटनपटन भए पछि विज्ञहरुद्धारा गाउँपालिकाका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरु तथा अन्य पदाधिकारीहरुसँग छलफल तथा परामर्श गरी दिगो विकास लक्ष्य मैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा, मध्यमकालीन खर्च संरचनाको अवधारण, यस सम्बन्धि कानूनी व्यवस्थाहरु लगायतका विषयमा जानकारी गराउने, दिगो विकासमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमाका लागि आवश्यक तथ्यांक तथा सूचना संकलन गर्ने, मध्यमकालीन खर्च संरचना तर्जुमाका लागि कार्यदल गठन् गरी आवश्यक निर्दिष्ट फारमहरु तयारी गर्ने तथा भर्ने कार्यलाई एकसाथ अघि बढाइएको थियो । यस प्रक्रियामा विज्ञ टोलीले सकेसम्म सहजीकरण गर्ने, साथ, सहयोग र परामर्श लिने भूमिका निर्वाह गर्दै गाउँपालिकाका सम्वद्ध पदाधिकारीहरुलाई पनि अधिकतम रुपमा सहभागी गराईएको थियो ।

### प्रक्रिया ३ : नीतिगत, कानूनी दस्तावेज, दिग्दर्शन लगायत अन्य सन्दर्भ सामग्री संकलन एवं समिक्षा

मष्टा गाउँपालिकामा स्थलगत रुपमा खटिएपछि विज्ञ टोलीले गाउँपालिकाको मार्गनिर्देशनमा स्थानीय तहको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन गरी अध्ययन गरेको थियो । त्यस पछि दस्तावेजहरूको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण र सान्दर्भिक दस्तावेजहरु विश्लेषण

गरियो । मध्यमकालीन खर्च संरचना तयारी गर्ने क्रममा अध्ययन एवं समिक्षा गरिएका प्रमुख सन्दर्भ सामाग्री तपसिल बमोजिम रहेका छन ।

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
- स्थानीय तहको दिगो विकास लक्ष्य मैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी स्रोत पुस्तिका, २०७९
- स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते पुस्तिका, २०७७
- नेपालको राष्ट्रिय दीर्घकालीन सोच, सोह्रौं राष्ट्रिय योजना (२०८१/८२-२०८५/८६)
- सुदुर पश्चिम प्रदेशको द्रोश्रो आवधिक योजना (२०८१/८२-२०८५/८६)
- मष्टा गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, विषय क्षेत्रगत नीति र योजनाहरु
- मष्टा गाउँपालिकाको आ.व. २०८०/०८१ र २०८१/०८२ को नीति, कार्यक्रम, योजना र बजेट पुस्तिका
- मष्टा गाउँपालिकाको आर्थिक ऐन २०८०/०८१ र २०८१/०८२
- मष्टा गाउँपालिकाको वस्तुगत विवरण/पार्श्वचित्र (Profile), २०८१
- मष्टा गाउँपालिकाका सान्दर्भिक नीति, कानून तथा प्रतिवेदनहरु

### प्रक्रिया ४ : मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा

स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धि दिग्दर्शनमा उल्लेखित विधि, ढाँचा, औजार एवं कार्ययोजना सम्वनधमा तयारी बैठकको आयोजना गरी छलफल गरियो । छलफलमा आधारित रहेर मध्यमकालीन खर्च संरचना तयारी विधि, प्रक्रिया औजार र प्रयोग हुने दस्तावेजको प्रस्तावित ढाँचा तयार गरियो । छलफलका क्रममा मष्टा गाउँपालिकाको विशिष्ट पहिचान र विशेषताका आधारमा प्राप्त भएका सुझाब तथा पृष्ठपोषणलाई विशेष महत्वका साथ समावेश गरी मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तर्जुमा गरियो

### प्रक्रिया ५ : अभिमुखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना

मध्यमकालीन खर्च संरचनाको अवधारणा, ढाँचा, प्रक्रिया, औजार र संस्थागत व्यवस्थाको सम्वनधमा मष्टा गाउँपालिकाका पदाधिकारी, विषयगत शाखाका शाखा प्रमुखहरु लगायत अन्य कर्मचारीहरु बीच साझा बुझाई तयार गर्ने एक दिवसीय अभिमुखीकरण कार्यक्रम संचालन गर्नुको अतिरिक्त ५ वटा विषय क्षेत्रमा रहेका उपशीर्षकहरुमा देखिएका समस्या तथा चुनौतीहरु र प्रत्येक उपशीर्षकहरुमा प्राथमिकता प्राप्त योजना तथा कार्यक्रमहरु पहिचान गर्न शाखा प्रमुखहरु, कर्मचारी तथा पदाधिकारीहरुको पाँच वटा समुहमा विभाजन गरी विषय विज्ञहरुको सहजीकरणमा समुह छलफल संचालन गरी समस्या तथा चुनौती, प्राथमिकता प्राप्त योजना तथा कार्यक्रमहरुको पहिचान गर्ने काम गरियो । सोही कार्यशालामा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन गरी श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र शाखाको जिम्मेवारीतथा भूमिका समेत स्पष्ट पारी कार्यादेश प्रदान गरियो । कार्यदलको विवरण अनसूची-१ मा प्रस्तुत गरिएको छ ।

### प्रक्रिया ६ : विषयगत समिति/शाखा तथा पदाधिकारीहरुसँग परामर्श

विद्यमान विषयगत रणनीतिक योजना र वार्षिक योजना र बजेट कार्यान्वयनको उपलब्धि समिक्षाका लागि विषयगत समिति/शाखा, एकाई, पदाधिकारीसँग परामर्श तथा छलफल गरियो । यस परामर्शबाट प्रमुख उपलब्धि, चालु आयोजना, सालबसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, सम्भाव्यता अध्ययन र लागत अनुमान विवरण तयार गरियो तथा कार्यक्रमको उपलब्धि समिक्षाका लागि विषयगत समिति, शाखा र एकाई परामर्श तथा छलफल गरि आवश्यक परिसूचकहरु परिभाषित गर्ने र सूचना एकीकृत गर्ने काम भयो । उक्त परामर्शबाट गाउँपालिकाले  हालसम्म हासिल गरेका प्रमुख उपलब्धि, चालु आयोजनाहरु, सालबसाली कार्यक्रमहरु, विस्तृत आयोजना प्रतिवेदन तयार भएका, सम्भाव्यता अध्ययन र लागत अनुमान भएका आयोजनाहरुको विवरण तयार गरियो । उक्त छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयार गरी हरेक आयोजनाको उप-क्षेत्रगत रुपमा श्रोत आवश्यकता निर्धारण गरियो ।

### प्रक्रिया ७ : श्रोत तथा खर्चको अनुमान र त्रिवर्षीय प्रक्षेपण

राजस्व बाँडफाँट, अन्तरसरकारी वित्तीय हस्तान्तरण लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरूको स्रोतको उपलब्धताका आधारमा आगामी तीन आर्थिक वर्षको लागि  श्रोत अनुमान तथा प्रक्षेपण गरियो भने आन्तरिक श्रोतलाई राजस्व सुधार कार्ययोजनाका आधारमा अनुमान तथा प्रक्षेपण गरियो । विगत आर्थिक वर्षहरुको विनियोजन तथा यथार्थ खर्चको अनुपात गाउँ  गौरवका आयोजना, चालु तथा बहुवर्षीय आयोजना र गाउँपालिकाका प्राथमिकता प्राप्त आयोजना र कार्यक्रम कार्यान्वयनमा प्रतिकुल असर नपर्ने गरि खर्चको अनुमान तथा प्रक्षेपण गरियो । श्रोत तथा खर्च अनुमान तथा प्रक्षेपणका आधारमा तीन वर्षको बजेट सीमा निर्धारण गरियो । यसरी तयार गरेको बजेट सीमालाई सबै विषयगत शाखामा उपक्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि मार्गदर्शन सहित उपलब्ध गराइयो ।

### प्रक्रिया ८ : विषय क्षेत्रगत आयोजनाको पहिचान र सांकेतिकरण

विषयगत शाखाका कर्मचारीको अग्रसरतामा आवश्यक छलफल गरि प्रत्येक उप-क्षेत्रका आगामी तीन आर्थिक वर्षमा सञ्चालन गरिने आयोजना तथा कार्यक्रमहरु पहिचान गर्न काम सम्पन्न भयो । पहिचान भएका आयोजनाहरुको प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र हरेक आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्ने कार्य सम्बन्धित शाखाबाट सम्पन्न भयो । त्यसपछि, मष्टा गाउँपालिकाले आयोजना तथा कार्यक्रमको प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, लैंगिक तथा जलवायु संकेतका आधारमा उप-क्षेत्रगत कार्यक्रम तथा आयोजनाको साकेतीकरण गरियो ।

### प्रक्रिया ९: विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी

स्थलगत अध्ययन तथा विषयगत शाखाहरूसँगको परामर्श र छलफल सम्पन्न गरिसकेपछि प्राप्त भएको बजेट सीमा तथा मार्गदर्शनका आधारमा तयार गरिएको विषय उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई विषयगत समितिमा छलफल गरी विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गर्ने कार्य सम्पन्न गरियो । विषयगत शाखा/एकाइ वा उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषयगत क्षेत्र मध्यमकालीन संरचना तयार गरियो । हरेक विषयगत क्षेत्रका मध्यमकालीन खर्च संरचनाका लागि नतिजा खाका र सूचक तयार गर्दा गाउँपालिकाको हालसम्म प्राप्त गरेको उपलब्धिको समीक्षाबाट प्राप्त विवरण तथा परिमाणात्मक लक्ष्यलाई आधार मानेर विषयगत क्षेत्रको स्थिति, नतिजा खाका, वित्तीय खाका र कार्यक्रम/आयोजनाहरुको सारांश तयार गरियो ।

### प्रक्रिया १० : मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी

विषयक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई कार्यदलबाट एकीकृत गरी मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरियो । तयार गरिएको मध्यमकालीन खर्च संरचनाको मस्यौदा

तयार गरी मध्यमकालीन खर्च संरचनाको मस्यौदा लाई पूर्णता दिइयो । मस्यौदा तयार गर्ने प्रक्रियामा आर्थिक, सामाजिक एवं अन्य विषयक्षेत्रगत तथ्याङ्कका लागि मष्टा गाउँपालिकाबाट प्रकाशित पार्श्वचित्र (Profile) २०८१ र शाखावाट प्राप्त तथ्यांकलाई प्रमुख आधारका रुपमा लिइएको छ भने आर्थिक स्रोतको विश्लेषणका लागि आर्थिक प्रशासन शाखाबाट लिएको सूत्र (SuTRA) को विगत आर्थिक वर्षहरूको आय-व्यय विवरणलाई प्रमुख आधारका रुपमा लिइएको छ । मध्यमकालीन खर्च संरचना अवधि (२०८२/८३ - २०८४/८५) को लागि आवश्यक स्रोतको अनुमानका लागि गाउँपालिकाका नीति, कार्यक्रम, सञ्चालित/स्वीकृत आयोजना/कार्यक्रम एवं सालबसाली कार्यक्रमहरूलाई प्रमुख आधारका रुपमा लिइएको छ ।

### प्रक्रिया ११ : मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल

मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार भएपछि गाउपालिकाका पदाधिकारी र प्रमुख प्रशासकीय अधिकृत लगायत शाखागत कर्मचारीहरु संग सुझाव लिईयो र आवश्यक सल्लाह सुझाव प्राप्त भएपछि प्रारम्भिक मस्यौदालाई आवश्यक थप सुधार गरियो ।

### प्रक्रिया १२ : मध्यमकालीन खर्च संरचनाको परिमार्जित मस्यौदा तयारी

मध्यमकालीन खर्च संरचनाको मस्यौदामा प्राप्त सुझावहरू समावेश गरेर मस्यौदाको दस्तावेजलाई आवश्यक परिमार्जन गरी अन्तिम रुप दिने कार्य गरियो । यो दस्तावेज तयारी गर्दा गाउँपालिकाको विषयक्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको समिक्षाबाट प्राप्त उपलब्धि सहितको विवरण तथा क्षेत्रगत नीतिको परिमाणात्मक लक्ष्यलाई पनि आधारको रुपमा लिइएको छ । मध्यमकालीन खर्च संरचनाको दस्तावेजमा स्थानीय तह योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)मा व्यवस्था भए बमोजिम समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाकाको साथै विषयतक्षेत्रको स्थिति, नतिजा खाका, वित्तीय योजना र कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण समावेश गरिएको छ ।

### प्रक्रिया १३: मध्यमकालीन खर्च संरचनाको स्वीकृति

माथि उल्लेखित मध्यमकालीन खर्च संरचनाका विभिन्न प्रक्रियाको पालना गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना उपर कार्यपालिकामा आवश्यक छलफल र स्वीकृति प्राप्त भएपछि गाउँ कार्यपालिकामा पेश गरी अनुमोदन भएको छ ।

मष्टा गाउँपालिका

# परिच्छेद २: मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

सार्वजनिक वित्त व्यवस्थापनका माध्यमबाट उपलब्ध सीमित श्रोतलाई कुशलतापूर्वक विनियोजन गर्न, कार्यान्वयन दक्षतामा सुधार ल्याउन तथा वित्तीय अनुशासन कायम गर्न समेत महत्वपूर्ण सहयोग पुऱ्याउने उद्देश्यले मध्यमकालीन खर्च संरचनालाई नेपालमा दशौं योजना (आ.व. २०५९/६०) देखि कार्यान्वयनमा ल्याइएको हो ।

संघीय संरचना अनुरुप वनेको अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धि कानूनले तिनै तहका सरकारले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो क्षेत्राधिकार भित्रका विषयगत क्षेत्रहरुमा हुने लगानीको अनुमानित विवरण सहित आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण झल्किने मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त संरचनामा चालु खर्च, पूँजीगत खर्च र वित्तीय ब्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत खुलाउनुपर्ने व्यवस्था छ । उक्त संवैधानिक तथा कानूनी व्यवस्था अनुसार मष्टा गाउँपालिकाले तय गरेको दीर्घकालिन सोच सहितको गाउँपालिकाले पहिचान गरेका प्राथमिकताका क्षेत्रमा आवश्यक स्रोतको विनियोजन सहित वार्षिक बजेट तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेको छ ।

संविधानले आत्मसात गरेको समाजवाद उन्मुख अर्थतन्त्रको अवधारणा, समृद्ध नेपालः सुखी नेपालीको दीर्घकालीन सोच, नेपाल सरकारको चालु सोह्रौं आवधिक योजना र सुदुर पश्चिम प्रदेश सरकारको प्रथम आवधिक योजनाका साथै यस गाउँपालिकाको रणनितिक योजनाका रणनीति तथा कार्यक्रमलाई खर्च संरचनामा आत्मसात गर्ने प्रयास गरिएको छ । संघियताको सफलता वित्तीय स्रोतको कुशल व्यवस्थापन, तीब्र आर्थिक वृद्धि एवम् विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा निर्भर रहन्छ । यसर्थ, यस मध्यमकालीन खर्च संरचना (२०८२/८३- २०८४/८५) ले मष्टा गाउँपालिकालाई त्यसतर्फ मार्गदर्शन गर्नेछ ।

मष्टा गाउँपालिकाको सम्वृद्धिका संवाहक क्षेत्रहरु, स्थानीय प्राथमिकता, दिगो विकास लक्ष्य हासिलमा योगदान पुऱ्याउने कार्यक्रम र स्थानीय तहको अधिकारक्षेत्र भित्रका अनिवार्य कार्यक्रम तथा आयोजनालाई यस खर्च संरचनामा समेट्ने प्रयास गरिएको छ ।

## २.२ चुनौती तथा अवसर

संविधान प्रदत्त अधिकारको कार्यान्वयन, दिगो विकास लक्ष्य , सोह्रौं योजना, सुदुर पश्चिम प्रदेशको प्रथम योजना र मष्टा गाउँपालिकाको को पहिलो त्रीवर्षीय योजनाको उद्देश्य हासिल गर्न, पर्यटन प्रवर्द्धन, उत्पादन, रोजगारी र आयमा दिगो वृद्धि हासिल गर्नु मष्टा गाउँपालिकाको प्रमुख चुनौती हो । राजनीतिक परिवर्तन पछिको जनआकांक्षा अनुरुप आम नागरिकको जीवनस्तरमा गुणात्मक सुधार, आर्थिक सामाजिक रुपान्तरण र सामाजिक न्याय सहितको मर्यादित जीवनयापनको वातावरण सिंर्जना गर्दै समुन्नत समाजको निर्माणको बाटोमा अगाडी लम्कने कार्य आफैमा चुनौती पूर्ण छ । यसका साथै विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ महाव्याधी लगायतका महामारीले अर्थतन्त्र र समाजमा छाडेको गहिरो डोब, बढदो् वातावरणीय असन्तुलन र जलवायु परिवर्तनको कारण सिर्जित विपदहरुको जोखिमलाई न्यूनीकरण गरी समृद्ध, सुरक्षित र परिष्कृत समाज निर्माणका लागि उपलब्ध श्रोत साधनको समुचित परिचालन अर्को चुनौती रहेको छ ।

यसका साथै व्यापक भौगोलिक विविधता सहित दशकौं देखिको स्थापित बजार केन्द्र र विकट ग्रामीण वस्तीबीच सन्तुलन कायम गर्ने विकासको मार्ग तय गर्नु मष्टा गाउँपालिकाको लागि सहज पक्कै छैन । त्यस बाहेक दिगो विकास लक्ष्य हरुले परिलक्षित गरे अनुरुप व्यवस्थित शहरीकरण, सुविधायुक्त र सुरक्षित बसोबास, स्वच्छ खानेपानी तथा स्वच्छ उर्जाको उपलब्धता र सूचना प्रविधि, कृषि तथा वनजन्य उद्यमको विविधीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धिमा अहिले व्याप्त जनसाङ्ख्यिक लाभको समुचित उपयोग गर्ने कार्य पनि स्थानीय

सरकारहरुका लागि चुनौतीको रुपमा रहेका छन् । वित्तीय संघीयताको मर्म अनुरुप स्थानीय तहको मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्नु र उपलब्ध सार्वजनिक स्रोतको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र वित्तीय अनुशासन कायम गर्नु समेत चुनौतीपूर्ण छ ।

स्थानीय तह निर्वाचन २०७९ बाट नवयुवा र ऊर्जावान जनप्रतिनिधिहरु निर्वाचित भै आउनु र स्थानीय परिवेश सुहाउने विकासका अवधारणाहरुमा व्यापक बहस प्रारम्भ हुनु यस गाउँपालिकाको लागि अवसर हो । बिगतमा आधारभुत नीति, कानून, योजना र कार्यविधिहरु तर्जुमा भएर कार्यान्वयनमा गइसकेको अवस्थामा आवश्यकता अनुसार रणनीति तथा योजना तर्जुमा गर्ने वातावरण जनप्रतिनिधिहरुका लागि सुनौलो अवसर हो । पछिल्लो समय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको तर्फबाट दिगो विकास लक्ष्य, विपद् उत्थानशीलता, जलवायु परिवर्तन अनुकुलन र वित्तीय सुशासनका क्षेत्रमा स्थानीय तहहरुलाई सहयोग र सहजीकरण गर्ने हेतुले विभिन्न दिग्दर्शन र मार्गदर्शनहरु जारी भै आवश्यकता अनुसार क्षमता विकासका कार्यक्रमहरु सञ्चालन हुनु पनि यस गाउँपालिकाको  लागि अवसरहरु हुन् ।

गाउँपालिकाले स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभ र आर्थिक संमृद्धिका संवाहक क्षेत्रको पहिचान तथा समुचित उपयोगको माध्यमद्धारा हरित उत्थानशील र समावेशी स्थानीय अर्थतन्त्र विकास गर्ने हेतुले विभिन्न विषयगत योजना तर्जुमा गरेर कार्यान्वयन शुरु गरिसकेको छ । उक्त योजनाको उपलब्धीहरुको तथ्यपरक समिक्षा गरेर आवश्यक सुधार गर्दै अगाडी बढ्न र सिकाईका आधारमा योजना तर्जुमा गरी कार्यान्वयन गर्ने अवसर पनि यस गाउँ कार्यपालिकालाई प्राप्त भएको छ ।

गाउँपालिकाको आफ्नो आन्तरिक श्रोत बाहेक संघीय सरकार, प्रदेश सरकार र विभिन्न विकास साझेदार संघसंस्थाहरुबाट समेत संघीयताको कार्यान्वयन, स्थानीय सरकारको क्षमता अभिवृद्धि र लैंगिक समता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा व्यापक सहयोग जुटिरहेको छ । त्यस्ता श्रोतहरुको समुचित परिचालन गरेर सूचना प्रविधिमैत्री युवा जनशक्तीलाई थप सिर्जनशील र उद्यमशील वनाउँदै स्वरोजगारी, उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आर्थिक सामाजिक रुपान्तरणको दिशामा अगाडि बढ्ने अवसर अहिले सिर्जना  भएको छ

## २.३ सोच, उद्देश्य तथा रणनीति

प्रस्तुत मध्यमकालीन खर्च संरचना तयार गर्दा  गाउँपालिकाको दीर्घकालीन सोचलाई प्रमुख आधारको रुपमा लिइएको छ । आवधिक योजनामा उल्लेख नभएका विवरण यस गाउँपालिकाका अन्य योजना दस्तावेजका साथै चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, नेपाल सरकारको सोह्रौ योजना, सुदुर पश्चिम सरकारको प्रथम आवधिक योजना एवं संघ, प्रदेश र यस गाउँपालिकाको  विषयगत नीतिको समेत उपयोग गरिएको छ । यस मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिहरु निम्न बमोजिम रहेका छन् ।

### २.३.१ दीर्घकालीन सोच

यस गाउँपालिकाको दीर्घकालीन सोच अनुसार गाउँपालिकाको विकासको लक्ष, उद्धेश्य, प्राथामिकताको क्षेत्र परिभाषित गर्ने प्रयास गरिएको छ ।

### २.३.२ मष्टा गाउँपालिकाको विकास लक्ष्य

मष्टा गाउँपालिकाको आवधिक योजना समृद्ध र सुखी गाउँपालिकाको दीर्घकालीन सोच प्राप्त गर्ने आधार योजनाको रुपमा तयार गरिएको छ । मौलिक संस्कृति तथा प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गरदै व्यावसायिक कृषि, दिगो पर्यटन लगायत आर्थिक, सामाजिक, पूर्वाधार र सुशासनको विकास गरी आय र रोजगारीका माध्यमवाट नागरिकको जिवनस्तरमा गुणात्मक वृद्धि गर्ने । गाउँपालिकाको समष्टिगत विकासको

मूल लक्ष्य रहेको छ । पर्यटन, खनिज, जडिवुटी खेती तथा यस क्षेत्रको दिगो विकास मार्फत उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्दै गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा रोजगारी प्रवर्द्धन एवम् प्रभावकारी विपद् जोखिम न्यूनीकरण गरी समृद्ध र सुन्दर मष्टा गाउँपालिका निर्माण गर्ने र **"मष्टा गाउँपालिका बासीको आय र जीवनस्तरमा गुणात्मक र दिगो सुधार ल्याउने"** यस गाउँपालिकाको लक्ष्य रहेको छ ।

### २.३.३ मष्टा गाउँपालिकाको विकास उद्देश्य

यस गाउँपालिकाको विकासका उद्देश्यहरु निम्न बमोजिम रहेका छन् ।

१. गाउँपालिकामा विद्यमान जल, जमिन, जङ्गल, खनिज तथा जडिबुटीको समुचित उपयोगको वातावरण निर्माण गर्दै यान्त्रिक उपकरणसहितको व्यावसायिक कृषि र उद्यमशीलताको विकासको माध्यमबाट स्थानीय सम्भावनाका आधारमा स्वरोजगार तथा आय आर्जनका अवसरहरुको सिर्जना गरि समुदायको जिवन स्तरमा सुधार गर्न सहयोग गर्नु
२. वातावरण मैत्री दिगो भौतिक पूर्वाधार विकासको माध्यमवाट पर्यटन लगायत आर्थिक, सामाजिक विकासको आधारशिला तयार गर्नु ।
३. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, दलित, जेष्ठ नागरिक, युवा, लगायत समाजका विपन्न समुदायहरू लगायत सम्पूर्ण नागरिकको संवैधानिक अधिकार सुनिश्चित गर्नु ।
४. गाउँपालिकाको प्राकृतिक तथा सांस्कृतिक वातावरणीय धरोहरहरुको संरक्षण तथा संवर्द्धन गर्नुका साथै प्राकृतिक एवं सामाजिक जोखिमहरुवाट उत्पन्न विपदहरुको समुचित व्यवस्थापन गर्ने
५. विधि र प्रक्रियाको स्थापना र विकास गर्दै गाउँपालिका र अन्य सरोकारवाला निकायहरुको कार्य सम्पादनको गुणस्तर जवाफदेहिता र पारदर्शिता अभिवृद्धि भएको गर्ने

### २.३.४ मष्टा गाउँपालिकाको विकास रणनीति

मष्टा गाउँपालिकाको लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न आर्थिक, सामाजिक, पूर्वाधार, वन, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत सुशासनकोक्षेत्र विकासलाई समेटिने गरी क्रमशः निम्नानुसारका प्रमुख रणनीति अवलम्बन गरको छ ।

- नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन बमोजिम प्राप्त एकल तथा साझा अधिकारहरुको सुव्यवस्थित एवं समन्वयात्मक प्रयोग र अभ्यास गरी संघीयता प्रबर्द्धन गर्न आवश्यक नीति, कानून, कार्यविधि, संरचना तथा मापदण्डहरु निर्माण गरी कार्यान्वयन नियमन र अनुगमन गर्ने
- संविधान प्रदत्त अधिकार तथा कार्य जिम्मेवारीको अधिनमा रही संघ र प्रदेश बीच सहअस्तित्व समन्वय र सहकार्यको अवधारणा अनुसार जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने
- कृषि, पर्यटन, खनिज तथा पशुजन्य उपजको व्यावसायीकरण, विविधीकरण , स्थानीय सीप स्रोतमा आधारित साना तथा घरेलु उद्योग कृषि, पर्यटन र वनजन्य उद्यम व्यावसायको विकास गरी रोजगारीको सृजना र दिगो आय वृद्धि गर्ने
- गुणस्तरीय र व्यावसायिक शिक्षा, आधारभूत स्वास्थ्य, मानसिक स्वास्थ्य, स्वच्छ खानेपानी, सामाजिक सुरक्षा तथा सशक्तिकरणद्वारा स्वास्थ्य, सिर्जनशिल र सीपयुक्त मानव संशाधनको विकास गर्ने
- व्यवस्थित यातायात पूर्वाधार, बजार, आवास, स्वच्छ उर्जा तथा संचार पूर्वाधारको विकासद्वारा अन्तरआवद्धता विकास र सेवा सुविधास्तर र पहुँच वृद्धि गर्ने

- लैंगिक समानता तथा सामाजिक समावेशीकरण, सुशासन, जलवायु अनुकुलन, विपद व्यवस्थापन, सुशासन तथा सदाचार प्रवर्द्धन जस्ता विषयलाई स्थानीय विकासका सबै प्रक्रियामा एकीकृत गरी विकास नतिजालाई समावेशी, उत्थानशील र दिगो वनाउने
- युवा, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक, दलित र कमजोर समुदायको क्षमता अभिवृद्धि गर्ने
- भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिबृद्धिमा सघाउ पुऱ्याउने

## २.४ मध्यमकालीन आर्थिक खाका

**"समृद्ध नेपाल र सुखी नेपाली"** को राष्ट्रिय सोच तथा संकल्प, गण्डकी प्रदेशको **" आत्म निर्भर र समुन्नत प्रदेश: सुखी प्रदेशवासी "** को सोच र मष्टा गाउँपालिकाको विकासको सोच तथा लक्ष्य अनुरुप आर्थिक वर्ष २०८२/८३-२०८४/८५ को मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ। सो अनुसार आगामी ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिका नं. २.१ मा प्रस्तुत गरिएको छ।

**तालिका २.१: समष्टिगत मध्यमकालीन आर्थिक लक्ष्य**

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | ०८०/८१ सम्मको उपलब्धि | ०८१/ ८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | वार्षिक उत्पादन | रु.लाखमा | | | | | |
| | कृषि क्षेत्र | रु.लाखमा | | | | | |
| | गैर कृषि क्षेत्र | रु.लाखमा | | | | | |
| २ | औसत पारिवारिक आय (वार्षिक) | रु.हजारमा | ४२१ | ४६१ | ४९८ | ५३६ | ५७० |
| ३ | गाउँपालिकामा दर्ता भएका उद्यम व्यावसाय | संख्या | २६७ | २७३ | २७९ | २८५ | २९१ |
| ४ | व्यावसायिक क्षेत्रको रोजगारी | संख्या | ५३४ | ५५५ | ५७६ | ५९७ | ६१७ |
| ५ | आफ्नो उत्पादनले वर्षभरी खानपुग्ने परिवार | प्रतिशत | २२ | २३ | २५ | २८ | ३२ |

श्रोत: मध्यमकालीन खर्च संरचना सर्भेक्षण २०८१

## २.५ मध्यमकालीन नतिजा खाका

नेपाल सरकारको १६ औं आवधिक योजना तथा मष्टा गाउँपालिकाको विद्यमान आवधिक योजनाले लिएको समष्टिगत तथा विषयगत लक्ष्य प्राप्ति गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका तर्जुमा गरिएको छ। सो खाकामा विगत आर्थिक वर्षहरुको उपलब्धि र चालु आर्थिक वर्ष २०८१/८२ को अनुमानित उपलब्धिको आधारमा आगामी आ.व. २०८२/८३ को लक्ष्य निर्धारण गरिएको छ। खर्च संरचनामा समावेश दोश्रो र तेश्रो वर्षको लक्ष्य वर्तमान आवधिक योजना र विगत वर्षहरुको उपलब्धिका साथै प्रस्तावित आयोजना तथा कार्यक्रमहरुको अपेक्षित नतिजाको आधारमा निर्धारण गरिएको छ। मष्टा गाउँपालिकाको मध्यमकालीन समष्टिगत नतिजा खाका तालिका २.३ मा प्रस्तुत गरिएको छ।

**तालिका २.२: समष्टिगत मध्यमकालीन नतिजा खाका**

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०८०/८१ सम्मको उपलब्धि | २०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | प्रतिव्यक्ति खाद्यान्न उत्पदन (केजी) | के.जी. | ४५८ | ४७० | ४८२ | ४९४ | ५१० |
| २ | कृषि पकेट क्षेत्र | संख्या | ३ | ४ | ५ | ६ | ७ |
| ३ | कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरी सिचाइ सुविधा उपलब्ध जमिन | प्रतिशत | ११ | ११.५ | १२ | १२.५ | १३ |
| | निरपेक्ष गरिबीको दर | प्रतिशत | २२ | २१ | २० | १९ | १८ |
| ४ | साक्षरता दर (१५ वर्ष माथिको) | प्रतिशत | ६८.८१ | ७० | ७२ | ७४.५ | ७७ |
| ५ | आधारभूत तह (१-८) खुद भर्ना दर | प्रतिशत | ९७.७४ | ९७.८५ | ९८.२० | ९८.६० | ९९ |
| ६ | माध्यमिक तह (९-१२) खुद भर्ना दर | प्रतिशत | ८७ | ८९ | ९१ | ९३ | ९५ |
| ७ | संस्थागत सुत्केरी गराउने गर्भवती महिला | प्रतिशत | २७ | ३४ | ४१ | ४८ | ५५ |
| ८ | ४ पटकसम्म नियमित गर्भजाँच गराउने महिला | प्रतिशत | ३३ | ३ | ४५ | ४९ | ५५ |
| ९ | ५ वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्म) | जना | ० | ० | ० | ० | ० |
| १० | कुपोषणको अवस्था (५ वर्ष मुनीका औसतभन्दा कम तौल हुने बालबालिका) | प्रतिशत | ६ | ५ | ४ | ३ | २ |
| ११ | आधारभुत खानेपानी (पाईप धारा)को पहुँच पुगेको घरपरिवार | प्रतिशत | ६५ | ६७ | ६९ | ७२ | ७५ |
| १२ | सेफ्टी ट्यांकी सहितको सौचालय भएको घरपरिवार | प्रतिशत | ५८ | ६० | ६२ | ६४ | ६६ |
| १३ | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | | | | | |
| १४ | स्वच्छ उर्जा (विद्युत)मा पहुँच प्राप्त घरपरिवार | प्रतिशत | ५५ | ६० | ६५ | ७० | ७५ |
| १५ | इन्टरनेट र इमेल लगायत सूचना प्रविधिमा पहूँच भएका जनसंख्या (मोवाईल डेटावाट समेत ) | प्रतिशत | ६७ | ६४ | ६८ | ७२ | ७६ |
| १६ | हरियाली (वन) क्षेत्र | प्रतिशत | २७.३१ | २७.३६ | २७.४१ | २७.४६ | २७.५१ |
| १७ | महिला हिंसाका उजुरी (वार्षिक) | संख्या | १० | ८ | ६ | ४ | २ |
| १८ | कुल बजेटमा आन्तरिक स्रोतको हिस्सा | प्रतिशत | ०.६२ | ०.६४ | ०.६६ | ०.६८ | ०.७० |
| १९ | स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (कुल औसत प्राप्तांक) | प्रतिशत | ८२.२५ | ८४ | ८६ | ८८ | ९१ |

श्रोत: मध्यमकालीन खर्च संरचना सर्भेक्षण २०८१

## २.६ मध्यमकालीन बजेट खाका

मष्टा गाउँपालिकाको त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रमको प्रवृत्ति, वार्षिक योजना तथा कार्यक्रमहरूको प्राथमिकता, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मूख्य आधारका रुपमा लिइएको छ । गाउँपालिकाका गौरबका आयोजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित

हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ । क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवं उपलब्धतालाई मध्यनजर गरिएको छ। मध्यम अवधिको श्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति र विपदबाट श्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरूमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरूलाई ध्यान दिइएको छ। विगत आर्थिक वर्षहरूको यथार्थ आय तथा खर्च, आर्थिक वर्ष २०८१/८२ को बजेट तथा विनियोजनका आधारमा खर्च संरचनाको पहिलो वर्षको राजस्व तथा खर्च आँकलन गरिएको छ । प्रक्षेपणका क्रममा गाउँपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई प्रर्याप्त श्रोत व्यवस्था गरिएको छ । आन्तरिक श्रोत, राजस्व बाँडफाँडबाट उपलब्ध हुने श्रोत र आवश्यकता समेतका आधारमा अन्य कार्यक्रम तथा प्रशासनिक खर्च अनुमान गरिएको छ । नेपाल सरकार र प्रदेश सरकारबाट राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, रोयल्टी (वन तथा अन्य) र आन्तरिक श्रोत समेतका आधारमा गाउँपालिकालाई प्राप्त हुने राजस्व प्रक्षेपण गरिएको छ । नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान रकम नेपाल सरकार र प्रदेश सरकारबाट गत वर्षमा प्राप्त भएको रकमको आधारमा अनुमान तथा प्रक्षेपण गरिएको छ । यस आधारमा गाउँपालिकाको गत तीन वर्षको यथार्थ आय र आगामी तीन वर्षको अनुमान तथा प्रक्षेपण तपसिल बमोजिम रहेको छ ।

**तालिका २.३ : समष्टिगत मध्यमकालीन बजेट खाका**

| विवरण | २०८०/८१ को यथार्थ | २०८१/८२को | आय अनुमान र प्रक्षेपण | | | ३ बर्षको जम्मा |
|---|---|---|---|---|---|---|
| | | संशोधित अनुमान | २०८२/८३ अनुमान | २०८३/८४ प्रक्षेपण | २०८४/८५ प्रक्षेपण | |
| **१. आय अनुमान** | **३८८२८८.६१** | **४५४६९६.७४** | **५००१६६.४१** | **५५०१८३.०५** | **६०५२०१.३५** | **१६५५५५०.८१** |
| **संघिय सरकार** | **३०८८१२.५१** | **३३३०४१.००** | **३६६३४५.१०** | **४०२९७९.६१** | **४४३२७७.५७** | **१२१२६०२.२८** |
| समानिकरण अनुदान | ८७९७८.०० | ९५०००.०० | १०४५००.०० | ११४९५०.०० | १२६४४५.०० | ३४५८९५.०० |
| शसर्त अनुदान चालु | १६६८२५.८६ | १८४४४१.०० | २०२८८५.१० | २२३१७३.६१ | २४५४९०.९७ | ६७१५४९.६८ |
| सशर्त अनुदान पुजीगत | १४१७१.४३ | १८१००.०० | १९९१०.०० | २१९०१.०० | २४०९१.१० | ६५९०२.१० |
| विशेष अनुदान चालु | ४९७१.२१ | ११०००.०० | १२१००.०० | १३३१०.०० | १४६४१.०० | ४००५१.०० |
| विशेष अनुदान पूजीगत | २२९७०.२५ | १४५००.०० | १५९५०.०० | १७५४५.०० | १९२९९.५० | ५२७९४.५० |
| सम्पुरक अनुदान पुजीगत | ११८९५.७६ | १००००.०० | ११०००.०० | १२१००.०० | १३३१०.०० | ३६४१०.०० |
| **प्रदेश सरकार** | **२५५२५.११** | **३२३१९.००** | **३५५५०.९०** | **३९१०५.९९** | **४३०१६.५९** | **११७६७३.४८** |
| समानिकरण अनुदान | ७९०६.०० | ८४१९.०० | ९२६०.९० | १०१८६.९९ | ११२०५.६९ | ३०६५३.५८ |
| शशर्त अनुदान चालु | ४०३५.४७ | २५५०.०० | २८०५.०० | ३०८५.५० | ३३९४.०५ | ९२८४.५५ |
| शर्सत अनुदान पूजीगत | ६७०६.४६ | ७४००.०० | ८१४०.०० | ८९५४.०० | ९८४९.४० | २६९४३.४० |
| विशेष अनुदान चालु | २३७७.२० | ५५००.०० | ६०५०.०० | ६६५५.०० | ७३२०.५० | २००२५.५० |
| सम्पुरक अनुदान पुजीगत | ४४९९.९८ | ८४५०.०० | ९२९५.०० | १०२२४.५० | ११२४६.९५ | ३०७६६.४५ |
| **राजस्व वाडफाड** | **४७६१९.०५** | **८०२००.००** | **८८२२०.००** | **९७०४२.००** | **१०६७४६.२०** | **२९२००८.२०** |
| वाडफाड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ४६६८९.०० | ५८८३१.०५ | ६४७१४.१५ | ७११८५.५७ | ७८३०४.१२ | २१४२०३.८५ |

| विवरण | २०८०/८१ को यथार्थ | २०८१/८२को संशोधित अनुमान | आय अनुमान र प्रक्षेपण | | | ३ बर्षको जम्मा |
|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ अनुमान | २०८३/८४ प्रक्षेपण | २०८४/८५ प्रक्षेपण | |
| वाडफाडवाट प्राप्त हुने सवारी साधन कर | ९३०.०५ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| वाडफाट भै प्राप्त हुने अन्त शुल्क | | २१३६८.९५ | २३५०५.८५ | २५८५६.४३ | २८४४२.०८ | ७७८०४.३५ |
| **आन्तरिक श्रोत** | **६३३१.९३** | **९१३६.७४** | **१००५०.४१** | **११०५५.४५** | **१२१६०.९९** | **३३२६६.८५** |
| भूमी कर मालपोत कर | ३.०३ | ३००.०० | ३३०.०० | ३६३.०० | ३९९.३० | १०९२.३० |
| वहाल कर | २८.४१ | १५०.०० | १६५.०० | १८१.५० | १९९.६५ | ५४६.१५ |
| अन्य कर | १४२६.०६ | २००.०० | २२०.०० | २४२.०० | २६६.२० | ७२८.२० |
| अन्य प्रशासनिक सेवा शुल्क | २३५.०० | ५००.०० | ५५०.०० | ६०५.०० | ६६५.५० | १८२०.५० |
| सिफारिश दस्तुर | ५८०.६२ | ७००.०० | ७७०.०० | ८४७.०० | ९३१.७० | २५४८.७० |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ११८.७० | २००.०० | २२०.०० | २४२.०० | २६६.२० | ७२८.२० |
| नाता प्रमाणित दस्तुर | ७.२० | १५०.०० | १६५.०० | १८१.५० | १९९.६५ | ५४६.१५ |
| वैक मौज्दात | ३९३२.९२ | ६९३६.७४ | ७६३०.४१ | ८३९३.४५ | ९२३२.७९ | २५२५६.६५ |
| २. खर्च अनुमान | **३९९३९६.२७** | **४५४६९६.७४** | **५००१६६.४१** | **५५०१८३.०६** | **६०५२०१.३६** | **१६५५५५०.८३** |
| चालु खर्च | २९३७३३.८४ | ३४३१२८.७४ | ३७७४४१.६१ | ४१५१८५.७८ | ४५६७०४.३५ | १२४९३३१.७४ |
| पुँजीगत खर्च | १०५६६२.४३ | १११५६८.०० | १२२७२४.८० | १३४९९७.२८ | १४८४९७.०१ | ४०६२१९.०९ |
| वित्तीय व्यवस्था | | | ०.०० | ०.०० | ०.०० | ०.०० |
| वचत वा न्यून | -११२०७.६६ | | | | | |

श्रोत: मध्यमकालीन खर्च संरचना सर्वेक्षण २०८१

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँड

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण तपसिल बमोजिम रहेको छ ।

**क. प्राथमिकताक्रमको आधारमा बाँडफाँट**

योजना अवधिभर सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरूलाई प्रथम प्राथमिकता प्राप्त (P1) र द्वितीय प्राथमिकताप्राप्त (P2) गरी २ वटा प्राथमिकता क्रममा वर्गीकरण गरिएको छ । यसअनुसार पहिलो प्राथमिकताप्राप्त आयोजनाको सङ्ख्या ४३ रहेको छ भने दोस्रो प्राथमिकता प्राप्त आयोजनाको सङ्ख्या २० वटा रहेको छ । मष्टा गाउँपालिकाको आ.व. २०८२/८३ को अनुमानित बजेट र तत्पश्चात दुई आर्थिक वर्षको प्रक्षेपित बजेट तालिका नं. २.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.४ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| प्राथमिकता क्रम | आयोजना/ कार्यक्रम संख्या | ०८२/८३ को व्यय अनुमान | | ०८३/८४ को खर्च प्रक्षेपण | | ०८४/८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्राथमिकता पहिलो ( P1) | ४३ | ३५०११६.२ | ७० | ३८५१२८ | ७० | ४२३६५४१ | ७० |
| प्राथमिकता दोश्रो (P2) | २० | १५००४९.८ | ३० | १६५०५५ | ३० | १८१५६६० | ३० |
| जम्मा | ६३ | ५००१६६ | १०० | ५५०१८३ | १०० | ६०५२२०१ | १०० |

श्रोत: मध्यमकालीन खर्च संरचना सर्वेक्षण २०८१

## ख. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट

दिगो विकास अवधारणका कूल १७ वटा लक्ष्य /सङ्केतहरूमध्ये, सङ्केत नं. १४ (जमिनमुनिको जीवन) बाहेकका अन्य १६ वटै लक्ष्य /सङ्केतहरूमा यस मध्यमकालीन खर्च संरचनाले बजेट विनियोजन गरेको छ। सामाजिक सुरक्षा अन्तर्गतको बजेटले गाउँपालिकाको समग्र बजेटको ठूलो हिस्सा ओगट्ने भएकाले यसले सम्बन्धित दिगो विकास लक्ष्य /सङ्केत अन्तर्गतको बजेट हिस्सालाई उल्लेख्य रुपमा बढाएको छ। गाउँपालिकाका विभिन्न क्षेत्रहरूमा विपन्नता उल्लेख्य मात्रामा भएको र विपन्नता उल्लेख्य भएको स्थानमा सामाजिक सुरक्षाको रकमले भोकमरी न्यूनीकरणमा महत्वपूर्ण योगदान गर्ने भएकाले यो रकमलाई यही शीर्षक अन्तर्गत साङकेतीकरण गरिएको छ। समग्रमा दिगो विकास लक्ष्य  बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण निम्नानुसार तालिका नं. २.५ मा प्रस्तुत गरिएको छ।

**तालिका २.५ : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| संकेत नम्बर | दिगो विकासका लक्ष्यहरु | आयोजना/ कार्यक्रम | ०८२/८३ को व्यय अनुमान | | ०८३/८४ को खर्च प्रक्षेपण | | ०८४/८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ३ | १२९०४ | २.५८ | १४१९५ | २.५८ | १५६१४.१९ | २.५८ |
| २ | शून्य भोकमरी | २ | ४५०१ | ०.९ | ४९५२ | ०.९ | ५४४६.८०९ | ०.९ |
| ३ | स्वस्थ्य जीवन | १० | ४५१६५ | ९.०३ | ४९६८२ | ९.०३ | ५४६४९.६५ | ९.०३ |
| ४ | गुणस्तरीय शिक्षा | ११ | १९८०६६ | ३९.६ | २१७८७२ | ३९.६ | २३९६५९.६ | ३९.६ |
| ५ | लैंगिक समानता | ५ | ११००८ | २ | ११००४ | २ | १२१०४.०२ | २ |
| ६ | सफा पानी र स्वच्छता | १ | ११००८ | ३ | १६५०५ | ३ | १८१५६.०३ | ३ |
| ७ | आधुनिक उर्जामा पहुँच | २ | २३१२ | ०.४२ | २३११ | ०.४२ | २५४१.८४४ | ०.४२ |
| ८ | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | ४ | ११४५४ | २.२९ | १२५९९ | २.२९ | १३८५९.१ | २.२९ |
| ९ | उद्योग, नविन खोज र पूर्वाधार | २ | १०४६ | ०.१९ | १०४५ | ०.१९ | ११४९.८८२ | ०.१९ |

| संकेत नम्बर | दिगो विकासका लक्ष्यहरु | आयोजना/ कार्यक्रम | ०८२/८३ को व्यय अनुमान | | ०८३/८४ को खर्च प्रक्षेपण | | ०८४/८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १० | असमानता न्यूनीकरण | ३ | ७७५३ | १.५५ | ८५२८ | १.५५ | ९३८०.६१६ | १.५५ |
| ११ | दिगो शहर र समुदाय | ६ | ८६२२९ | १७.२४ | ९४८५२ | १७.२४ | १०४३३६.७ | १७.२४ |
| १२ | दिगो उपभोग र उत्पादन | १ | २१५१ | ०.४३ | २३६६ | ०.४३ | २६०२.३६४ | ०.४३ |
| १३ | जलवायु परिवर्तन अनुकुलन | ४ | ४९५२ | ०.९९ | ५४४७ | ०.९९ | ५९९१.४९ | ०.९९ |
| १४ | पानी मुनीको जिवन | ० | ० | ० | ० | ० | ० | ० |
| १५ | जमिन माथिको जीवन | ३ | १४२०५ | २.८४ | १५६२५ | २.८४ | १७१८७.७१ | २.८४ |
| १६ | शान्ति, न्यायपूर्ण र सशक्त समाज | ४ | ७४३७५ | १४.८७ | ८१८१२ | १४.८७ | ८९९९३.३९ | १४.८७ |
| १७ | दिगो विकासका लागि साझेदारी | २ | १३०३९ | २.०७ | ११३८९ | २.०७ | १२५२७.६६ | २.०७ |
| | **जम्मा** | ६३ | ५००१६६ | १०० | ५५०१८३ | १०० | ६०५२०१ | १०० |

श्रोत: मध्यमकालीन खर्च संरचना सर्भेक्षण २०८१

## ग. लैंगिक सङ्केतको आधारमा बाँडफाँट

यो योजना अवधिभर सञ्चालन हुने कार्यक्रम तथा आयोजनाहरूलाई नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७ अनुसार सम्बन्धित आयोजना तथा कार्यक्रमले लैङ्गिक समानताका लागि पुऱ्याउन सक्ने योगदानका आधारमा तीन तहमा वर्गीकरण गरिएको छ। यस अनुसार महिला तथा बालबालिकाप्रति स्पष्टरूपमा लक्षित आयोजना तथा कार्यक्रमलाई निर्दिष्ट तहमा वर्गीकृत गरी सङ्केत १ प्रदान गरिएको छ भने महिला सशक्तीकरण तथा लैङ्गिक समानताप्रति उत्तरदायी तथा सोका लागि सहज वातावरणको सिर्जना गर्नेखालका आयोजना तथा कार्यक्रमलाई सहयोगी तहमा वर्गीकृत गरी सङ्केत २ प्रदान गरिएको छ। तर, महिला सशक्तिकरण तथा लैङ्गिक समानताका अवरोधहरूको पहिचान नगर्ने वा सम्बोधन नगर्ने आयोजना तथा कार्यक्रमलाई तटस्थ तहमा वर्गीकरण गरी सङ्केत ३ प्रदान गरिएको छ। यसअनुसार आगामी तीन आ.व.मा सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरूको विस्तृत विवरण अनुसूची- १ मा प्रस्तुत गरिएको छ। यस अनुसार लैंङ्गिक सङ्केत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपणको सारांश तालिका नं. २.८ मा प्रस्तुत गरिएको छ।

**तालिका २.६ : लैंगिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| लैंगिक संकेत | आयोजना/ कार्यक्रम संख्या | ०८२/८३ को व्यय अनुमान | ०८३/८४ को खर्च प्रक्षेपण | ०८४/८५ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिष्ट (१) | १० | २९४१० | ५.८८ | ३२३५०.७६ | ५.८८ | ३५५८६ | ५.८८ |
| सहयोगी (२) | २५ | २२९४७६ | ४५.८८ | २५२४२४ | ४५.८८ | २७७६६६ | ४५.८८ |
| तटस्थ (३) | २८ | २४१२८० | ४८.२४ | २६५४०८.३ | ४८.२४ | २९१९४९ | ४८.२४ |
| जम्मा | ६३ | ५००१६६ | १०० | ५५०१८३ | १०० | ६०५२०१ | १०० |

### घ. जलवायु सङ्केतको आधारमा बाँडफाँट

आगामी तीन वर्षमा कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रमहरूलाई जलवायु परिवर्तन अनुकूलन तथा पर्नसक्ने असर न्यूनीकरणका दृष्टिकोणले अत्यन्त सान्दर्भिक, सान्दर्भिक र तटस्थ गरी तीन तहमा वर्गीकरण गरिएको छ। प्रस्तावित आयोजना कार्यक्रमको ५० प्रतिशतभन्दा बढी बजेट जलवायु परिवर्तनसँग सम्बन्धित भएमा अत्यन्त सान्दर्भिक स्तरमा वर्गीकरण गरी तिनलाई बजेट सङ्केत १ प्रदान गरिएको छ । त्यसैगरी, प्रस्तावित आयोजना तथा कार्यक्रमको २०-५० प्रतिशत सम्म बजेट जलवायु परिवर्तनसँग सम्बन्धित भएमा सान्दर्भिक स्तरमा वर्गीकरण गरी तिनलाई बजेट सङ्केत २ प्रदान गरिएको छ । प्रस्तावित आयोजना तथा कार्यक्रमको २० प्रतिशत भन्दा कम बजेट जलवायु परिवर्तनसँग सम्बन्धित भएमा वा प्रस्तावित आयोजना कार्यक्रम जलवायु परिवर्तनसँग सम्बन्धित नभएमा तटस्थ स्तरमा वर्गीकरण गरी उक्त आयोजना तथा कार्यक्रमहरूलाई बजेट सङ्केत ३ प्रदान गरिएको छ। आगामी तीन वर्षको अवधिमा सञ्चालन गर्न प्रस्तावित आयोजना कार्यक्रमहरूलाई जलवायु सङ्केत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.७ : जलवायु सङ्केतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| जलवायू संकेत | आयोजना/कार्यक्रम संख्या | ८२/८३ को व्यय अनुमान | | ८३/८४ को खर्च प्रक्षेपण | | ८४/८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| अत्यन्त सान्दर्भिक १ | ११ | ३९३१३.०५ | ७.८६ | ४३२४४.३८ | ७.८६ | ४७६२९ | ७.८७ |
| सान्दर्भिक २ | २० | १६६०५५.१ | ३३.२ | १८२६६०.८ | ३३.२ | २००९२७ | ३३.२ |
| तटस्थ ३ | ३३ | २९४७९७.८ | ५८.९४ | ३२४२७७.९ | ५८.९४ | ३५६७०५ | ५८.९४ |
| **जम्मा** | ६४ | ५००१६६ | १०० | ५५०१८३ | १०० | ६०५२०१ | १०० |

**ङ. विषय क्षेत्रको आधारमा बाँडफाँटः**

विषयगत क्षेत्रका आधारमा आगामी तिन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तलिका २.८ मा प्रस्तुत छ ।

**तालिका २.८ : विषयगतक्षेत्रको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| विषगत क्षेत्र | | आर्थिक विकास क्षेत्र | सामाजिक विकास क्षेत्र | पूवार्धार विकास क्षेत्र | वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र | सुशासन तथा अन्तर सम्वनिधत क्षेत्र | कार्यालय संचालन र प्रशासन | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| २०८०/८१ को यर्थाथ | रकम | ३४७८८.६८ | २१५१५०.३४ | ५२१७३.८० | 0.00 | १५६२६.४४ | ८१६५७.०२ | ३९९३९६.२८ |
| | प्रतिशत | ८.७१ | ५३.८७ | १३.०६ | 0.00 | ३.९१ | २०.४५ | १००.०० |
| २०८१/८२ को संशोधीत अनुमान | रकम | ३३५६४.०० | २२०३३४.०० | ७८७६०.०० | 0.00 | ३०४२२.०० | ९१६१६.७३ | ४५४६९६.७३ |
| | प्रतिशत | ७.३८ | ४८.४६ | १७.३२ | 0.00 | ६.६९ | २०.१५ | १००.०० |
| २०८१/८२ को अनुमान | रकम | ३६९२०.४० | २४२३६७.४० | ८६६३६.०० | 0.00 | ३३४६४.२० | १००७७८.४० | ५००१६६.४० |
| | प्रतिशत | ७.३८ | ४८.४६ | १७.३२ | 0.00 | ६.६९ | २०.१५ | १००.०० |
| २०८२/८३ को प्रक्षेपण | रकम | ४०६१२.४४ | २६६६०४.१४ | ९५२९९.६० | 0.00 | ३६८१०.६२ | ११०८५६.२४ | ५५०१८३.०४ |
| | प्रतिशत | ७.३८ | ४८.४६ | १७.३२ | 0.00 | ६.६९ | २०.१५ | १००.०० |
| २०८३/८४ को प्रक्षेपण | रकम | ४४६७३.६८ | २९३२६४.५५ | १०४८२९.५६ | 0.00 | ४०४९१.६८ | १२१९४१.८७ | ६०५२०१.३५ |
| | प्रतिशत | ७.३८ | ४८.४६ | १७.३२ | 0.00 | ६.६९ | २०.१५ | १००.०० |
| २०८४/८५ को प्रक्षेपण | रकम | ४९१४१.०५ | ३२२५९१.०१ | ११५३१२.५२ | 0.00 | ४४५४०.८५ | १३४१३६.०५ | ६६५७२१.४८ |
| | प्रतिशत | ७.३८ | ४८.४६ | १७.३२ | 0.00 | ६.६९ | २०.१५ | १००.०० |
| २०८२/२०८३ देखि २०८४/२०८५ गरी तिन वर्षको जम्मा | रकम | १३४४२७.१८ | ८८२४५९.७० | ३१५४४१.६८ | 0.00 | १२१८४३.१५ | ३६६९३४.१७ | १८२११०५.८७ |
| | प्रतिशत | ७.३८ | ४८.४६ | १७.३२ | 0.00 | ६.६९ | २०.१५ | १००.०० |

श्रोत: मध्यमकालीन खर्च संरचना सर्भेक्षण २०८१

## २.८ विषय उपक्षेत्रगत बाँडफाँड

विषय उपक्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.९ मा प्रस्तुत गरिएको छ। विषय उपक्षेत्रगतका आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धि विवरण अनुसूची ३ समावेश गरिएको छ ।

आर्थिक वर्ष २०८२/८३ को विनियोजन र त्यसपछिका दुई वर्षको बजेट प्रक्षेपण विषय उपक्षेत्रगत नतिजा, विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय उपक्षेत्रगत अनुमानित बजेट परिच्छेद ३ देखि परिच्छेद ७ सम्म प्रस्तुत गरिएको छ ।

मष्टा गाउँपालिका

## तालिका २.९ : आगामी तीन आ.व.को विषय उपक्षेत्रगत खर्चको बाँडफाँड तथा प्रक्षेपण (रकम रु. हजारमा)

| विषय क्षेत्र/उपक्षेत्र | आ.व. २०८१/८२ संशोधित अनुमान | | | आ.व. २०८२/८३ अनुमान | | | आ.व. २०८३/८४ प्रक्षेपण | | | आ.व. २०८४/८५ प्रक्षेपण | | | तिन आ.व.को जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालू | पूँजीगत | कुल | चालू | पूँजीगत | कुल | चालू | पूँजीगत | कुल | चालू | पूँजीगत | कुल | चालू | पूँजीगत |
| **आर्थिक क्षेत्र** | **३३०६४** | **२०८६४** | **१२२००** | **३६३७०** | **२२९५०** | **१३४२०** | **४०००७** | **२५२४५** | **१४७६२** | **४४००८** | **२७७७०** | **१६२३८** | **१२०३८६** | **७५९६६** | **४४४२०** |
| कृषि, पशुपंक्षि विकास तथा खाद्य सुरक्षा | १८९९४ | १७७९४ | १२०० | २०८९३ | १९५७३ | १३२० | २२९८३ | २१५३१ | १४५२ | २५२८१ | २३६८४ | १५९७ | ६९१५७ | ६४७८८ | ४३६९ |
| उद्योग तथा व्यापार | २३९० | २३९० | | २६२९ | २६२९ | ० | २८९२ | २८९२ | ० | ३१८१ | ३१८१ | ० | ८७०२ | ८७०२ | ० |
| सहकारी | २३० | २३० | | २५३ | २५३ | ० | २७८ | २७८ | ० | ३०६ | ३०६ | ० | ८३७ | ८३७ | ० |
| पर्यटन | १३०० | ३०० | १००० | १४३० | ३३० | ११०० | १५७३ | ३६३ | १२१० | १७३० | ३९९ | १३३१ | १९०३ | १०९२ | ३६४१ |
| जलश्रोत तथा सिंचाई | १०१५० | १५० | १०००० | १११६५ | १६५ | ११००० | १२२८२ | १८२ | १२१०० | १३५१० | २०० | १३३१० | ३६९५६ | ५४६ | ३६४१० |
| **सामाजिक क्षेत्र** | **२२०३३४** | **२०२१३४** | **१८२००** | **२४२३६७** | **२२२३४७** | **२००२०** | **२६६६०४** | **२४४५८२** | **२२०२२** | **२९३२६५** | **२६९०४०** | **०** | **८०२२३६** | **७३५९७०** | **६६२६६** |
| शिक्षा कला भाषा तथा साहित्य | १५३५९५ | १५३५९५ | | १६८९५५ | १६८९५५ | ० | १८५८५० | १८५८५० | ० | २०४४३५ | २०४४३५ | ० | ५५९२३९ | ५५९२३९ | ० |
| स्वास्थ्य तथा पोषण | ३१८०९ | ३१८०९ | | ३४९९० | ३४९९० | ० | ३८४८९ | ३८४८९ | ० | ४२३३८ | ४२३३८ | ० | ११५८१७ | ११५८१७ | ० |
| महिला वालवालिका तथा समाज कल्याण | १२३५५ | १२३५५ | | १३५९१ | १३५९१ | ० | १४९५० | १४९५० | ० | १६४४५ | १६४४५ | ० | ४४९८५ | ४४९८५ | ० |
| यूवा तथा खेलकुद | २१५० | २१५० | | २३६५ | २३६५ | ० | २६०२ | २६०२ | ० | २८६२ | २८६२ | ० | ७८२८ | ७८२८ | ० |
| सामाजिक सुरक्षा तथा संरक्षण | २२२५ | २२२५ | | २४४८ | २४४८ | ० | २६९२ | २६९२ | ० | २९६१ | २९६१ | ० | ८१०१ | ८१०१ | ० |
| खानेपानी तथा सरसफाई | १८२०० | | १८२०० | २००२० | | २००२० | २२०२२ | | २२०२२ | २४२२४ | | २४२२४ | ६६२६६ | ० | ६६२६६ |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **पूवार्धार क्षेत्र** | **७८७६०** | **२२०** | **७८५४०** | **८६६३६** | **२४२** | **८६३९४** | **९५३००** | **२६६** | **९५०३३** | **१०४८३०** | **२९३** | **१०४५३७** | **२८६७६५** | **८०१** | **२८५९६४** |
| बस्ती विकास, भवन आवास तथा शहरी विकास सडक तथा यातायात | २४०९० | | २४०९० | २६४९९ | ० | २६४९९ | २९१४९ | ० | २९१४९ | ३२०६४ | ० | ३२०६४ | ८७७१२ | ० | ८७७१२ |
| विद्युत तथा बैकल्पिक उर्जा | ४०३० | ३० | ४००० | ४४३३ | ३३ | ४४०० | ४८७६ | ३६ | ४८४० | ५३६४ | ४० | ५३२४ | १४६७३ | १०९ | १४५६४ |
| सम्पदा पूर्वाधार | ११६५ | १९० | १०८७५ | १२१७२ | २०९ | ११९६३ | १३३८९ | २३० | १३१५९ | १४७२८ | २५३ | १४४७५ | ४०२८८ | ६९२ | ३९५९६ |
| पून निर्माण | ३९५७५ | | ३९५७५ | ४३५३३ | ० | ४३५३३ | ४७८८६ | ० | ४७८८६ | ५२६७४ | ० | ५२६७४ | १४४०९३ | ० | १४४०९३ |
| **वन तथा वातावरण क्षेत्र** | **५००** | **५००** | **०** | **५५०** | **५५०** | **०** | **६०५** | **६०५** | **०** | **६६६** | **६६६** | **०** | **१८२१** | **१८२१** | **०** |
| वन पार्क हरियाली र भूसंरण, नदी नियन्त्रण | ५०० | ५०० | | ५५० | ५५० | ० | | ६०५ | ० | | ६६६ | ० | १८२१ | १८२१ | ० |
| **सुशासन तथा अन्तर सम्वन्धित क्षेत्र** | **३०४२२** | **३०४२२** | **०** | **३३४६४** | **३३४६४** | **०** | **३६८११** | **३६८११** | **०** | **४०४९२** | **४०४९२** | **०** | **११०७६७** | **११०७६७** | **०** |
| विपद व्यवस्थापन | ४४७० | ४४७० | | ४९१७ | ४९१७ | ० | ५४०९ | ५४०९ | ० | ५९५० | ५९५० | ० | १६२७५ | १६२७५ | ० |
| मानव संशाधन विकास | २३७० | २३७० | | २६०७ | २६०७ | ० | २८६८ | २८६८ | ० | ३१५४ | ३१५४ | ० | ८६२९ | ८६२९ | ० |
| शान्ति तथा सुव्यवस्था | ० | | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| कानुन तथा न्याय | ० | | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| शासन प्रणाली र प्रशासकिय सुशासन | १५५१९ | १५५१९ | | १७०७१ | १७०७१ | | १८७७८ | १८७७८ | | २०६५६ | २०६५६ | | ५६५०५ | ५६५०५ | ० |

मष्टा गाउँपालिका

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| श्रम तथा रोजगारी र गरिवी निवारण | ७७१३ | ७७१३ | | ८४८४ | ८४८४ | | ९३३३ | ९३३३ | | १०२६६ | १०२६६ | | २८०८३ | २८०८३ | ० |
| अनुगमन तथा मूल्यांकन | ३५० | ३५० | | ३८५ | ३८५ | | ४२४ | ४२४ | | ४६६ | ४६६ | | १२७४ | १२७४ | ० |
| कार्यालय संचालन तथा प्रशासनिक | ९१६१७ | ८८९८९ | २६२८ | १००७७८ | ९७८८८ | २८९१ | ११०८५६ | १०७६७६ | ३१८० | १२१९४२ | ११८४४४ | ३४९८ | ३३३५७७ | ३२४००८ | ९५६९ |
| **जम्मा** | **४५४६९७** | **३४३१२९** | **१११५६८** | **५००१६६** | **३७७४४२** | **१२२७२५** | **५५०१८३** | **४१५१८६** | **१३४९९७** | **६०५२०१** | **४५६७०४** | **१२४२७३** | **१६५५५५१** | **१२४९३३२** | **४०६२१९** |

मष्टा गाउँपालिका

# परिच्छेद ३ : आर्थिक क्षेत्र

यस परिच्छेदमा कृषि, पशुपालन तथा खाद्य सुरक्षा, सिंचाई, पशु विकास, उद्योग तथा व्यापार, पर्यटन तथा संस्कृति, जलश्रोत तथा सिंचाई जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति सहित नतिजा खाका, त्रिवर्षीय खर्च तथा श्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमानित जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ३.१ कृषि तथा खाद्य सुरक्षा

### ३.१.१ पृष्ठभूमि

मष्टा  गाउँपालिका जिल्लाको उत्तर पश्चिममा रहेको गाउँपालिका हो । नेपालको संघीय शासन प्रणाली अनुसार राज्य पुर्नसंरचनामा स्थानीय तहको सिमांकन गर्दा यो गाउँपालिका साविकका ४ वटा गा.वि.स.हरुलाई गाभेर वनाइएको हो । यो गाउँपालिका धार्मिक तथा सांस्कृतिक रुपमा विशिष्टता र विविधता बोकेको गाउँपालिका हो । यस गाउँपालिकाको राष्ट्रिय जनगणना प्रतिवेदन, २०७८ अनुसार कूल जनसंख्या १३२६५ रहेको छ । पुरुषको जनसंख्या ६११५ रहेको छ भने महिलाको जनसंख्या ७१५० प्रतिशत रहेको छ। यस गाउँपालिकामा कूल घरधुरी २४४५ रहेका छन्। गाउँपालिकामा औसत साक्षरता दर ६८.४  प्रतिशत रहेको छ। पुरुष साक्षरता ७९.७  प्रतिशत छ भने महिलाको साक्षरता दर ५८.९ प्रतिशत रहेको छ।

यो गाउँपालिकामा धेरै जनसंख्या क्षेत्री र वाह्मण जातिको छ भने त्यस पछि दलित जातिको रहेका छन् । दुर-दुर इलाकामा देखिने सुन्दर पहाड, धार्मिक हिसावले गाउँपालिकाको नामाकरण भएको मष्टा मन्दिर रहेको छ ।  पहाडी बस्तीमा गरिने आलु, धान, मकै, फापर, जौ, कोदो खेती र सुन्तला खेती त्यसमा देखिने सुन्दरता तथा शान्त, सफा र निर्मल वातावरणमा रमाउनेहरुका लागि उपहार जस्तै लाग्ने वातावरण मष्टा गाउँपालिकाको आफ्नै विशेष पहिचान हो । मष्टा गाउँपालिकाले १०९ वर्ग किलोमिटर भूभाग ओगटेको छ।

गाउँपालिकाका अधिकांश घरपरिवारको मूख्य पेशा कृषि पेशा नै रहेको छ।  ऐतिहासिक काल देखिनै यहाँका मानिसहरु कृषि उत्पादन प्रति आश्रित रहेका छन् । यहाँ ठूला ठूला पहाड र भिरालो जमिन भएकोले खेतीयोग्य जमिन कम रहेको छ । मध्यम स्तरको हावापानी भएका कारण यस क्षेत्रमा धान खेती समेत हुन्छ । सिंचाई सुविधा र मध्यमस्तरको हावापानी भएका कारण कृषि उत्पादन र आत्म निर्भर अर्थतन्त्र निर्माणको लागि प्रमुख संवाहकहरु मध्ये एक हो । गाउँपालिकाको कूल उत्पादन मध्ये धान २० प्रतिशत, मकै १० प्रतिशत, कोदो ४० प्रतिशत, गहुँ २० प्रतिशत अन्य जातका वाली १० प्रतिशत रहेको रहेको छ । यस यस गाउँपालिकामा सामान्यतया धान, मकै, कोदो, फापर, गहुँ, जौ, दाल, बोडी, आलु, मास, गहत, रैथाने प्रजातीको गुंरास रामतोरिया, सिमी, भटमास, केराउ, उखु, उत्पादन हुने गरेको छ । फलफूलमा ओखर, किवी, कागति, सुन्तला, आरु, आरुपखडा, केरा, अम्वा, खुपार्नी र नास्पती र मौरी पालनको संम्भावना रहेको छ । सुन्तला, खुर्पानी, एभोकार्डो, किवी, कागती, केरा आदि उत्पादन हुने गरेका छन् । हरियो सागसब्जीमा रायोको साग, पालुङो, वन्दा, काउली, गाजर, मुला, सलगम आदि उत्पादन हुन्छ भने मसलादीमा, खुर्सानी, धनिया, लसुन, प्याज, बेसार, टिमुर आदि उत्पादन हुन्छ। गाउँपालिकामा १७२ वटा कृषक समुहहरु रहेका छन् ।

पशुपन्छी पालन मष्टा  गाउँपालिका क्षेत्रको आर्थिक गतिविधि मध्ये एक हो । यस गाउँपालिका क्षेत्रमा उन्नत जातका गाई, भैंसी तथा स्थानीय जातका भैंसी, बाखा, वाखामा खरी, वोयर, जमुनापारी, कालो स्थानीय जातको सिनाल जातको वाखा भेडा, खरायो तथा विभिन्न जातका पंक्षीहरू कुखुरा, हाँस, परेवा,

कालिज आदिको प्रवल सम्भावना रहेको छ। गाई, भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुन सकेको खण्डमा पशुपालन व्यवसायबाट आर्थिक उपार्जन बढाएर लैजान सकिने सम्भावना रहेको छ गाउँपालिकाको सबै वडाहरूलाई खास खास किसिमका पशुपंक्षीको पकेट क्षेत्र घोषणा गरी सोही अनुसार किसानहरूलाई आवश्यक पर्ने प्राविधिक तथा सीप तालिम सहयोग र बजारीकरण सहयोग गर्न सकेमा पशुपंक्षी पालनका क्षेत्रमा मष्टा गाउँपालिका आत्मनिर्भर भै पशुपंछी पालनबाट स्वरोजगारी वन्ने, रोजगारीका अवसर सिंजना गरी आम्दानी बढाउन सकिने सम्भावना रहेको छ।

### ३.१.२ समस्या तथा चुनौती

जमिनको उर्वरा शक्ति घट्दै गएको यस गाउँपालिकामा पछिल्लो समय कृषिमा प्रयोग भएको क्षेत्रफल संकुचित हुँदै गएको छ। सडक निर्माण तथा भवन आवास निर्माणको गतिले गर्दा खेतीयोग्य जमिन घट्दै गएको पाइन्छ।

बजारको अभाव, वार्है महिना सडक तथा यातायातको सुविधा नहुनु, स्वास्थ्य सेवामा पहुँच पुऱ्याउन आन्तरिक बसाइसराइ वढ्दै गैरहेको छ। यसले गर्दा खेतीमा आश्रित कृषकको संख्या घट्दै गएको छ भने यूवाहरु भारत तर्फ र अन्य मूलुकहरुमा रोजगारीको लागि जाने दर पनि बढ्दै गएको छ। आन्तरिक बसाइसराई तथा युवा रोजगारीको अवसरको लागि शहर तथा विदेश पलायन हुनेक्रम जारीनै रहेकोले गाउँवस्तीका कृषियोग्य जमिन बाँझो रहेको र कृषि उत्पादन र जमिनको उत्पादकत्व वृद्धिमा समस्या देखिएको छ। समयको विकासक्रमसंगै हिजोको आत्मनिर्भर समाज आज आएर कृषि उपज आयात गरेर जीविकोपार्जन गर्ने अवस्थामा पुगेको देखिन्छ। गाउँपालिका क्षेत्रमा कृषि उपज संकलन केन्द्र नहुनु, बजार अनुगमन संयन्त्र प्रभावकारी नहुनु, कृषि उत्पादनको बजारीकरणमा स्थानीय तहले सहयोगी भूमिका निर्वाह गर्न नसक्नु, कृषि उत्पादन र बजारीकरणमा सहकारी संस्थाहरू प्रभावकारी हुन नसक्दा कृषि पेशा सम्मानित र फलदायी हुन सकेको छैन। त्यसैले गर्दा युवा पलायनको अवस्था देखिएको छ।

अर्को तर्फ जलवायु अनुकुलित बाली प्रणालीको अभ्यासको कमी, सुरक्षित भण्डारणका लागि चिस्यान केन्द्रहरु नहुनु, बालीनालीमा रोग तथा किराहरूको प्रकोप बढ्दै जानु, गुणस्तरीय मल, बिऊ र कृषि सामग्रीहरु सुपथ मूल्यमा उपलब्ध नहुनुले कृषि उत्पादन र उत्पादकत्व वृद्धि हुन सकेको छैन।

सरकारको तर्फबाट प्रदान गरिने कृषि प्रसार सेवा, कृषि सूचना, कृषि बिमा र सर्वसुलभ कृषि ऋणको सहजीकरण जस्ता कार्यक्रम ग्रामीण कृषकहरूसम्म सहजरुपमा नपुग्नु, दिगो रुपमा बजारीकरणको अभ्यास हुन नसक्नु, उत्पादनको न्यूनतम समर्थन मूल्य तोक्न नसक्नु, कृषकलाई क्षतिपूर्ति दिने व्यवस्था नहुनु, कृषिमैत्री ढुवानी प्रणाली नहुनु, वास्तविक कृषकसम्म सहुलियत तथा अनुदान नपुग्नु जस्ता समस्या र चुनौतीहरू कृषि क्षेत्रमा रहेका छन।

तीनै तहका सरकारबाट प्राप्त हुने अनुदान तथा सहयोग वास्तविक किसान समक्ष पुग्नु पर्दछ तर अनुदान सहयोग लिनको लागि अनुदान लिने हिसावले मात्र आउने भएकोले सरकारी अनुदान र सहयोग वास्तविक किसान सम्म पुग्न नसकेको अवस्था छ। गाउँपालिकामा केन्द्रित (हालमा वडामा समेत पशु स्वास्थ्य टेक्निसियन समेतको व्यवस्था गर्न थालिएको) पशु प्राविधिक भएकाले किसानहरूको माग अनुसार सेवा उपलब्ध गराउन कठीन छ। त्यसैगरी, पशुपालन पेशा सम्मानित हुन नसक्नु, र लगानीमैत्री नहुँदा उन्नत जातका पशुपालनको विकास विस्तार हुन नसक्नु पनि चुनौतीका रुपमा रहेको छ।

उत्पादित वस्तु बजारीकरणमा बिचौलियाहरूको हावी हुनाले कृषकले उचित मूल्य प्राप्त गर्न सकेका छैनन्। पशु विकास सेवाका लागि पर्याप्त मात्रमा बजेटको उपलब्धता हुन नसक्नु जस्ता समस्याहरू पशुपंक्षी विकास क्षेत्रमा व्याप्त छ। पशुपंक्षी बिमा सेवा प्रभावकारी रुपमा विस्तार हुन नसक्नु, घाँसबाली

रोपण, संरक्षण र विस्तार गर्न नसक्नाले पशुको लागि चाहिने आहाराको अभाव समय समयमा खड्किएको छ। पशु आहारका लागि स्थानीय रूपमा दाना तथा घाँसको उत्पादनमा कमी रहेको छ। उन्नत नश्लका पशुपन्छीपालन, पशुपन्छीका लागि बिमा अनुदान, सहुलियतपूर्ण पशु पालन ऋणको व्यवस्थामा कमी हुनुका साथै पशुपालनमा समेत मासु, दूध, अण्डामा आत्मनिर्भर हुन सकेको छैन। पशुआहारका लागि उन्नत घाँसको बीउ तथा डालेघाँसको उत्पादनमा कमी रहेको छ। कृषि उत्पादनको लागि कृषकलाई साथ सहयोग गर्न नसक्नाले उत्पादन वृद्धि हुन सकेको छैन भने उत्पादित दुध, घिऊ, ऊन, मासु, अण्डाले बजार पाउन नसक्नु पनि एउटा ठूलो चुनौतीको रुपमा रहेको छ।

### ३.१.३ सोच

“उत्पादनशील दिगो तथा व्यावसायिक, कृषि तथा गाउँपालिकाको समृद्धिको आधार; पशुपंक्षी पालन र उन्नत प्रविधि र पूर्वाधार”

### ३.३.४ उद्देश्य

१. पशुपंक्षी पकेट क्षेत्र घोषणा गरी उत्पादन र बजारीकरणलाई सबल वनाउने
२. युवा तथा निजीक्षेत्रलाई पशुपंक्षी र मत्स्य विकासका क्षेत्रमा संलग्न हुन प्रोत्साहन गर्ने
३. पशुपंक्षी तथा मत्स्यपालन व्यवसायलाई प्रविधिमैत्री र प्रतिस्पर्धी वनाउने
४. विद्यमान जीवननिर्वाहमुखी पशुपालनलाई आधुनिक, व्यावसायिक र नाफामूलक व्यवसायका रूपमा रुपान्तरण गर्नु
५. कृषिलाई उद्योगसँग जोड्दै रोजगारीका अवसर सिर्जना गर्ने
६. कृषिलाई नाफामूलक, दिगो र सम्मानित व्यवसायको रुपमा रुपान्तरण गर्ने कृषि प्रणालीलाई आधुनिक प्रविधिसंग जोड्ने र जलवायु परिवर्तन अनुकुलन कृषि उत्पादन प्रणालीको क्रमशः विकास गर्दै जाने

### ३.३.५ रणनीति

१. गाउँपालिकाको सबै वडाहरूलाई सम्भाव्यताका आधारमा स्थानीय हावापानी, भू-वनोट, प्राकृतिक स्रोत र बजारको आधारमा व्यावसायिक पकेट क्षेत्र निर्माण गर्ने
२. महिला, युवा तथा अन्य लक्षित समुदायका लागि राहत तथा उद्यममा आकर्षित गरी पशु उद्यममा आकर्षित गर्ने।
३. यस क्षेत्रमा यान्त्रीकरण र प्रविधि हस्तान्तरण मार्फत उत्पादकत्व अभिवृद्धि गर्ने
४. स्थानीय प्रजातिका पशुपन्छीहरूको संरक्षण र सम्वर्द्धन गरी मासु एवम दूध उत्पादन वृद्धि गर्ने।
५. पशुजन्य उत्पादनको प्रशोधन र गुणस्तर परीक्षण गरी उद्यमशीलता तथा बजारीकरण सुनिश्चितता गर्ने
६. वडा तहसम्म भौतिक पूर्वाधार तथा कार्यक्रम बजेट सहितको पशुपक्षी सेवा एकाइ विस्तार गर्ने
७. कृषि उत्पादनलाई लघु, घरेलु तथा साना उद्योगसँग जोड्ने नीति तर्जुमा गरी कृषक र पर्यटन व्यवसायीको बीचमा समन्वय र सहकार्य गर्ने वातावरण तयार गर्ने
८. तुलनात्मक लाभ हुनसक्ने कृषि उत्पादनलाई जोड दिदै बजार माग अनुसार वस्तु तथा सेवाको प्रभावकारी बजारीकरणमा जोड दिने
९. कृषि यान्त्रीकरण र व्यावसायीकरण का लागि प्रविधि र वातावरणमैत्री कृषि प्रणालीको विस्तार गर्ने।

### ३.३.६ क) पशुपालन तर्फका नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

मध्यमकालीन लक्ष्य आवधिक योजना र प्रस्तावित कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार यस उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य निम्नानुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| व्यावसायिक पशुपालन पकेट क्षेत्र | संख्या | १ | १ | २ | २ | ३ |
| व्यावसायिक पशु फर्मको संख्या | संख्या | ११४ | ११७ | १२८ | १३८ | १४८ |
| वार्षिक दुधको उत्पादन | मे.टन | २६८ | २७० | २७२ | २७४ | २७६ |
| वार्षिक मासु उत्पादन | मे.टन | ११३ | ११५ | ११७ | ११८ | १२० |
| वार्षिक अण्डा उत्पादन (हजारमा) | संख्या | ३७.९६ | ३८ | ३९ | ४० | ४१ |
| नश्ल सुधार, आहार, स्वास्थ्य तथा बिमा सहितको प्राविधिक सेवा प्राप्त गर्ने पशुपंछी तथा मत्स्य पालक | प्रतिशत | ८० | ८१ | ८३ | ८५ | ८६ |
| व्यावसायिक पशुपालनमा महिला युवा र लक्षित समुहको उपस्थिति | प्रतिशत | ३६ | ३७ | ३८ | ४० | ४२ |
| वडा तहमा पशु सेवा ईकाइको स्थापना | संख्या | ७ | ७ | ७ | ७ | ७ |
| वार्षिक प्रतिव्यक्ति औसत दुध उपभोग | लिटर | ६४ | ६५ | ६६ | ६७ | ६८ |
| वार्षिक औसत प्रतिव्यक्ति मासु उपभोग | के.जी | १२ | १२ | १२ | १३ | १३ |
| अर्गानिक र वातावरणमैत्री खेती प्रणालीको अवलम्बन भएको क्षेत्र | प्रतिशत | ७१ | ७३ | ७५ | ७७ | ८० |
| कृषक वर्गीकरण र परिचयपत्र वितरण गरिएका वडा | संख्या | ० | २ | ७ | ७ | ७ |
| कूल कृषि भूमिमध्ये खेति गरिएको क्षेत्रफल | रोपनी | १३३६५ | १३९६० | १४७०० | | १५५०० |
| स्थानीय उत्पादनले पूरा गर्ने ताजा तरकारी र कृषि उपजहरुको माग | प्रतिशत | ७० | ७१ | ७३ | ७४ | ७५ |
| प्रमुख खाद्यान्न बालीहरुको औसत उत्पादकत्व ( प्रति हेक्टर) | मे.टन | २.१ | २.३ | २.४ | २.६ | २.८ |
| कृषि उत्पादनको पकेट क्षेत्र | संख्या | ४ | ५ | ६ | ७ | ७ |
| चक्लावन्दी र यान्त्रिकीकरण भएको कृषि भूमि (क्षेत्रफल) | प्रतिशत | २ | ४ | ६ | ८ | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| गाउँपालिकामा दर्ता भएका कृषि उद्योग/फर्महरु | संख्या | २६७ | २७२ | २८० | २८५ | २९१ |

### ३.३.७ विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

प्राप्त बजेट सीमा तथा मार्गदर्शन, प्रस्तावित कार्यक्रम तथा आयोजनाको उद्देश्य र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि, खाद्य सुरक्षा तथा पशुपंछी उपक्षेत्रको खर्च र उक्त स्रोतको त्रिवर्षीय अनुमान निम्नानुसार प्रस्तुत गरिएको छ।

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | २०८९३ | १९५७३ | १३२० | ० | ४२० | १६७८८ | ३६८६ | ० |
| २०८३/८४ | २२९८३ | २१५३१ | १४५२ | ० | ४६२ | १८४६७ | ४०५४ | ० |
| २०८४/८५ | २५२८१ | २३६८४ | १५९७ | ० | ५०८ | २०३१३ | ४४६० | ० |

### ३.३.८ आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण

आयोजना तथा कार्यक्रमको उद्देश्य, अवधि, लागत र अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण निम्नानुसार प्रस्तुत गरिएको छ।

**क) कृषि तथा खाद्य सुरक्षा तर्फ**

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | कृषि भूमी चक्लावन्दी, टनेल खेती र यान्त्रीकरण कार्यक्रम | कृषिको लागत घटाई कृषि व्यवसायमा प्रोत्साहन गर्नु, | सालबसाली | १४३२५ | १५ % कृषियोग्य भूमिमा यन्त्र उपकरण प्रयोगमा आउनेछ। |
| २ | कृषक वर्गीकरण , विउ वैंक मार्फत सामुहिक विउ उत्पादन कार्यक्रम र व्यावसायिक कृषि प्रवर्द्धन कार्यक्रम | कृषि क्षेत्रको व्यावसायीकरण , उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु, | सालबसाली | ४२३५ | उत्पादकत्व २०% ले बृद्धि हुनेछ र व्यावसायिक कृषकहरु २०% ले बढ्नेछन् । |
| ३ | कृषि उत्पादनको बजारीकरण, हाट बजार स्थापना र आपूर्ती श्रृंखला सवलिकरण कार्यक्रम | कृषि उपजको बजारको विकास र विस्तार गर्नु | सालबसाली | ३४४२ | कृषि उपज संकलन केन्द्र १ वटा र हाट बजार स्थापना १ वटा गरी कृषि उपजको विक्री सुनिश्चित हुनेछन्। |
| ४ | कृषि प्रसार, संचार, प्रविधि हस्तान्तरण तथा नियमन कार्यक्रम | आधुनिक प्रविधि तथा सूचनामा कृषकको पहुँच वृद्धि गर्नु | सालबसाली | ४००५५ | १० नयाँ प्रविधि प्रदर्शन हुनेछन् |

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ५ | रैथाने वाली संरक्षण, गहत, स्थानीय गुरांस जातको दलहन वाली लगायतको अन्य रैथाने वाली गर्न प्रोत्साहन तथा अनुदान तथा प्रांगारिक र वातावरणमैत्री बाली प्रवर्द्धन कार्यक्रम | रैथाने वालीको संरक्षण, प्रांगारिक र वातावरणमैत्री उत्पादनमा वृद्धि गर्नु | सालबसाली | २७२८ | प्रांगारिक र वातावरणमैत्री खेती अवलम्बन भएको क्षेत्रफल १०% पुगेको हुनेछ |
| | **जम्मा** | | | ६४७८५ | |

**ख) पशुपालन तर्फः**

| क्र.सं. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कूल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पशुपालन व्यवसायको आधुनिकीकरण कार्यक्रम (नश्ल सुधार, ल्याव स्थापना | पशुपक्षीपालन व्यवसायलाई आधुनिक व्यावसायिक वनाउनु | सालबसाली | ८१७ | वार्षिक ४०० पशुपक्षीको उपचार तथा ३० उन्नत नश्लका पशु वितरण भई २०० उन्नत नश्लका पशु उत्पादन भएका हुने र १८ व्यावसायिक पशुपक्षी फर्म लाभान्वित भएका हुने |
| २ | पशुपक्षी रोग नियन्त्रण, बिमा, क्षमता अभिवृद्धि लगायत नियमित पशु सेवा कार्यक्रम | पशुपक्षीको मृत्युदर घटाउनु, कृषकको जोखिम बहन क्षमता वृद्धि गर्नु | सालबसाली | २५१० | १०० वटा पशुपक्षीको बीमा भएको हुने र कर्मचारी तथा कृषक गरी कुल २०० जनाको क्षमता अभिवृद्धि भएको हुने |
| ३ | पकेटक्षेत्र विस्तार र पूर्वाधार विकास कार्यक्रम | यस क्षेत्रमा निजी लगानी आकर्षित गर्नु | सालबसाली | १०४५ | व्यावसायिक फार्मका १०% ले वृद्धि हुनेछ र तथा पशुपालन पकेट क्षेत्रको संख्या ३ हुनेछ। |
| | **पशुपालन तर्फ जम्मा** | | | ४३७२ | |

### ३.३.९ जोखिम पक्ष तथा अनुमान

संघीय शासन प्रणाली अनुसार तीन तह (संघ, प्रदेश र स्थानीय तह) का सरकारका नीति, योजना तथा कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा कृषि पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ। यस गाउँपालिकाको ग्रामीण क्षेत्रमा वैदेशिक रोजगारबाट प्राप्त पुँजी कृषि व्यवसायमा परिचालन हुनेछ। सक्षम युवाहरु सीपमा आधारित तथा कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन्।

कृषि, प्रविधि, मल, गुणस्तरीय बिऊ, कृषि सामाग्री, भरपर्दो सिंचाइ प्रणाली, कृषि प्रसार, कृषि भूमिको संरक्षण र एकीकृत व्यवस्थापन गर्न नसकिएको खण्डमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ । यसैगरी कृषि क्षेत्रमा जलवायु परिवर्तन र प्रकोपको असरको जोखिम सम्भावना अधिक रहन सक्दछ ।

संघीय सरकार तथा प्रदेश सरकारबाट यस क्षेत्रमा आउने बजेट र कार्यक्रममा विस्तार भै गाउँपालिकासँगको सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ । वैदेशिक रोजगारबाट फर्केका युवा पशुपंक्षी पालन व्यवसायमा आकर्षित हुनेछन् । प्रविधि, पशु प्रसार, चरन क्षेत्र, आहार, पशुपंक्षी उपचार एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ । निजी क्षेत्रको लगानी आकर्षित गर्ने विषयमा जोखिम कायमै रहने देखिएको छ ।

## ३.२ सिंचाई

### ३.२.१ पृष्ठभूमि

मष्टा गाउँपालिका क्षेत्रमा रहेको खेतीयोग्य जमिनमा परम्परागत श्रोत (मुल, सिमसार, ठाडोखोला) र साना कुलाहरु मार्फत सिंचाई हुँदै आएको छ । विशेष गरी सेती नदीवाट लिफि्टङ्ग सिंचाई गर्न सकिने तथा यस पालिकामा ढुङ्गी घाट, लासी घाट, रिलु घाट जस्ता सिंचाईको श्रोतका रुपमा खोला नाला पालिका र गाउँपालिकाको तल्लो टटीय क्षेत्रमा सेती नदी वग्दछ । गाउँपालिकाको अधिकांश जमिन भिरालो पहाडी धरातलमा रहेकोले ठूला आयोजना निर्माण र सञ्चालनमा कठीनाई हुँदै आएको छ । यसले गर्दा गाउँपालिका भित्र रहेका उर्वर जग्गाहरुमा समेत सहज रुपमा सिंचाईको पहुँच हुन सकेको छैन ।

### ३.२.२ समस्या तथा चुनौती

सिंचाईका आयोजनाहरू आवश्यकता अनुसार विस्तार गर्न नसकिएको देखिन्छ । परम्परागत कृषक कुलोहरूको आधुनिकीकरण तथा सुधार हुन सकेको छैन । सिंचाई सुविधा पुगेको भूमिमा खण्डीकरण हुनगै पानीको अधिकतम प्रयोग हुन नसक्नु तथा आवश्यकता रहेको ठाउँमा सिंचाईको व्यवस्था गर्न सकिएको छैन । थोरै पानीको प्रयोग गरी धेरै भू-भागमा सिंचाई गर्न सकिने नयाँ प्रविधिहरूको प्रयोग हुन सकेन । शहर बजार नजिकका नदीनालाहरूबाट अनियन्त्रित रुपमा नदीजन्य निर्माण सामाग्री निकाल्ने प्रवृतिले गर्दा कुलोको बाँध भन्दा खोलाको बेड लेभल गहिरिदै जाँदा सिंचाई योजनाहरू जोखिममा पर्ने र भूक्षय बढदै गएको अवस्था छ । सडक पूर्वाधार निर्माण गर्ने क्रममा सिंचाई कुलोका संरचनाहरूमा क्षति पुग्न जाने तर पुनर्निर्माण कार्यमा ध्यान जान सकेको छैन । भौतिक पूर्वाधारहरूको तुलनामा सिंचाई पूर्वाधार प्रति समुदाय तथा गाउँपालिकाको पूर्णचासो नदिनु सिंचाई क्षेत्रका समस्याहरू हुन् । संचालित सबै प्रकारका प्रविधि अपनाएका सिंचाई आयोजनाहरूको नियमित मर्मत सम्भार हुन नसक्नु एवं सिंचाई सुविधा नपुगेका ठाउँका लागि बैकल्पिक सिंचाई सुविधाको व्यवस्था हुन नसक्नु मुख्य चुनौती रहेको देखिन्छ । आकाशे पानीको भरमा खेती गर्नु पर्ने स्थिती रहेको छ ।

### ३.२.३ सोच

“खाद्य सुरक्षाका लागि व्यवस्थित दिगो सिंचाई”

### ३.२.४ उद्देश्य

१. सञ्चालनमा रहेका परम्परागत सिंचाई प्रणाली, कुला र Lifting सिंचाईहरुको समुचित संरक्षण, संवर्द्धन र व्यवस्थापन गरेर दिगो तथा सर्बसुलभ सिंचाई सुविधा उपलब्ध गराउनु,
२. नयाँ आयोजनाहरूको विकास गरी सिंचाई सुविधा नपुगेका क्षेत्रमा सिंचाई सुविधा पुर्‍याउनु ।

### ३.२.५ रणनीति

१. गाउँपालिकामा उपलब्ध प्राकृतिक सिंचाईका श्रोत र मुहानहरूको संरक्षण र संवर्द्धन गर्ने,
२. समथर फाँट र टारहरुमा ठूला नहरहरूको विकास गर्दै लैजाने,
३. ग्रामीण र भिरालो क्षेत्रमा लिफ्ट तथा अन्य नयाँ प्रविधिमा आधरित सिंचाई प्रणालीको विकास गर्ने ।
४. सिंचाइ सुविधा नपुगेका ग्रामीण र भिरालो क्षेत्रमा लिफ्ट तथा अन्य प्रविधिमा आधरित सिंचाइ प्रणालीको प्रवर्द्धन गर्ने ।
५. सिंचाइ आयोजनाको मर्मत सम्भार कोषलाई प्रभावकारी बनाई सुरु भएका आयोजनाको दिगोपन सुनिश्चित गर्ने

### ३.२.६ नतिजा सूचक र मध्यमकालीन लक्ष

यस उपक्षेत्रका लागि अगामी तीन आर्थिक वर्षको नतिजा सूचक तथा मध्यमकालीन लक्ष निम्नानुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| कूल खेतीयोग्य भूमिमध्ये वर्षैभरी सिंचाई सुविधा उपलब्ध भूमि | प्रतिशत | २८ | ३० | ३२ | ३४ | ३६ |
| कच्ची कुलो निर्माण | संख्या | ७ | ८ | ९ | १० | ११ |
| पाईप कुलोबाट सिंचाई | संख्या | ३ | ४ | ५ | ६ | ७ |
| साना सिंचाई कार्यक्रम | संख्या | ७ | ८ | ९ | १० | ११ |
| कुलो मर्मत तथा स्तरोन्नती | संख्या | ६ | ७ | ८ | ९ | १० |
| लिफ्टिङ्ग सिंचाई | संख्या | १ | २ | ३ | ४ | ५ |

### ३.२.७ विषयक्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, प्रस्तावित कार्यक्रम र मध्यमकालीन बजेट खाकाको आधारमा सिंचाई उपक्षेत्रको खर्च र उक्त श्रोतको त्रिवर्षीय अनुमान निम्नानुसार प्रस्तुत गरिएको छ ।

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजार) | | | | बजेटको श्रोत (रु.हजार) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | १११६५ | १६५ | ११००० | ० | २२४ | ८९७१ | १९७० | ० |
| २०८३/८४ | १२२८२ | १८२ | १२१०० | ० | २४७ | ९८६९ | २१६७ | ० |
| २०८४/८५ | १३५१० | २०० | १३३१० | ० | २७२ | १०८५५ | २३८३ | ० |

### ३.२.८ आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

| क.सं. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कूल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सिंचाई कुलो सहित सालबसाली अन्य सिंचाई कुलो निर्माण तथा मर्मत सम्भार कार्यक्रम | बर्षभरी सिचाई सुविधा उपलब्ध गराउनु | सालबसाली | ३६९५६ | कुल खेती योग्य जमिनको ३०% मा वर्षैभरी सिचाई सुविधाको हुनेछ । |
| | जम्मा | | | ३६९५६ | |

### ३.२.९ जोखिम पक्ष तथा अनुमान

भिरालो पहाडी भूभाग भएकोले वर्षेनी आउने बाढी पहिरोका कारण पुराना कुला र सिंचाई प्रणालीमा क्षति पुग्ने र सिंचाई सुविधा लामो समयसम्म प्रभावित हुने जोखिम छ । त्यसैगरी, अप्ठ्यारो भूगोल र श्रोत ( खोला नदी नाला) गहिरो स्थानमा हुने भएकोले ठूला सिंचाई आयोजना विकास गर्न र दिगो रुपमा व्यवस्थापन गर्ने काम बढी खर्चिलो छ, जसका लागि गाउँपालिकासँग आवश्यक श्रोतको अभाव भएता पनि विस्तारै प्रविधिको प्रयोग र उर्जा (विद्युत) को सुविधा भएकोले लिफ्ट प्रणालीबाट सिंचाई सुविधाको विकास गर्न सकिने सम्भावना प्रशस्त रहेको छ ।

## ३.३ उद्योग तथा व्यापार व्यवसाय

### ३.३.१ पृष्ठभूमि

जिल्लाको सदरमुकाम चैनपुर संग जोडिएको तथा सदरमुकाम देखी ९ कि.मीको दुरीमा मष्टा गाउँपालिकाको केन्द्र भातेखोला रहेको छ। हालको अवस्थामा सदरमुकाम चैनपुरवाट यातायातको साधन वोलेरोवाट १ घण्टाको समय लगाएर मष्टा गाउँपालिका केन्द्र भातेखोला पुगिन्छ । गाउँपालिका क्षेत्रमा जिविकोपार्जनको लागि परम्परागत कृषि उत्पादन, व्यापार व्यवसाय, लघु, घरेलु उद्योग सञ्चालन र विकासका केही कार्यहरु भैरहेका छन् तर उद्योग, व्यापार व्यावसाय विस्तार हुन सकेको छैन । गाउँपालिकामा वडाको कार्यालय रहेको स्थानमा स-साना बजार केन्द्रहरू रहेका छन् साथै आर्थिक कारोवार गर्ने व्यापार व्यवसायको संख्या करीव (गाउँपालिकामा दर्ता भएका व्यवसायहरु) २६७ रहेका छन् भने व्यवसायवाट स्थानीय रोजगारी पाउनेको संख्या ५३४ छ ।

स्थानीय स्तरमा जुत्ता, सिलाई कटाई, स्थानीय पिरा वनाउने, चाउमिन, सिस्नोको पाउडर, चित्रा खुँगा, झोला, स्विटर, ऊनीको सल, अल्लोको कपडा लघु तथा घरेलु प्रकृतिका उद्योगहरू र अन्य कृषि तथा पशुपालनका फर्म तथा उद्यमहरु संचालनमा रहेका छन् । गाउँपालिका फर्निचरहरु स्थापना गरी संचालनमा रही रहेको देखिन्छ । स्वरोजगार वन्न तथा उद्यमबाट रोजगारीका अवसर श्रृजना गर्न आ.व.०८१/०८२ मा ३० जना युवाले उद्यमशीलता विकास तालिम लिएको अवस्था पाइन्छ । उद्यम व्यावसायको लागि कच्चा पदार्थको रुपमा प्रयोग गर्न सकिने निगालो, वाँस, तथा सुन्तला, खुर्पानी,

चिराईतो, अल्लो, इत्यादि पाइन्छ। जडिबुटी खेती गर्नको लागि गाउँपालिका क्षेत्रमा सम्भावना प्रचुर रहेको छ। पर्यटनमा आधारित उद्यम व्यवसाय संचालनको लागि होटल, रेस्टुरेन्ट, होमस्टेको व्यवस्थापन र सेवा प्रवाहबाट रोजगारी र आम्दानी बढाउन सकिने सम्भावना धेरै छ। यसैगरी वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणलाई उत्पादनशील क्षेत्रमा लगानी गरी स्वरोजगार र रोजगारी सिंर्जना गर्न सकिने सम्भावना रहेको छ। वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई स्थानीय स्तरमा कृषि उत्पादन, पशुपंछीपालन तथा स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना गरी आम्दानी बढाउन सकिने सम्भावना रहेको छ।

लघु, घरेलु उद्योगको विकासले साना उद्योग स्थापना र सञ्चालन गर्ने वातावरण निर्माण हुन सक्दछ। मष्टा गाउँपालिकाको मष्टा, भातेखोला, रिलु, कोटदेवलमा स साना बजारकेन्द्र रहेका छन्। यी बजारकेन्द्रबाट स्थानीय नागरिकले सामान्य खालको वस्तु तथा सेवा सेवा खरिद गर्ने अवसर पाएका छन्। स्थानीय बजारकेन्द्रबाट कच्चा पदार्थ, औजार उपकरण, नयाँ प्रविधि खरिद गर्ने कार्यको अतिरिक्त स्थानीय स्तरमा उत्पादित वस्तु तथा सेवाको बजारीकरण गर्ने अवसर पनि उपलब्ध भएकोले स्थानीय अर्थतन्त्रको विकास गर्न उत्पादनमा वृद्धि, बजारकेन्द्रको विकास, वस्तु बजारीकरण गर्ने कृयाकलापले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। समयको गतिसंगै स्थानीय तहले उद्यम व्यावसाय सिंर्जना र विकासको साथ साथै स्थानीय स्तरमा रोजगारी सिंर्जना गर्न आधुनिक प्राविधिक सीप विकास तालिम कार्यक्रमहरु संचालन गर्दै जानु पर्ने देखिन्छ।

### ३.३.२ समस्या तथा चुनौती

कमजोर औद्योगिक पूर्वाधार, दक्ष जनशक्ति अभाव, उपयुक्त प्रविधिको अभाव, बजार तथा बजारीकरणको कमी, स्थानीय स्तरमा उत्पादित वस्तुमा लेबलिङ्ग, प्याकेजिङ्ग नहुनु, युवाहरु स्वदेशमा श्रम गर्न नचाहने प्रवृत्ति, बजारमा आयातित वस्तुहरुको सहज आपुर्ति, स्थानीय तहमा उत्पादित वस्तुहरुको मूल्य सुनिश्चित नहुनु जस्ता समस्या देखिन्छन्। कमजोर ब्रान्डिङ्ग र प्याकेजिङ्गका कारण स्थानीय तहमा उत्पादित वस्तुप्रति उपभोक्ताको आकर्षण कम हुनु, उद्योगहरुको न्यून उत्पादकत्व, निर्यातयोग्य वस्तुको विविधीकरणको कमीले गर्दा जनमानसमा उद्योगमा सफलता हासिल गर्न नसकिने मनस्थिति छ भने त्यसलाई चिरेर अगाडि बढ्ने वातावरण नहुनु जस्ता समस्याहरु उद्योग तथा व्यापार व्यावसाय क्षेत्रमा रहेका छन्। उत्पादन र रोजगारी सिंर्जना गर्ने प्रकारका उद्योग व्यावसाय स्थापना र विकासका लागि निजीक्षेत्र र गाउँपालिकाबीच सहकार्य र साझेदारी हुन नसक्नु विकासको लागि समस्या र चुनौती हुन सक्दछ।

### ३.३.३ सोच

"लघु, घरेलु तथा साना उद्योगको विकास उत्थानशील स्थानीय अर्थतन्त्रको दिगो आधार"

### ३.३.४ उद्देश्य

१. औद्योगिक उत्पादन वृद्धि गरी आयत प्रतिस्थापनमा योगदान पुऱ्याउने
२. उद्योग व्यवसायक्षेत्रमा निजीक्षेत्रको लगानी र युवाहरूको आकर्षण वृद्धि गरी रोजगारी सिंर्जना गर्ने

### ३.३.५ रणनीति

१. प्रतिस्पर्धी र तुलनात्मक लाभ भएका वस्तु उत्पादन गर्ने उद्योगहरूलाई प्रोत्साहन गर्ने
२. लघु तथा घरेलु उद्योगहरुको संरक्षण र विकास गर्ने
३. आवश्यक पूर्वाधारसहितका सुविधासम्पन्न औद्योगिक ग्रामहरु निर्माण गर्ने

४. स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्यम व्यवसायहरुको विकासका लागि संघ तथा प्रदेश सरकारसँग सहकार्य र समन्वय गर्ने

### ३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजनाको लक्ष्य र यस खर्च संरचनाका लागि प्राप्त कार्यक्रमको उद्देश्य र अपेक्षित नतिजाको आधारमा उद्योग तथा व्यापार व्यावसाय उपक्षेत्रको मध्यमकालीन नतिजा खाका निम्नानुसार प्रस्तुत गरिएकोछ ।

| सूचक | एकाई | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| गाउँपालिकामा दर्ता भएका र अन्य व्यवसाय संचालनमा रहेका उद्योग व्यवसायहरु | संख्या | २६७ | २७७ | २८८ | २९९ | ३०६ |
| व्यावसाय करबाट संकलित राजस्व | रु.हजारमा | ५७ | ६० | ७० | ८० | ९० |
| सञ्चालित औद्योगिक तथा व्यापार मेला (वार्षिक) | पटक | ० | ० | १ | १ | २ |
| हस्तकला तथा औद्योगिक ग्राम | संख्या | ० | ० | ० | ० | १ |
| व्यावसाय विकास तथा व्यवस्थापनमा तालिम प्राप्त गर्ने घरेलु तथा साना उद्यमीहरु | थप संख्या | ३० | ४० | ५० | ६० | ७० |

### ३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग तथा व्यापार उपक्षेत्रको खर्च र स्रोतको त्रिवर्षीय अनुमान निम्नानुसार प्रस्तुत गरिएको छ ।

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | २६२९ | २६२९ | ० | ० | ५३ | २११२ | ४६४ | ० |
| २०८३/८४ | २८९२ | २८९२ | ० | ० | ५८ | २३२४ | ५१० | ० |
| २०८४/८५ | ३१८१ | ३१८१ | ० | ० | ६४ | २५५६ | ५६१ | ० |

### ३.३.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कूल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन र सम्वर्द्धनका लागि उद्यमशीलता, सीप विकास तालिम, उपयुक्त प्रविधिको व्यवस्था र बजारीकरणमा सहयोग कार्यक्रम | क्षमता अभिवृद्धि, उत्पादकत्व वृद्धि भै स्थानीय अर्थतन्त्र विकासमा योगदान गर्ने | सालबसाली | ४०६६ | लघु घरेलु तथा साना उद्योगको संख्या र रोजगारी २०% ले वृद्धि हुनेछ। |
| २ | उद्योग व्यापार तथा व्यावसाय विकास र नियमन कार्यक्रम | उद्योग व्यावसाय गर्न अनुकुल वातावरण सिर्जना गरी लगानी आकर्षित गर्नु | सालबसाली | १२१० | व्यावसाय करबाट संकलित राजस्वमा वार्षिक १५% ले वृद्धि हुनेछ। |
| ३ | एक गाउँपालिका एक औद्योगिक/हस्तकला ग्राम कार्यक्रम | स्थानीय स्रोतको सदुपयोग, रोजगारी सिर्जना र आयात प्रतिस्थानमा सहयोग गर्नु | सालबसाली | ३४२६ | मध्यमकालीन अवधिको अन्तिम वर्ष एक वडामा औद्योगिक ग्राम वा हस्तकला ग्राम स्थापना भै सञ्चालनमा आउनेछ। |
| | **जम्मा** | | | ८७०२ | |

### ३.३.९ जोखिम पक्ष तथा अनुमान

संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा उद्योग व्यापार तथा व्यावसाय क्षेत्रमा उचित प्रोत्साहन सहित प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन, युवा उद्यमी र लगानी आकर्षित भै व्यवसायको विस्तारको गति सुदृढ हुने अनुमान छ। स्थानीय स्तरमा औद्योगिक विकासका लागि आवश्यक योजना र सहज वातवरण तयार हुन नसक्दा चुनौती भने कायमै छन्। केन्द्रीकृत सरकारी कार्यालयको कार्यसम्पादनमा ढिलासुस्ती र झन्झटिलो प्रक्रियाका कारण पनि नयाँ लगानी, उद्यमशीलता विकास र व्यावसाय गर्ने वातावरणमा अझै प्रक्रियागत जटीलता कायमै रहेको देखिन्छ।

## ३.४ पर्यटन तथा संस्कृती

### ३.४.१ पृष्ठभूमि

पर्यटन उद्योगको विकासका लागि प्राकृतिक सुन्दरताका साथै मनोरञ्जन स्थल, न्यानो आतित्थ्यता, होटेल, रेष्टुरेण्ट, होम स्टे जस्ता सेवा सुविधा र साहसिक खेल, रमणीय पदमार्ग जस्ता पर्यटकीय उपजको ठूलो योगदान रहेको हुन्छ। यस गाउँपालिको तत्कालीन खस राज्यको पुज्य देवता मष्टा मन्दिर, तपोवन, ७ नं. वडामा रहेको मालिका मन्दिर आदि आदि पर्यटकीय स्थलहरु रहेका छन्।

विकास सँग जोडिएको पर्यटकीय क्षेत्रको महत्वको दृष्टिकोणले पर्यटन क्षेत्रको विकास र विस्तारको प्रचुर संभावना रहेका गाउँपालिका मध्ये मष्टा गाउँपालिका पनि एक हो। मष्टा मन्दिरमा सुदुर पश्चिमको विभिन्न जिल्लाका वासिन्दाहरु आफ्नो सदिच्छा पूरा गर्न यहां आउने गर्दछन् भने तपोवनमा तातोपानीको

सुविधा रहेकोले रहेको छ । पहाडी भू धरातल रहेको र विभिन्न धार्मिक तथा पर्यटकीय स्थल रहेकाले त्यस पर्यटकीय स्थलहरुमा पर्यटकीय पदमार्ग निर्माण गर्न सके  आन्तरिक तथा वाह्य पर्यटकहरु भित्राउन सकिने प्रशस्त संभावना रहेको छ । गाउँपालिकाको केन्द्र भातेखोला लगायत विभिन्न वडाका केन्द्रहरुमा मध्यम खालको होटल संचालनमा ल्याउन सके र विभिन्न वडाहरुमा होमस्टेको स्थापना र विकास गर्न सके पर्यटकहरुलाई सुविधा हुन सक्दछ । अधिकांश हिन्दु धर्मालम्बीको बसोबास र रहनसहन रहेको यस क्षेत्रमा क्षेत्री, वाह्मण तथा दलित समुदायमा आ-आफ्नै धार्मिक र साँस्कृतिक विवधिता रहेको छ । परम्परागत देउडा, सिउरो मेला, भस्सो, हरेलो मेला, घचारा मेला, स्थानीय लोक भाका, स्थानीय रिति रिवाज तथा स्थानीय नृत्यको अभ्यास हुने गर्दछ । चार्डवाडका रुपमा, गौरा, दशैं तिहार, माघे सक्रान्ती, चैतेदशै यहाँका प्रमूख चाडका रुपमा रहेका छन ।

### ३.५.२ समस्या तथा चुनौती

पर्यटन विकास सम्बन्धी नयाँ संरचनाको विकास र विस्तार नहुनु, स्थानीय उत्पादनसँग पर्यटन व्यवसायलाई जोड्न नसक्नु, पर्यटकहरुको लागि स्तरीय होटल नहुनु, अन्तर्राष्ट्रिय गुणस्तरको पर्यटन सेवा नहुनु, पर्यटकीय गन्तव्यस्थल तथा सम्पदाको संरक्षण, सुरक्षा तथा पूर्वाधार अभाव हुनुले पर्यटन विकास गर्न बाधा पर्दछ । पर्यटकका लागि न्यूनतम मापदण्डका होटेल नहुनु, पर्यटकीय सेवा तथा गन्तव्यको विविधीकरण नहुनु, आन्तरिक पर्यटक भित्रयाउने बजार नीति विकास नहुनु आदि पर्यटन क्षेत्रका समस्याहरू हुन । ऐतिहासिक एवं धार्मिक क्षेत्रको संरक्षण एवं प्रवर्द्धन प्रभावकारी हुन सकेको छैन । पर्यटकीय क्षेत्रको पहिचान एवं संभावनाका लागि कुनै नयाँ योजना बन्न सकेको छैन ।  उपलव्ध पर्यटकीय संभावना भएका सम्पदाहरूको प्रचार प्रसार भएको छैन । व्यवस्थित होमस्टे लगायत पर्यटकीय सुविधाहरूको उपलव्धतामा कमी रहेको छ । सुरक्षित पर्यटन प्रति आश्वस्त पार्न नसक्नु तथा पर्यटन प्रवर्द्धनको निम्ति आवश्यक नीति, नियम, निर्देशिका बनि प्रभावकारी कार्यान्वयनमा कमी रहेको छ ।

**३.५.३ सोच** "गाउँपालिकाको समृद्धीको आधार दिगो पर्यटकीय पूर्वाधार"

### ३.५.४ उद्देश्य

१. पर्यटन, संस्कृतिका क्षेत्रमा लगानी वृद्धि गर्नु, पर्यटकीय सेवा सुविधा तथा पर्यटकमैत्री पूर्वाधारमा वृद्धि गर्ने

२. बाह्य पर्यटकहरूको सङख्यात्मक तथा गुणात्मक वृद्धि गर्नु र पर्यटकहरूको औसत बसाइ अवधि लम्ब्याउने

३. पर्यटन मार्फत गाउँबासीको आय र रोजगारी वृद्धि गर्ने

### ३.५.५ रणनीति

१. आकर्षक पर्यटकीय गन्तब्यमा बाह्रै महिना पहुँच स्थापित गर्न रणनीति महत्वका पूर्वाधारहरू विकासमा जोड दिने

२. ग्रामीण क्षेत्रमा पर्यटकीय उपजहरुको विविधिकरण गर्ने

३. स्थानीय सम्भावना र आवश्यकतालाई मध्यनजर गरी पर्यटन क्षेत्रको समुचित नीति तर्जुमा गरी पर्यटकीय सेवा, क्षमताको विस्तार गर्ने

४. प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक कला, भाषा र सम्पदाहरूको संरक्षण र संवर्द्धन गरी आवश्यक प्रचार प्रसारका साथ पर्यटन प्रवर्द्धन गर्ने

५. पर्यटन प्रवर्द्धनका लागि निजी क्षेत्र, पर्यटन बोर्डलगायतका सरोकारवालासँगको समन्वय, सम्पर्क तथा साझेदारीमा वृद्धि गर्ने

६. पर्यटन उद्योग सम्बद्ध निजी सङ्घ-संस्था र अन्य सरोकारवालाहरूसँगको सहकार्यमा पर्यटकीय क्षेत्रको पहिचान, विकास, सर्म्वधन र प्रवर्द्धन गर्ने ।

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष

पर्यटन क्षेत्रको लागि आवधिक योजना र प्रस्तावित कार्यक्रमहरुको उद्देश्यका आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष निम्नानुसार प्रस्तुत गरिएकोछ ।

| सूचक | एकाई | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| पहिचान भएका पदमार्ग | संख्या | २ | २ | ३ | ४ | ५ |
| नियमित सञ्चालनमा रहेका व्यवस्थित होमस्टे | संख्या | ० | १ | २ | ३ | ४ |
| स्थानीय चिया पसल, खुद्रा पसल, स साना होटलहरुमा हुने खाद्यान्न, फलफुल र तरकारीमा स्थानीय उत्पादनको हिस्सा | प्रति शत | ६१ | ६२ | ६४ | ६६ | ६८ |
| पर्यटन तथा आतिथ्य सेवा सम्वन्धी तालिम प्राप्त जनशक्ती | संख्या | २८ | ३० | ३२ | ३४ | ३६ |
| भगिनी सम्वन्ध स्थापना भएका स्वदेशी तथा विदेशी शहर | संख्या | ० | ० | ० | १ | १ |
| सास्कृतिक तथा पर्यटकीय मेला महोत्सव आयोजना ( बार्षिक) | संख्या | ७ | ८ | ९ | १० | ११ |

### ३.५.७ विषयक्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, प्रस्तावित कार्यक्रमको महत्व र मध्यमकालीन बजेट खाकाको आधारमा पर्यटन तथा संस्कृति उप-क्षेत्रको खर्च र सो श्रोतको त्रिवर्षीय अनुमान तपशिल बमोजिम प्रस्तुत गरिएको छ ।

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | १४३० | ३३० | ११०० | ० | २९ | ११४९ | २५२ | ० |
| २०८३/८४ | १५७३ | ३६३ | १२१० | ० | ३२ | १२६४ | २७७ | ० |
| २०८४/८५ | १७३० | ३९९ | १३३१ | ० | ३५ | १३९० | ३०५ | ० |

मष्टा गाउँपालिका

### ३.५.८ आयोजना/कार्यक्रमको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण निम्नानुसार प्रस्तुत गरिएको छ।

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कूल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पर्यटन गुरुयोजना तयारी | पर्यटन विकासको स्पष्ट खाका तयार गर्नु | | ५०० | पर्यटन गुरुयोजनाको मार्गचित्र तयारी भएको हुने |
| ३ | होमस्टे कार्यक्रम तथा पर्यटन विकास र पर्यटन प्रवर्द्धन कार्यक्रम | मौलिक संस्कृति र पहिचान संरक्षणमा आधारित पर्यटन वृद्धि गर्नु | सालबसाली | ४२३३ | १४ वटा घरमा होमस्टे सञ्चालनमा आउने |
| **जम्मा** | | | | ४७३३ | |

### ३.५.९ जोखिम पक्ष तथा अनुमान

अन्तर सरकार, निजी क्षेत्र तथा नागरिक साझेदारीमा पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन तथा सेवा सुविधाको विकास र विस्तार हुनेछ। मष्टा गाउँपालिकाक्षेत्र भित्र रहेका पर्यटकीय गन्तव्यस्थल, पर्यटन विकासमा सहयोग पुऱ्याउने पुरातात्विक सम्पदाको संरक्षण, शान्ति सुरक्षा, पर्यटकका लागि न्यूनतम मापदण्डका प्रयाप्त होटल तथा रेस्टुरेन्ट, सबै पर्यटकीय क्षेत्रमा सुविधाजनक सडक यातायातको संजालले जोडिनु, पर्यटन विकासको लागि श्रोत व्यवस्थापन गर्नु र पर्यटकीय सेवा अनि गन्तव्यको विविधिकरण गरेर पर्यटन विकासमा अगाडि बढ्न लागि समस्या तथा चुनौती रहेको छ।

मष्टा गाउँपालिका

# परिच्छेद ४ : सामाजिक विकास क्षेत्र

यस परिच्छेद अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, महिला, बालबालिका र सामाजिक समावेशीकरण, युवा तथा खेलकुद तथा अन्य उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौती , लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ४.१ शिक्षा, कला भाषा तथा साहित्य

### ४.१.१ पृष्ठभूमि

संविधान अनुसार शिक्षा एक आधारभूत मौलिक अधिकार हो । प्रारम्भिक अवस्था देखिनै सिकाईका अवसरहरू मार्फत विद्यालय शिक्षाका लागि सफलताको जग बसाल्ने देखि माध्यमिक शिक्षासम्म बालबालिकाका लागि शिक्षाको अधिकार सुनिश्चित गर्ने स्थानीय तहलाई नेपालको संविधानले जिम्मेवारी दिएको हुनाले त्यो जिम्मेवारी ईमान्दारिताका साथ पुरा गर्न गाउँपालिका प्रतिवद्ध रहेको देखिन्छ ।

यस गाउँपालिकाले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी वनाउन सक्षम, प्रतिस्पर्धी नैतिक एवं राष्ट्रिहित प्रति समर्पित जनशक्ति तयार गर्ने नीति लिएको छ । अपेक्षित रुपमा गुणस्तरीय शिक्षाको व्यवस्था गर्न नसकेता पनि मष्टा गाउँपालिकाले शिक्षाको क्षेत्रमा सुधार गरी क्षमतावान नागरिक उत्पादन गर्ने प्रयास गरिरहेको देखिन्छ। हाल यस गाउँपालिकामा प्राविधिक शिक्षा, पूर्व प्राथमिक तहदेखि प्लस २ तह सम्मको शिक्षण सेवा दिने कार्य भैरहेको छ । यस गाउँपालिका भित्र संस्थागत विद्यालय (१-१०) सामुदायिक मा.वि. ६ वटा, आधारभूत विद्यालय २८ वटा गरी ३४ वटा विद्यालय रहेका छन् । गाउँपालिका क्षेत्रमा अध्ययन गर्ने कूल विद्यार्थी संख्या मध्ये छात्रा २२९३, छात्र २४२४ गरी जम्मा ४७१७ जना विद्यार्थीहरु रहेका छन् । सामाजिक साँस्कृतिक विविधता कायम राख्दै ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक सम्पदाको संरक्षण, प्रवर्द्धन र विकास गर्ने दिशामा गाउँपालिकाको महत्वपूर्ण जिम्मेवारी रहेको हुन्छ ।

### ४.१.२ समस्या तथा चुनौती

सामुदायिक शैक्षिक संस्थाको व्यवस्थापन समितिमा योग्य तथा शिक्षाको विकाससंग सम्बन्धित अनुभवी व्यक्तिको कमी तथा विद्यालय प्रशासनमा सुशासन झल्किन नसक्नुको कारण विद्यालयमा गरिएको लगानीले शैक्षिक गुणस्तरमा उल्लेखनीय सुधार हुन सकेको छैन। विद्यार्थी संख्याको अनुपातमा माध्यमिक तहमा शिक्षकको दरवन्दी वितरण अपुग भएको, प्राथमिक तहको दरवन्दीले शिक्षण सिकाईमा निर्वाह गर्नु परेको छ। यसले गर्दा गुणस्तर शिक्षा सुनिश्चित गर्न, गराउन कठीन भएको देखिन्छ। विद्यालयको लागि चाहिने भौतिक पूर्वाधार तथा फर्निचरको कमीले गर्दा विद्यार्थी तथा शिक्षकहरुको लागि पठनपाठन क्रियाकलाप संचालन गर्ने वातावरण वन्न सकेको अवस्था छैन । प्रारम्भिक बालविकास केन्द्रमा शैक्षिक सामाग्रीको अभावले गर्दा प्रभावकारी शिक्षण तथा सिकाई कार्यक्रम संचालन हुन सकेको छैन। आवश्यक पर्ने साधन स्रोतको कमी, आधुनिक प्रविधि तथा ईन्टरनेट सुविधा आदिको पहुँचमा कमी छ। अनुसन्धान तथा खोजमूलक सिकाई प्रणालीको न्यूनता यस क्षेत्रका प्रमुख समस्या तथा चुनौती रहेका छन्। स्थानीय बजारको माग अनुरूपका जनशक्ति उत्पादन गर्न र निम्न आय भएका समुदायका लागि सर्वसुलभ लागतमा प्राविधिक शिक्षामा पहुँच स्थापित हुन सकेको छैन । परम्परागत रुपमा स्थानीय भाषा, कला, तथा सम्पदाका हिसाबले धनी भए पनि तिनको उचित संरक्षण, सम्बर्द्धन हुन सकेको छैन । जीवन उपयोगी एवं गुणस्तरीय शिक्षामा विपन्न, दलित, सीमान्तकृत र पिछडिएका समुदायहरूको पहुँच न्यून रहेको छ । सामुदायिक विद्यालयमा शिक्षक कर्मचारीहरुको व्यावसायिकता, विद्यार्थीहरुको शिक्षण सिकाइ

प्रति अभिरुची वृद्धिमा शिक्षक, अविभावक तथा समुदायको उदासिनता यस क्षेत्रको समस्या र चुनौती रहेको देखिन्छ ।

**४.१.३ सोच** “योग्य, क्षमतावान नागरिक उत्पादनका लागि गुणस्तर तथा सीपयुक्त शिक्षामा सबैको पहुँच”

### ४.१.४ उद्देश्य

१. बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी वनाउने

२. आधारभूत शिक्षामा सबै बालबालिकाको सहज पहूँच र निरन्तरता सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त तथा निःशुल्क शिक्षाको व्यवस्था गर्ने

३. माध्यमिक शिक्षा गुणस्तरीय, निःशुल्क तथा सबैको सहज पहुँच सुनिश्चित गर्दै श्रृजनशिल, अध्ययनशिल, सकारात्मक सोच सहितको प्रतिस्पर्धी एवं देशलाई आवश्यक पर्ने क्षमतावान जनशक्ति तयार गर्ने

४. अनौपचारिक, वैकल्पिक र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाई संस्कृतिको विकास गर्ने ।

### ४.१.५ रणनीति

१. गाउँपालिका, समुदाय र अभिभावकको संयुक्त प्रयासमा बालबालिकाहरूको सर्वाङ्गीण विकास तथा विद्यालय शिक्षाको पूर्वतयारीका लागि उपयुक्त बालमैत्री वातावरण तयार गरी प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने ।

२. निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको प्रत्याभूति दिलाउन सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्ने, गराउने तथा भर्ना भएका सबै बालबालिकालाई विद्यालयमा टिकाई राख्न गुणस्तर शिक्षा अभिवृद्धिका लागि नवीनतम उपायहरू अवलम्बन गर्ने ।

३. प्राविधिक तथा व्यावसायिक शिक्षा अनि तालिमको क्षेत्रमा विभिन्न सरोकारवालाहरूको सहकार्य र साझेदारीमा दिगो रुपमा लगानी सुनिश्चितता गर्ने ।

४. सुचना, सञ्चार तथा आधुनिक प्रविधिलाई शिक्षण सिकाई क्रियाकलापको अभिन्न अङ्गका रूपमा प्रयोग गर्दै शिक्षालाई व्यावहारिक तथा नतिजामूलक वनाउन प्रयत्न गर्ने ।

५. विद्यालयहरुलाई Digitalized गरी एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS)को प्रभावकारी रुपमा कार्यान्वयन गरी शैक्षिक संस्थालाई व्यवस्थित गर्ने ।

६. अभिभावकहरुको अपनत्वमा वृद्धि, शिक्षकहरुको व्यावसायिक लगनशिलता र जनप्रतिनिधिको साथ र सहयोगमा शिक्षण सिकाइ प्रक्रियामा सुधार, शिक्षकको पेशागत नैतिकताको प्रवर्द्धन, गुणस्तर शिक्षाको लागि लगानी अभिवृद्धि गर्ने, गराउर्ने ।

७. विपन्न ( दलित, अन्य) तथा असहाय बालबालिकाका लागि “विद्यालय शिक्षा सुनिश्चितता छात्रवृत्ति कोष” स्थापना गरी कार्यान्वयनमा ल्याउने,

८. सबै संस्थागत विद्यालयहरूमा आवश्यक पूर्वाधार तथा शैक्षिक सामग्री एवम अन्य वातावरण सुधार गरी समग्र पठन-पाठनको वातावरणमा सुधार गर्ने,

९. विद्यार्थीको उपलब्धीलाई शिक्षकको कार्यसम्पादनसँग जोडने पद्धतिको विकास गर्ने ।

### ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजनाका अपेक्षित नतिजा र प्रस्तावित कार्यक्रमहरुको आगामी तीन आर्थिक वर्षको लक्ष्य का आधारमा तयार यस उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य निम्नानुसार रहेको छ ।

| सूचक | एकाई | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| आधारभुत तहको खुद भर्ना दर | प्रतिशत | ९७.७४ | ९८.५ | ९९ | ९९.५ | १०० |
| माध्यमिक तहमा खुद भर्नादर (९ देखि १२) | प्रतिशत | ८७ | ८७.५ | ८८.५ | ८९.५ | ९० |
| आधारभुत तहमा विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका बालबालिका | प्रतिशत | ० | ० | ० | ० | ० |
| १५ वर्ष माथिको साक्षरता दर | प्रतिशत | ६८.८१ | ७० | ७२ | ७३.५ | ७५ |
| सिकाई उपलब्धि दर | जिपिए | ५६.२५ | ५७ | ५८ | ५९ | ६० |
| पक्की भवन भएका विद्यालय | संख्या | २६ | २७ | २८ | २९ | ३० |
| कम्प्युटर प्रयोगशाला भएका विद्यालय | संख्या | ३ | ४ | ६ | ८ | १० |
| गणित प्रयोगशाला भएका विद्यालय | संख्या | ५ | ६ | ७ | ९ | १० |

### ४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रमहरुको संक्षिप्त विवरण र विषयक्षेत्रको महत्वका आधारमा शिक्षा कला भाषा तथा साहित्य उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान निम्नानुसार प्रस्तुत गरिएको छ ।

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको श्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | १६८९१५ | १६८९५५ | ० | ० | ३३९५ | १३५७२३ | २९७९७ | ० |
| २०८३/८४ | १८५८५० | १८५८५० | ० | ० | ३७३६ | १४९३३० | ३२७८४ | ० |
| २०८४/८५ | २०४४३५ | २०४४३५ | ० | ० | ४१०९ | १६४२६४ | ३६०६२ | ० |

### ४.१.८ आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण

प्रस्ताव गरिएका कार्यक्रमहरुको उद्देश्य, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

| क्र.सं. | आयोजना तथा कार्यक्रम | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कूल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास कार्यक्रम | बाल विकासको अनुभव सहित कक्षा १ मा भर्ना वृद्धि गर्नु | सालबसाली | ४२४४६ | गाउँपालिकामा रहेका बाल विकास केन्द सञ्चालन हुनेछन् र आधारभुत तहको खुद भर्नादर २% ले सुधार हुनेछ । |
| २ | आधारभूत शिक्षा कार्यक्रम | आधारभूत शिक्षा प्रभावकारी रुपमा नि:शुल्क र अनिवार्य गर्ने | सालबसाली | १७५४३२ | आधारभूत तह खुद भर्नादर १००% र शैक्षिक सिकाई उपलब्धि सरदर ६०% पुगेको हुनेछ । |

| क्र.सं. | आयोजना तथा कार्यक्रम | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कूल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३ | माध्यमिक शिक्षा कार्यक्रम | मध्यमस्तरको जनशक्ति तयार गर्नु | सालबसाली | २४२०१ | माध्यामिक तहको खुद भर्ना दर ९०% पुगेको हुनेछ । |
| ४ | प्राविधिक शिक्षा कार्यक्रम | प्रविधियुक्त मध्यम स्तरको जनशक्ति उत्पादन गर्नु | सालबसाली | ४०६५ | माद्यामिक तह उमेर समूहका १०% विद्यार्थीमा प्राविधिक शिक्षामा पहुँच हुनेछ । |
| ५ | अनौपचारिक तथा जीवनपर्यन्त सिकाइ कार्यक्रम | नागरिकको साक्षरता वृद्धिगरि निरन्तर शिक्षा प्रदान गर्नु | सालबसाली | ४४०० | साक्षरता दर ७५ प्रतिशत पुगेको हुनेछ । र जीवनपयोगी सीपमा अभिवृद्धि हुनेछ । |
| ६ | भाषा कला तथा साहित्य प्रवर्द्धन कार्यक्रम | कला, संस्कृति, साहित्य अध्ययन, अनुसन्धान, संरक्षण र सम्वर्द्धन गर्नु | सालबसाली | ३०६७८ | गाउँ पालिका क्षेत्रका विशिष्ट कला, संस्कृति र साहित्यको संरक्षण र सम्वर्द्धन हुनेछ । |
| ७ | शैक्षिक प्रशासन सुधार तथा क्षमता विकास कार्यक्रम | प्रभावकारी रुपमा शैक्षिक सेवा प्रवाह गर्नु | सालबसाली | १७४२ | बालविकास सहयोगी कार्यकर्ता, आधारभुत र मा.वि तहका शिक्षकहरुको क्षमतामा वृद्धि हुनेछ । |
| ८ | **शिक्षा संग सम्वन्धित सालबसाली कार्यक्रम** | प्रभावकारी रुपमा शैक्षिक सेवा प्रवाह गर्नु | सालबसाली | २६९९५७ | शैक्षिक पहुच र गुणस्तरमा हालको अवस्थाबाट कम्तिमा १० %ले वृद्धि हुनेछ र सामुदायिक विद्यालयको पूर्वाधारमा सुधार हुनेछ । |
| ९ | वहुउद्देश्यीय खेल मैदान | युवा तथा विद्यार्थीका लागि खेलकुद मैदानवाट खेलकुदको विकास गर्नु | पहिलो वर्ष | ५३१८ | युवा तथा विद्यार्थीका लागि खेलकुद मैदानवाट खेलकुदको विकास भएको हुनेछ । |
| १० | राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद कार्यक्रम | विद्यालयमा अध्यनरत विद्याथीहरुको खेल प्रतिभामा वृद्धि भै शारिरीक तथा मानसिक विकास गर्नु | सालबसाली | १००० | विद्याथीहरुको खेल प्रतिभामा वृद्धि भै शारिरीक तथा मानसिक विकास भएको हुनेछ । |
| जम्मा | | | | ५५९२३९ | |

### ४.१.९ जोखिम तथा अनुमान

संघीय शिक्षा ऐन तथा नियमावली समयानुकुल जारी तथा परिमार्जन भएको हुनेछ । शैक्षिक क्षेत्रमा नविनतम विधि तथा प्रविधिको उपयोग भएको हुनेछ । शैक्षिक क्षेत्रमा प्रर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसर, नवीनतम प्रविधिको प्रयोग, अन्तर सरकार सहयोग, समन्वय र सह-अस्थित्वको विकासमा ध्यान दिन सकेमा मात्र अपेक्षित नतिजा हाँसिल हुने देखिन्छ ।

## ४.२ स्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्यसेवा निःशुल्क प्राप्त गर्ने हक प्रदान गरेको छ । ४ स्वास्थ्य चौकी, २ वटा सामुदायिक स्वास्थ्य इकाई, १ नागरिक आरोग्य केन्द्र छन् । कुल १३ खोप क्लिनिक र ११ गाउँघर क्लिनिक मार्फत ३७ जना स्वास्थ्यकर्मीहरू, १४ जना कर्मचारीहरुले सेवा

प्रदान गर्दै आएका छन् । गाउँ वासीहरु अधिकतम एक घण्टा ३० मिनेटमा स्वास्थ्य संस्थासम्म पुग्न सक्ने अवस्थामा छन् । त्यसमा पनि स्वास्थ्य संस्थामा पुग्न बढिमा ५० मिनेट हिँड्नुपर्ने जनसंख्या २५ प्रतिशतभन्दा कम रहेको छ भने खोप क्लिनिकमा पुग्न ३० मिनेटभन्दा बढि हिँड्नु पर्ने अवस्था छैन ।

### ४.२.२ समस्या तथा चुनौती

गाउँपालिकामा ४ वटा स्वास्थ्य चौकीहरु रहेका छन् तर पर्याप्त सङ्ख्यामा स्वाथ्यकर्मी, स्वास्थ्य उपकरण, औषधीको उपलब्धता नहुँदा सेवा लिने र दिने दुवै पक्षलाई कठिनाइहरू रहेका छन् । आवश्यकताअनुसार भौतिक पूर्वाधार रहेको छैन । सेवा प्रवाह बिरामीमैत्री हुन सकेको छैन । निजी क्षेत्रको उपचार महङ्गो भएकाले सर्वसाधारण सबैले धान्न सक्ने खालको छैन । यस गाउँपालिकामा आपत्कालीन प्रसूति सेवाको कमीका कारण हुने मुत्यु नै मातृमृत्युदरको प्रमुख कारणका रुपमा रहँदै आएको छ । एकातर्फ दरवन्दी/आवश्यकताभन्दा कम जनशक्ति भएकाले जनशक्ति व्यवस्थापन पनि कठिन भएको छ भने अर्कातर्फ विशेषज्ञ चिकित्सकहरूको कमी रहेको छ । नेपाल सरकारको स्वास्थ्य बिमा अन्तर्गतका सेवा प्रभावकारी रूपमा प्रदान गर्ने जिम्मेवारीसमेत स्थानीय तहलाई नै आएको छ तर यसलाई प्रभावकारी वनाउन गाउँपालिकाको मात्र प्रयासबाट सम्भव छैन । जनसाङ्ख्यिक चाप बढ्दै जाँदा स्वास्थ्य संस्थाहरूको सेवा प्रवाहमा दबाब बढ्दै गएको छ ।

### ४.२.३ सोच

“सबैका लागि गुणस्तरीय र सर्वसुलभ आधारभुत स्वास्थ्य सेवा”

### ४.२.४ उद्देश्य

१. स्वास्थ्य संस्थाहरुको क्षमता वृद्धि गर्नु,
२. आम नागरिकहरुमा स्वास्थ्य तथा पोषण सम्बन्धि  सचेतना अभिवृद्धि गर्नु,
३. विपद, आपत्कालीन तथा महामारीको व्यवस्थापन गर्न सक्ने गरि जनस्वास्थ्य सेवाको विस्तार गर्नु
४. प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक कार्यक्रम सञ्चालन गरी पालिकावासीको रोगप्रतिरोधी क्षमता वृद्धि गर्नु
५. खोप, पोषण, सुरक्षित मातृत्व तथा परिवार योजना सेवाको प्रभावकारी सञ्चालन गरी नागरिकको स्वास्थ्य प्रवर्द्धन गर्नु

### ४.२.५ रणनीति

१. स्वास्थ्य केन्द्रहरूमा गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा मार्फत् समुदायस्तरसम्म गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा विस्तार गर्ने ।
२. सम्पूर्ण स्वास्थ्य संस्थाहरूबाट निःशुल्क रुपमा प्रदान गरिँदै आएको आधारभूत स्वास्थ्य सेवा प्रवाहलाई चुस्त, दुरुस्त भरपर्दो वनाउने । सबै वडाहरूमा निःशुल्क आधारभूत स्वास्थ्य सेवा र तोकिएका संस्थाहरूबाट आकस्मिक स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितता गर्ने ।
३. तालिमप्राप्त जनशक्तिद्वारा २४ सै घण्टा सुत्केरी सेवा प्रदान गर्ने तथा जेष्ठ नागरिक तथा गर्भवती सुत्केरीहरूलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने । घरमा हुने प्रसूति सेवालाई निरुत्साहित गर्न भौतिक संरचना भएका र वर्थिङ सेन्टरको मापदण्ड पुगेका आधारभूत स्वास्थ्य सेवा केन्द्रमा दक्ष प्रसूतिकर्मी, आवश्यक सामग्रीको व्यवस्थापन गर्ने ।

४. निरन्तर अनुगमन सुपरिवेक्षण तथा प्रोत्सान गरी गाउँपालिका अन्तर्गत सञ्चालित, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्रको सेवालाई गुणस्तरीय वनाउने
५. प्रकृतिमैत्री स्वच्छ जीवन प्रणाली प्रवर्द्धन गरी पालिकावासीको रोग प्रतिरोधी क्षमता बृद्धि गर्ने ।
६. नसर्ने रोगको रोकथाम र न्यूनीकरण गर्न वडा स्तरका आधारभूत स्वास्थ्य संस्थाबाट ४० वर्षमाथिका नागरिकको अधिक तौल, कुपोषण, महिलाको पाठेघरको रोग, दमरोग, मृगौलारोग क्यान्सर रोग, मधुमेह रोग, सिकलसेल एनिमिया, उच्चरक्तचाप जस्ता रोगको नियमित जाँच गर्ने र बडी मास इन्डेक्स जाँच तथा परामर्शको व्यवस्था मिलाउने ।
७. गाउँपालिकाभित्रका निजी स्तरमा सञ्चालित स्वास्थ्य सेवा गुणस्तरीय वनाउन नियमित अनुगमन-मूल्याङ्कन तथा प्रोत्साहन गर्ने
८. राष्ट्रिय स्वास्थ्य नीति तथा कार्यक्रम अनुसार बाल तथा मातृमृत्युदर घटाउनका लागि सुरक्षित मातृत्व, बाल स्वास्थ्य, पोषण, स्वास्थ्य कार्यक्रम, परिवार नियोजन, खोप कार्यक्रम, सरुवा रोग तथा संक्रामक रोगसँग सम्बन्धित विभिन्न प्रतिकारात्मक, प्रवर्द्धनात्मक कार्यक्रमलाई प्रभावकारी रुपले सञ्चालन गर्ने ।
९. मदिरा तथा सूर्तिजन्य पदार्थको प्रयोगलाई निरुत्साहित गर्न, उपलब्धतालाई नियन्त्रण, बिक्री वितरणलाई उचित स्थान र समयलाई व्यवस्थित गर्न अनुगमन तथा नियमन गर्ने व्यवस्था गर्ने । सरुवा रोग जस्तै क्षयरोग, कुष्ठरोग, मलेरिया, डेङ्गु, एचआईभी एड्स तथा यौनरोग नियन्त्रण सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने र डेङ्गु तथा मलेरीया रोग निवारणका कार्यहरू गर्ने ।

### ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार जनस्वास्थ्य तथा पोषण उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | २०८४/८५ |
| ५ वर्ष मुनीका बालबालिकामा झाडापखला संक्रमण दर (प्रति हजार) | जना | २४० | २४३ | २२० | २०५ | १९५ |
| भिटामिन ए र जुकाको औषधी खाएका बालबालिका | प्रतिशत | ९० | ९१ | ९३ | ९४ | ९५ |
| परिवार नियोजनका साधन प्रयोग गर्ने प्रजनन उमेर (१५ देखि ४९ वर्ष उमेर)का महिला | प्रतिशत | २८ | ३४ | ३९ | ४५ | ५० |
| मापदण्डअनुसार आठ पटक गर्भवती जाँच सेवा प्राप्त गर्ने र दक्ष प्रसुतिकर्मीको सहयोगमा सुत्केरी हुने महिला (जीवित जन्ममा) | प्रतिशत | ३० | ३३ | ४२ | ४९ | ५५ |
| सबै प्रकारका खोपको पूर्ण मात्र प्राप्त गर्ने बालबालिका | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| स्वास्थ्य बिमामा सहभागी घरपरिवार | प्रतिशत | २४ | २७ | ३२ | ३६ | ४० |
| सरकारी मापदण्ड अनुरुपको आफ्नै भवन भएका स्वास्थ्य चौकी | संख्या | ० | १ | २ | ३ | ४ |
| आफ्नै (गाउँ ) अस्पताल | संख्या | ० | ० | ० | १ | १ |

### ४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, प्रस्तावित कार्यक्रमहरुको उद्देश्य र मध्यमकालीन बजेट खाकाको आधारमा स्वास्थ्य तथा पोषण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | ३४९९० | ३४९९० | ० | ० | ७०३ | २८११४ | ६१७२ | ० |
| २०८३/८४ | ३८४८९ | ३८४८९ | ० | ० | ७७४ | ३०९२६ | ६७८९ | ० |
| २०८४/८५ | ४२३३८ | ४२३३८ | ० | ० | ८५१ | ३४०१९ | ७४६८ | ० |

### ४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायानुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु.हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पालिका अस्पतालमा स्थापना र निर्माण र सुधार | पालिका स्तरमा उपचारात्मक सेवा प्रदान गर्नु | सालबसाली | ३०६०० | गाउं अस्पतालबाट वार्षिक औसत ३००० जनाले सेवा प्राप्त गरेका हुने |
| २ | आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निःशुल्क गर्भपतन कार्यक्रम | मातृ तथा नवशिशुको स्वास्थ्य प्रवर्द्धन गर्नु सुरक्षित सुत्केरी सेवा प्रदान गर्नु | सालबसाली | ४५०० | संस्थागत सुत्केरी राष्ट्रिय दरभन्दा बढेको हुने |
| ३ | क्षयरोग नियन्त्रण कार्यक्रम | स्वास्थ्यकर्मीहरूको क्षमता एवं तथ्याङ्कको अभिवृद्धि गर्नु | सालबसाली | ८४६४ | क्षयरोग नियन्त्रणमा स्वास्थ्यकर्मीहरू सक्षम भएका हुने |
| ४ | पोषण कार्यक्रम | सुनौला १००० दिनका आमा तथा बच्चाको पोषण स्वास्थ्य प्रवर्द्धन गर्नु | सालबसाली | १२००० | कुपोषणको दरलाई राष्ट्रिय दरभन्दा न्यून वनाउने |
| ५ | परिवार नियोजन किशोर किशोरी तथा प्रजनन् स्वास्थ्य कार्यक्रम | किशोर-किशोरी तथा प्रजनन् उमेरका महिलाहरूको प्रजनन् स्वास्थ्य प्रवर्द्धन गर्नु | सालबसाली | ४००० | किशोर किशोरीहरूले गुणस्तरीय प्रजनन् स्वास्थ्य सेवा पाएका हुने |
| ६ | खोप कार्यक्रम | बालबालिकाको रोग निरोधक क्षमता वृद्धि गर्नु | सालबसाली | ५००० | सम्पूर्ण बच्चाहरूले पूर्ण खोप पाएका हुने |
| ७ | महामारीजन्य रोग नियन्त्रण कार्यक्रम | महामारीजन्य रोगको नियन्त्रण व्यवस्थापन तथा उपचार सम्बन्धि क्षमता अभिवृद्धि गर्नु | सालबसाली | ५६९० | स्वास्थ्यकर्मीहरू महामारी नियन्त्रण र व्यवस्थापनमा सक्षम भएका हुने |
| ८ | विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रम | विद्यालयका बालबालिकाको पोषण स्वास्थ्य तथा सरसफाई प्रवर्द्धन गर्नु | सालबसाली | ४५६६ | विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको पोषण, स्वास्थ्य र |

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु.हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | | | | सरसफाइ प्रवर्द्धन भएको हुने |
| ९ | विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन | पहुँच नपुगेका तथा पिछडिएका समुदायका जनताहरूलाई विशेषज्ञ सेवा प्रदान गर्नु | सालबसाली | २००० | पहुँच नपुगेका तथा पिछडिएका समुदायका जनताहरुले विशेषज्ञ सेवा पाउने |
| १० | महिला स्वास्थ्य स्वयम्सेविका तथा स्वास्थ्यसम्बन्धि **अन्य नियमित कार्यक्रम** | महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका कार्यक्रमलाई थप प्रभावकारी वनाउनु | सालबसाली | ३९८९७ | महिला स्वास्थ्य स्वयम् सेविकाको मनोबल उच्च भएको र स्वास्थ्य कार्यक्रम निरन्तर सञ्चालन हुने |
| | **जम्मा** | | | **११५८१७** | |

### ४.२.९ जोखिमपक्ष तथा अनुमान

प्रस्तावित कार्यक्रमहरुको लागि गाउँपालिकाको आन्तरिक स्रोतले नपुग्ने र संघ तथा प्रदेश सरकारबाट विनियोजित बजेटमा निर्भर हुनुपर्ने बाध्यता रहेकोले अन्तर सरकार र सरोकारवाला बीच समन्वय हुन नसकेमा अपेक्षित नतिजा हासिल नहुन सक्छ। स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधि र खोप व्यवस्थापनमा अन्तर निकाय तथा सरोकारवालाको अर्थपूर्ण सहकार्य र साझेदारी हुन नसकेमा गाउँबासीको सामाजिक तथा आर्थिक अवस्थामा प्रतिकुल असर पार्न सक्ने जोखिम रहेको छ।

## ४.३ खानेपानी तथा सरसरफाई

### ४.३.१ पृष्ठभूमि

गाउँपालिका क्षेत्रमा खानेपानी तथा सरसफाई सम्बन्धि सेवा प्रवाहको लागि धेरै प्रयास भएको देखिन्छ। खानेपानी र सरसफाइको क्षेत्रमा यस गाउँपालिकामा पछिल्ला वर्षमा उल्लेखनिय सुधार भएको छ। गाउँपालिकालाई खुला दिसामुक्त क्षेत्रका रुपमा घोषणा गरी त्यस पछिका कार्यक्रमहरु संचलन हुर्दै आएको छ। एक घर एक खानेपानी धारा कार्यक्रम सञ्चालन भए अनुसार ३२ प्रतिशत घरधुरीको पर्खाल भित्र खानेपानी धाराको सुविधा रहको छ। कूल घरधुरी मध्ये ६५% घरधुरीमा आधारभूत खानेपानी सुविधा छ। सार्वजनिक शौचालय गाउँपालिका क्षेत्रमा ४ वटा रहेका छन्। यी शौचालयबाट स्थानीय नागरिकले सुविधा प्राप्त गरेको अवस्था छ। करिब सबै घरधुरीहरुमा आधारभूत रुपमा शौचालय रहेको अवस्था छ। गाउँपालिका तथा वडातहमा खानेपानी तथा सरसफाइ समिति गठन भै क्रियाशिल रहेका छन। खानेपानी र सरसफाइको क्षेत्रमा गैरसरकारी क्षेत्रको सहयोग रहेको देखिन्छ। हालको अवस्था हेर्दा स्वच्छ खानेपानी र सरसफाइ सम्बन्धि चेतनामा क्रमशः वृद्धि हुँदै गएको छ।

मष्टा गाउँपालिका क्षेत्रको फोहोरमैला व्यवस्थापन गर्नको लागि व्यववस्थित ल्याण्डफिल साईट र फोहोर प्रशोधन केन्द्रको अभाव रहेको छ। तैपनि एक ट्याक्टरको साहयताले फोहरमैला विर्सजनका लागि १ वटा डम्पिङ्ग साईड रहेको छ। ग्रामीण क्षेत्रमा फोहर व्यवस्थापनको खासै समस्या छैन तर नकुहिने प्लाष्टिक, सिसाका बोतलजन्य फोहोरबाट भने वातावरण र खेतीबालीमा असर गर्ने गरेको छ।

### ४.३.२ समस्या तथा चुनौती

खानेपानी तथा सरसफाईको क्षेत्रमा चेतना वृद्धि तथा अग्रसरताका बावजुद स्वच्छ पानीको उपलब्धता र सरसफाइको क्षेत्र व्यवस्थित हुन सकेको देखिदैन । हरेक पानीका मुहान दर्ता तथा नवीकरण गर्ने कार्यले गति लिन सकेको अवस्था छैन । स्वच्छ खानेपानी तथा सुरक्षा योजना वनन नसक्नाले खानेपानी तथा सरसफाई कार्यक्रम प्रभावकारी वनन सकेको छैन । भवन, आवास, तथा बजार विस्तार हुदै गइरहेको कारण फोहोरमैला व्यवस्थापन र प्रशोधन गर्न सकिएको छैन। सार्वजनिक स्थलमा सार्वजनिक शौचालयको व्यवस्था हुन सकेको छैन । ४ वटा सार्वजनिक शौचालय भएको तथ्यांक छ तर त्यो प्रर्याप्त संख्या हैन । जलवायु परिवर्तनका कारण पानीका मुहानहरू सुकेका छन, बिग्रे भत्केका छन् । निर्माण कार्य गर्दा पाईप लाईन क्षति हुनु, केहि पाईप लाईन २०/२५ वर्ष पुराना हुनु, पानीका मुहान सुक्दै जानु, पानीको मुहान टाढा हुनु, भिरालो जमिन र छरिएको वस्तीहरूमा खानेपानीको पहुँचमा सर्व सुलभ गराउनु मुख्य चुनौती वननु पुगेको छ ।

### ४.३.३ सोच

"गाउँपालिकाबासीका लागि स्वच्छ खानेपानी तथा पूर्ण सरसफाई"

### ४.३.४ उद्देश्य

१. सर्वसुलभ रुपमा स्वच्छ र गुणस्तरयुक्त खानेपानी सुविधा र सरसफाईको व्यवस्था गर्ने

### ४.३.५ रणनीतिहरु

१. खानेपानीको समस्या देखिएका वडा/क्षेत्रहरूका लागि सँघ तथा प्रदेश सरकारसँग समन्वय गरी खानेपानीका विशेष आयोजनाहरू सञ्चालन गर्ने
२. स्वच्छ खानेपानीका लागि एक घर एक धारा सुनिश्चित गर्नुका साथै सार्वजनिक स्थलहरूमा समेत सर्वसुलभ खानेपानीको व्यवस्था गर्ने ।
३. ग्रामीण वडाहरूमा खानेपानीको स्रोत तथा मुलहरूको पहिचान गरी संरक्षण र व्यवस्थापन गर्ने ।
४. गरिबीको रेखामुनी रहेका र अस्थायी शौचालय प्रयोग गरेका घरपरिवारका लागि पक्की शौचालय निर्माण गर्न र सार्वजनिक स्थानहरूमा शौचालयको प्रवनधका लागि विशेष व्यवस्था गर्ने ।
५. एकीकृत ढल निकास प्रणाली निर्माणका लागि अन्य सरोकारवाला निकायहरूसँग समन्वयमा काम गर्ने ।

### ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| आधारभूत खानेपानी | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सुविधा उपलब्ध घरपरिवार | | | | | | |
| शौचालय भएका परिपरिवार | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| एक घर एक धारा भएका घरपरिवार | प्रतिशत | २५ | ३० | ४० | ५० | ६० |
| सार्वजनिक शौचालय | संख्या | | | | | |
| ढलको लम्बाई ( ह्यूमपाइप) | मिटर | ० | ० | ० | ० | ० |
| पक्की स्ल्याबले ढाकेको ढल | मिटर | ५ | १० | ३० | ५० | ७० |
| सेनिटरी ल्याण्डफिल साइट | संख्या | ० | ० | ० | ० | १ |

### ४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध भएको बजेट सीमा तथा मार्गदर्शन, प्रस्तावित कार्यक्रमहरुको उद्देश्य र मध्यमकालीन बजेट खाकाको आधारमा खानेपानी सरसफाई उपक्षेत्रको खर्च र स्रोतको त्रिवर्षीय अनुमान निम्नानुसार प्रस्तुत गरिएको छ

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | २००२० | ० | २००२० | ० | ४०२ | १६०८६ | ३५३२ | ० |
| २०८३/८४ | २२०२२ | ० | २२०२२ | ० | ४४३ | १७६९५ | ३८८५ | ० |
| २०८४/८५ | २४२२४ | ० | २४२२४ | ० | ४८७ | १९४६४ | ४२७३ | ० |

### ४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण निम्नानुसार प्रस्तुत गरिएको छ।

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कूल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | खानेपानी तथा सरसफाई सुविधा प्रवर्द्धन कार्यक्रम | गुणस्तरीय खानेपानी र सरसफाई सुविधा वृद्धि गर्ने | सालबसाली | ६६२६६ | खानेपानी र सरसफाईको पहुँच वार्षिक २% ले वृद्धि हुनेछ। |
| | **जम्मा** | | | **६६२६६** | |

### ४.३.९ जोखिम पक्ष तथा अनुमान

यस खर्च संरचनामा प्रस्ताव गरे अनुसार नेपाल सरकारबाट बजेट सुनिश्चितता भै आयोजना संचालन, मर्मत सम्भार र स्तरोन्नती भएमा अपेक्षित उपलब्धि हासिल हुने अनुमान छ । यद्यपी, वर्षेनी आउने बाढीपहिरो र जलवायु परिवर्तबाट खानेपानीको श्रोतमा पर्ने नकारात्मक प्रभाव र विकास आयोजना निर्माणमा अन्तर निकाय समन्वय हुन नसके ढल तथा फोहारमैलाको उचित व्यवस्थापनमा व्यहोर्नुपर्ने विभिन्न चुनौती भने यथावत नै रहेका छन् ।

## ४.४ महिला, बालबालिका, समाज कल्याण तथा लैगिक समानता तथा सामाजिक समावेशीकरण

### ४.४.१ पृष्ठभूमि

महिला, बालबालिका तथा लक्षित वर्गको समग्र उत्थान र विकासका लागि तीनै तहका सरकार र हाल गाउँपालिका महिला विकास शाखाले वार्षिक रुपमा विभिन्न कार्यहरू गर्दै आएको छ। महिलाहरू आर्थिक, सामाजिक दृष्टिकोणले सङ्गठित हुने प्रयास गर्दै आएका छन् । आमा समूह,  दलित सम्वन्धि संघ संस्थाहरु, वाल क्लव, टोल विकास संस्था, राजनीतिक दलहरू जस्ता विभिन्न सामाजिक संरचनामा संगठित हुँदै आएका छन् । यहां १ वटा महिला सहकारी संस्था रहेको छ । यहाँ उपर्युक्त प्रयासहरूका बाबजुद, विकासका समग्र आयाममा महिलाहरू आधी हिस्सा हुन निकै धेरै काम गर्नुपर्ने अवस्था छ ।

बालबालिकाका लागि शिक्षा, स्वास्थ्य, संरक्षणका लागि विभिन्न कार्यहरू हुँदै आएका छन् तर सबै बालबालिकाको समग्र व्यक्तित्व विकासका लागि पर्याप्त कार्यहरू हुन सकेका छैनन् । महिला सशक्तीकरणको विकासक्रमसंगै महिलाहरु कृषि पेशाको अतिरिक्त, उद्यम व्यावसायमा, सहकारी संस्थामा, समुहमा, गैरसरकारी संस्थामा, शिक्षक पेशामा, राजनीतिमा र धार्मिक संस्थामा समेत संलग्न रही समाजको सेवा गरेको अवस्था रहेको छ ।

आर्थिक विपन्नता तथा सामाजिक विभेदका कारण गरिब घरपरिवारमा बालबालिकाहरू रोजगारीका लागि शहरी क्षेत्रतिर जाने गरेको देखिन्छ । अझै पनि समाजमा जातभात र छुवाछुत जस्ता सामाजिक कुरितीहरुको असर कायमै रहेको छ। समुदाय र विद्यालयमा बालक्लबहरूको संख्यामा वृद्धि गरी विगतका वर्षहरूको तुलनामा क्षमता विकासका कार्यक्रमहरु संचालन गर्नु पर्ने आवश्यकता छ। त्यस्ता क्लबहरुमा पनि बालकको तुलनामा बालिकाको संख्या थोरै देखिन्छ, बढाउनको लागि उत्प्रेरणा जगाउनु पर्दछ ।

### ४.४.२ समस्या तथा चुनौती

पछिल्ला वर्षहरुमा छोरा छोरीबीचको भेदभाव कम हुँदै गएतापनि छोरी र बुहारी बीचको विभेद कायमै रहेको, लैङ्गिक हिंसाका घटनामा कमी नआएको, श्रमिकहरूको ज्यालामा लैङ्गिक विभेद कायम रहेको, महिला मानसिक हिंसाबाट पिडित हुने गरेको जस्ता समस्या अझै रहेका छन् । जेष्ठ नागरिकहरू मध्ये आर्थिक अभावका कारण महिलाहरू समस्यामा पर्ने गरेको, प्रविधिको अधिक प्रयोगले बालबालिकाहरूमा एकोहरोपना देखिएको र सामाजिकीरणको क्षेत्रमा अपेक्षित रुपमा विकास हुन नसकेको अवस्था छ । त्यसैगरी बाल अधिकार र कर्तव्य बीच असन्तुलन देखिएको, शिशु स्याहार केन्द्र नभएको कारण कामकाजी अभिभावक भएका बालबालिहरूको उचित व्यवस्थापन नभएको, गठन भएका बाल क्लबहरू सक्रीय हुन नसकेको जेष्ठ नागरिकहरूका रहेको ज्ञान सिप नयाँ पुस्तामा हस्तान्तरण हुन नसकेको, समाजमा जेष्ठ नागरिकहरूलाई उचित सम्मान दिन नसक्नु पनि चुनौती वन्दै गएको छ । अपाङ्गता भएका व्यक्तिहरूले उचित सम्मान पाउन नसकेको, उनीहरूको शिक्षा, स्वास्थ्य तथा रोजगारीका अवसरमा पहुँच नभएको, शिक्षा तथा स्वास्थ्यका संरचना अपाङ्गमैत्री नभएको, परम्परागत पेशामा दलित युवाको आकर्षण कम भएको, दलित बालबालिकाहरूमा बिचैमा विद्यालय छोड्ने र कुपोषणको संख्या अधिक रहेको जस्ता

समस्याहरू रहेका छन् । महिलाहरूमा स्तन क्यान्सर, पाठेघरको क्यान्सरजस्ता विशेष स्वास्थ्य समस्याहरू रहेका छन् ।

लक्षित वर्ग सशक्तीकरण र क्षमता विकास कार्यक्रम प्रभावकारी हुन नसक्दा उनीहरूको अवस्थामा आसा तित सुधार हुन सकेको छैन । लक्षित वर्गमा आत्मविश्वासको कमी रहेको छ । सामाजिक सुरक्षा वृत्ति वितरणमा समस्या र गुनासो कायमै रहेको छ ।

लक्षित वर्गका लागि तर्जुमा गरिएका कार्यक्रमहरूबाट अपेक्षित प्रतिफल प्राप्त हुन भने सकेको छैन । लक्षित वर्गमा स्वरोजगारीका अवसर तथा आत्मनिर्भरतामा कमी रहेको छ । पिछडिएको वर्गमा कानून तथा अधिकार सम्वन्धमा जानकारीको कमी रहेको छ। आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा लक्षित वर्गको अर्थपूर्ण सहभागितामा कमी छ भने प्रभावशाली उपस्थिति रहेको छैन ।

### ४.४.३ सोच

"लैङ्गिक समानता, सामाजिक समावेशीकरण  र सम न्यायिक सभ्य समाजको निर्माण"

### ४.४.४ उद्देश्य

१. महिला, बालबालिका, दलित, अपाङ्गता भएका, ज्येष्ठ नागरिक एवम् अन्य सीमान्तीकृत समुदायका लागि जीवनोपयोगी सीप र आय आर्जनका आधार/अवसरहरू उपलब्ध गराउने
२. विभेद, हिंसा तथा कुप्रथा अन्त्य गरी आत्मसम्मान र न्यायपूर्ण समाज सिर्जना गर्ने
३. सबै प्रकारका भौतिक पूर्वाधार संरचनाहरू तथा नीतिगत संरचनाहरूलाई महिला, बालबालिका, ज्येष्ठ नागरिक एवम् अपाङ्गतामैत्री वनाउने

### ४.४.५ रणनीति

१ अपाङ्ग, महिला, दलित, जनजाती लगायत विपन्न वर्गलाई उद्यम व्यवसायमा आकर्षित गर्ने । महिला, अपाङ्गता भएका, दलित, लोपोन्मुख, आदिवासीहरूका लागि गुणस्तरीय, व्यावसायिक सीपमूलक र जीवनपयोगी तालिमको सुनिश्चितता गर्ने ।

२ जेष्ठ नागरिक/अपाङ्ग/गरिब/असहाय/विपन्न/आर्थिक अवस्था कमजोर भएका समुदायलाई पालिकाले प्रदान गर्ने सेवा सुविधामा समतामूलक नीति अवलम्बन गर्ने

३ लक्षित वर्गको आर्थिक अवस्थामा सुधार गर्न सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने

४ गर्भवती तथा सुत्केरी महिलाहरूको पोषणमा सुधार गर्न विशेष कार्यक्रमहरू सञ्चालन गर्ने

५ आर्थिक अवस्था कमजोर भएका दलित, एकल महिला, जनजाति र राज्यले तोकेका अन्य विपन्न वर्गहरूलाई आय-आर्जन गरी आत्मनिर्भर हुन आवश्यक सहयोग गर्ने

६ अब निर्माण हुने सबै प्रकारका सार्वजनिक तथा ठूला व्यापारिक भवन तथा सार्वजनिक स्थल एवम् संरचनाहरूलाई महिला, बालबालिका, ज्येष्ठ नागरिक, तथा अपाङ्गतामैत्री हुने गरी निर्माण गर्ने र विद्यमान संरचनालाई तदनुरुप सुधार गर्ने ।

७ समाजमा भएका सबै प्रकारका हिंसा, कुप्रथा र दुर्व्यवहार न्यूनीकरणका लागि आवश्यक नीति निर्माण सहित कार्यान्वयनमा जाने

### ४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा प्रस्तावित कार्यक्रमहरुको उद्देश्य र अपेक्षित नतिजाको आधारमा तयार यस उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य  निम्नानुसार उल्लेख गरिएको छ ।

| सूचक | एकाई | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| लैङ्गिक हिंसाअन्तर्गत बहुबिवाह पिडित महिला | संख्या | ० | ० | ० | ० | ० |
| गाउँ भित्र रहेका सडक बालबालिका | संख्या | ० | ० | ० | ० | ० |
| यस गाउँ भित्र रहेका बालगृह | संख्या | ० | ० | ० | ० | ० |
| महिला, दलित तथा सिमान्तीकृत समुदाय लक्षित संघसंस्था/समूह | संख्या | २० | २३ | २७ | ३१ | ३५ |
| महिलाको नेतृत्वमा सञ्चालित सहकारी | प्रतिशत | १ | १ | २ | ३ | ४ |
| दलित तथा जनजातीको नेतृत्वमा सञ्चालित सहकारी | प्रतिशत | ० | ० | १ | २ | ३ |
| जमिनमाथि महिलाको स्वामित्व भएको घरपरिवार | प्रतिशत | ११ | १२ | १३ | १४ | १५ |
| बाल सुधार गृह | संख्या | ० | ० | ० | ० | ० |
| जेष्ठ नागरिक सामुदायिक भवन | संख्या | ० | ० | ० | ० | १ |
| महिला बालबालिका र सामाजिक संरक्षण सम्बन्धि नीति निर्माण तथा योजना तर्जुमा | संख्या | १ | १ | १ | १ | १ |

### ४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध भएको बजेट सीमा तथा मार्गदर्शन, गाउँपालिकाको वस्तुस्थिति, प्रस्तावित कार्यक्रमहरुको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा यस उपक्षेत्रको खर्च र स्रोतको` त्रिवर्षीय अनुमान निम्नानुसार उल्लेख गरिएको छ ।

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको श्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | १३५९१ | १३५९१ | ० | ० | २७३ | १०९२० | २३९७ | ० |
| २०८३/८४ | १४९५० | १४९५० | ० | ० | ३०० | १२०१२ | २६३७ | ० |
| २०८४/८५ | १६४४५ | १६४४५ | ० | ० | ३३१ | १३२१४ | २९०१ | ० |

### ४.४.८ आयोजना/कार्यक्रमसंक्षिप्त विवरण

आयोजना तथा कार्यक्रमको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तपसिल बमोजिम प्रस्तुत गरिएको छ ।

| क्र.सं. | आयोजना तथा कार्यक्रम | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कूललागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | महिला तथा लक्षित समुदाय आर्थिक सशक्तीकरण कार्यक्रम | बिपन्न महिला अपांगता भएका व्यक्ति तथा प्रभाभित परिवार, महिला सहकारीका सदस्यहरुको आर्थिक तथा सामाजिक सशक्तीकरण गर्नु | सालबसाली | १४३६५ | विपन्न महिला, अपांगता भएका व्यक्ति, एकल महिला, दलित महिला समेत ५० जना स्वरोजगार तथा लाभान्वित हुनेछन् । |
| २ | बालबालिका तथा जेष्ठ नागरिक संरक्षण कार्यक्रम | बालबालिका तथा जेष्ठ नागरिकको संरक्षण र सम्मान र सहभागितामा अभिवृद्धि गर्नु | सालबसाली | ३६८७ | वार्षिक २०० बालबालिका तथा जेष्ठ नागरिक प्रत्यक्ष लाभान्वित हुनेछन् । |
| ३ | अपाङ्गता भएका व्यक्ति संरक्षण तथा सशक्तीकरण कार्यक्रम | वर्गीकृत परिचय पत्र, सहायक सामग्री र सचेतनामा अभिवृद्धि गर्नु | सालबसाली | ५३०० | अपाङ्गता भएका सबैले अपाङ्गताको परिचय पत्र पाइ सामाजिक सुरक्षा कार्यक्रममा समावेश भएका हुनेछन् । |
| ४ | दलित, अल्पसंख्यक, सिमान्तीकृत र जनजाति उत्थान कार्यक्रम | दलित, अल्पसंख्यक, सिमान्तकृत, जनजाति र यौनिक अल्पसंख्यकको अधिकार र संस्कृति संरक्षण र प्रवर्द्धन गर्नु | सालबसाली | ६७९८ | दलित वर्गमा चेतना र संस्कृतिको जगेर्नामा अभिबृद्धि, सिमान्तकृत बर्गको सशक्तीकरणमा अभिवृद्धि हुनेछ । |
| ५ | महिला, पिछडिएको क्षेत्रका वासिन्दा, वालवालिका, अपांगता, दलित, यौनिक अल्पसंख्यकहरुलाई उत्थानशिल कार्यक्रम र अन्य सालवासली कार्यक्रम | महिला, पिछडिएको क्षेत्रका वासिन्दा, वालवालिका, अपांगता, दलित उत्थानशिल सालवासली अन्य कार्यक्रम मार्फत उनीहरुको अधिकार, सहभागिता, आर्थिक तथा सशक्तिकरण गर्नु | सालवसाली | १५१३५ | महिला, पिछडिएको क्षेत्रका वासिन्दा, वालवालिका, अपांगता, दलित, यौनिक अल्पसंख्यक उत्थानशिल भई शसक्तिकरण र आर्थिक उपार्जनमा अभिवृद्धि भएको हुनेछ । |
| | **जम्मा** | | | **४४९८५** | |

### ४.४.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा हालका दिनमा सकारात्मक प्रयास भए तापनि लक्षित वर्गको अवस्थामा अपेक्षाकृत सुधार हुन सकेको छैन । गाउँपालिकामा महिला, बालबालिका र लक्षित वर्गमैत्री पूर्वाधार, नीति, नियम र संरचनाको कमी रहेको छ । महिलामा बहुकार्य बोझको अवस्था कायमै छ । लक्षित वर्ग सशक्तीकरण, क्षमता विकास कार्यक्रम तथा उद्यम व्यवसायमा उत्प्रेरण जगाउन नसक्दा उनीहरूको अवस्थामा आसा तित् सुधार हुन सकेको छैन । लक्षित वर्गका लागि तर्जुमा गरिएका कार्यक्रमहरू कार्यान्वयनबाट अपेक्षित रुपमा प्रतिफल प्राप्त गर्न सकेका छैनन् । लक्षित वर्गमा स्वरोजगारीका अवसर तथा आत्म निर्भरतामा कमी रहेको छ । पिछडिएको वर्गमा कानून, मानवअधिकार तथा कर्तव्यको सम्वनधमा जानकारीको कमी रहेको छ । आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा लक्षित वर्गको अर्थपूर्ण सहभागितामा कमी नै रहेको छ ।

## ४.५ युवा, खेलकुद तथा नवप्रवर्द्धन

### ४.५.१ पृष्ठभूमि

आर्थिक रुपले सक्रिय जनसंख्यामा पनि पुरुषको तुलनामा महिलाको संख्या बढी रहेको छ। गाउँपालिकाको बजार क्षेत्रमा पूर्वाधार तथा अवसरका हिसाबले पनि अध्ययन, व्यावसाय गर्न र खेलकुद गतिविधि सञ्चालन गर्न अनूकुल वातावरण रहेको छ । अहिलेको आधुनिक प्रविधिको जमानामा उपलब्ध युवा जनशक्तिलाई तुलनात्मक लाभको क्षेत्रका रूपमा प्राथमिकतामा राखी सूचना प्रविधि (आईसीटी) सँग जोडेर आर्थिक विकास र सामाजिक रूपान्तरणको संवाहकका रूपमा स्थापित गने अवसर रहेको छ ।

### ४.५.२ समस्या तथा चुनौती

बैदेशिक रोजगारी र बिदेश अध्ययनका कारण युवाहरुको पलायन, खेलाडीको प्रतिस्पर्धी क्षमता अभिवृद्धिका लागि उपयुक्त नीति तथा स्रोतसाधनको कमी, दुव्यर्सनको बढ्दो प्रवृत्ती र समसामयिक राजनीतिक परिवेश प्रति युवाहरुको बढ्दो वितृष्णा यस क्षेत्रका मुख्य समस्याहरु हुन् । युवाहरूमा बजार माग अनुसारको सीपको कमी, उद्यमशीलता र रोजगारीका अवसरहरू पर्याप्त नहुनु, आवश्यक सीप र तालिम विना नै वैदेशिक रोजगारीमा जानु पर्ने बाध्यता, गाउँ पालिका सँग युवा परिचालनको लागि ठोस नीति र कार्यक्रम नहुनुले पनि युवा तथा खेलकुल क्षेत्रलाई स्थानीय विकासको मुलप्रवाहमा समाविष्ट गर्न चुनौती देखिएको छ। उच्च शिक्षाको लागि राजधानी लगायतका अन्य शहर र विदेश जानुपर्ने अवस्थाले पनि युवाहरुलाई सिर्जनशील कामको थालनीका लागि वातावरण निर्माण गर्नमा बाधा पुऱ्याईरहेको छ।

### ४.५.३ सोच

"स्थानीय अर्थतन्त्रको मुख्य हिस्साका रुपमा स्थापित रोजगारमूलक उद्योग व्यवसाय"

### ४.५.४ उद्देश्य

१. गाउँको समग्र विकासमा युवाहरुको अर्थपूर्ण सहभागिता वृद्धि गर्नु,

२. युवाहरूलाई उद्यमशील, व्यावसायिक र सिर्जनशील वनाउनु ।

### ४.५.५ रणनीतिहरु

१. गाउँपालिकाको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा युवाको सहभागिता सुनिश्चित गर्ने,

२. युवाहरुलाई उद्यमशील, व्यावसायीक र सिर्जनशील भई स्वरोजगार र आत्मनिर्भर वन्न क्षमता विकास तथा वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने,

३. युवाहरुको नेतृत्वमा खेलकुद गतिविधिहरूको वार्षिक क्यालेन्डर वनाएर नियमित रूपमा कार्यक्रमहरू सञ्चालन गर्ने ।

### ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा युवा लक्ष्यित कार्यक्रमहरुको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त युवा (वार्षिक) | संख्या | ३०० | ३२५ | ३५० | ३७५ | ४०० |
| गाउँ पालिकामा सक्रिय युवा क्लव तथा युवा संजाल | संख्या | १ | २ | २ | ४ | ५ |
| स्तरीय खेलकुद मैदान/रंगशाला | संख्या | १ | १ | २ | २ | ३ |
| गाउँपालिकाले आयोजना गर्ने खेलकुद प्रतियोगिता ( बार्षिक) | संख्या | ४ | ४ | ४ | ५ | ५ |
| सिर्जनशीलता र उद्यमशीलता प्रस्फुटन क्याम्प (बार्षिक) | पटक | ० | ० | १ | १ | २ |
| युवा लक्षित सिर्जनशीलता पुरस्कार | संख्या | ० | ० | १ | १ | १ |

### ४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा युवा तथा खेलकुद उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | २३६५ | २३६५ | ० | ० | ४८ | १९०० | ४१७ | ० |
| २०८३/८४ | २६०२ | २६०२ | ० | ० | ५२ | २०९१ | ४५९ | ० |
| २०८४/८५ | २८६२ | २८६२ | ० | ० | ५८ | २३०० | ५०५ | ० |

### ४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | युवा सिर्जनशिलता तथा उद्यमशीलता विकास कार्यक्रम | युवाहरुमा सीप प्रदान, दक्षता र उद्यमशीलता विकास गरी स्वरोगारी अभिवृद्धि गर्नु | सालबसाली | २२६६ | ७ वडामा युवा क्लव/सञ्जाल मार्फत करिब १०० युवाहरुमा सिर्जनशिलता र उद्यमशीलता विकास भई स्वरोजगार हुनेछन् । |
| २. | खेलकुद विकास तथा खेलाडीको क्षमता अभिवृद्धि कार्यक्रम | खेल पूर्वाधार विकास, खेलकुद प्रतियोगिता आयोजना र खेलाडीको क्षमता विकास गर्नु | सालबसाली | ३०९२ | १ खेल मैदानको स्तरोन्नती सम्पन्न भई खेल प्रशिक्षण र प्रतियोगिता नियमित रुपमा सञ्चालन हुनेछन् । |
| ३. | संस्थागत क्षमता विकास कार्यक्रम | युवा तथा खेलकुद क्षेत्रको विकासका लागि गाउँपालिकाको क्षमता विकास गर्नु | सालबसाली | २४७० | युवा तथा खेलकुद नीति, ऐन र कार्यविधि पारित भई कार्यान्वयनमा आउने र वार्षिक १ फ्ल्यागशीप प्रतियोगिता सञ्चालन गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | **जम्मा** | | | ७८२८ | |

### ४.५.९ जोखिम पक्ष तथा अनुमान

युवाहरु सँग नवीन विचार भए पनि त्यसलाई उद्यमशीलता र व्यावसायमा रुपान्तरण गर्न आवश्यक पूँजी नहुनुले पनि नवप्रवर्तनमा चुनौती थपेको छ। विदेशवाट फर्केका युवाहरूको सीप तथा अनुभवको उचित प्रयोग गरि उत्पादनमुलक कार्यमा लगाउनु, गाउँ पालिका क्षेत्रमा भएका पर्यटन लगायतका तुलनात्मक लाभका क्षेत्रमा युवाहरूलाई आकर्षित गरी यस्ता व्यावसाय सञ्चालनमा परिचालित गर्ने कार्य निकै चुनौतीपूर्ण छ।

## ४.६ सामाजिक सुरक्षा तथा संरक्षण

### ४.६.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ को मर्म र भावना अनुरुप समाजका जेष्ठ नागरिक, एकल महिला, विधवा, दलित वर्ग, लोपोन्मुख आदिवासी जनजाती, अशक्त, अपांगता भएका नागरिकहरु एवं वालवालिकाहरुको सामाजिक सुरक्षा र संरक्षण संम्वन्धी मौलिक हकको संरक्षण गर्न, राज्यको दायित्व, संविधानको निर्देशक सिद्धान्त तथा नितिहरुले निर्देश गरे अनुरुप सामाजिक न्याय प्रदान गर्ने कार्यमा सहयोग गर्न र नेपालले अन्तराष्ट्रिय महासन्धिहरुमा अभिव्यक्त गरेको प्रतिवद्धता तथा समय समयमा नेपाल सरकारका निति, कार्यक्रम तथा वजेटले सम्वोधन गरे अनुरुप यिनीहरुको मानवोचित जिवन यापनमा सहयोग कार्यलाई उच्च महत्व दिदै सामाजिक कार्यक्रमलाई व्यवस्थित गरी कमजोर, सिमान्तकृत र विपन्न नागरीकहरुको सामाजिक सुरक्षा तथा संरुक्षण हक अधिकार सुनश्चित गर्न सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमले सहयोग पुर्‍याउदछ।

### ४.६.२ समस्या तथा चुनौती

जेष्ठ नागरिकहरूका रहेको ज्ञान सिप नयाँ पुस्तामा हस्तान्तरण हुन नसकेको, समाजमा जेष्ठ नागरिकहरूलाई उचित सम्मान दिन नसक्नु पनि चुनौती बन्दै गएको छ। अपाङ्गता भएका व्यक्तिहरूले उचित सम्मान पाउन नसकेको, उनीहरूको शिक्षा, स्वास्थ्य तथा रोजगारीका अवसरमा पहुँच नभएको, शिक्षा तथा स्वास्थ्यका संरचना अपाङ्गमैत्री नभएको, परम्परागत पेशामा दलित युवाको आकर्षण कम भएको, दलित बालबालिकाहरूमा बिचैमा विद्यालय छोड्ने र कुपोषणको संख्या अधिक रहेको जस्ता समस्याहरू रहेका छन्

### ४.६.३ उद्देश्य

- सामाजिक सुरक्षा भत्ता वृति अनुदान वितरण प्रणालीलाई सरलीकृत गर्ने।
- सामाजिक सुरक्षा अभिलेख तथा सुचना प्रवाह प्रणाली व्यवस्थापन तथा अद्यावधिक गर्ने।
- सामाजिक सुरक्षा भत्ता उपलव्ध गराउने र सामाजिक सुरक्षा भत्ता वितरण कार्यको प्रभावकारी अनुगमन गर्ने।
- वालवालिकाको पोषणमा सुधार ल्याउने।

### ४.६.४ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा युवा तथा खेलकुद उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | २४४८ | २४४८ | ० | ० | ४९ | १९६७ | ४३२ | ० |
| २०८३/८४ | २६९२ | २६९२ | ० | ० | ५४ | २१६३ | ४७५ | ० |
| २०८४/८५ | २९६१ | २९६१ | ० | ० | ६० | २३७९ | ५२२ | ० |

### ४.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | जेष्ठ नागरिक, अपांग, एकल महिला, दलित तथा वालवालिकाहरुलाई सासु भत्ता उपलव्ध गराउने | सालबसाली | ८१०१ | जेष्ठ नागरिक, अपांग, एकल महिला, दलित तथा वालवालिकाहरुलाई सासु भत्ता प्राप्त गरेका हुनेछन् । |
| | **जम्मा** | | | **८१०१** | |

# परिच्छेद ५: पूर्वाधार क्षेत्र

पूर्वाधार क्षेत्र अन्तर्गत आवास, भवन तथा शहरी विकास, सडक, पुल तथा यातायात, जलस्रोत विद्युत तथा वैकल्पिक उर्जा, सूचना तथा सञ्चार प्रविधि, विद्युतीय सुशासन लगायतका उपक्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौती , लक्ष्य , रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा श्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ५.१ आवास, भवन,सडक तथा यातायात तथा शहरी विकास

### ५.१.१ पृष्ठभूमि

मष्टा गाउँपालिकाको समष्टिगत आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाह गर्न भौतिक पूर्वाधार विकास क्षेत्रको भूमिका महत्वपूर्ण हुन्छ । भौतिक पूर्वाधार विकासले अन्तरआवद्धता, अन्तरसम्वनध विकासद्वारा, बजार सूचना, सेवा सुविधाको स्तर, पहुँच र उपयोग जस्ता विकास प्रतिफलको नतिजा हासिलमा प्रत्यक्ष योगदान गर्दछ । तर पूर्वाधार विकास र विस्तारबाट दिगो लाभ लिन पूर्वाधारको दिगो संचालनका साथ साथै वातावरणमा पर्ने नकारात्मक असरलाई न्यून गर्न संरक्षणका उपायहरू अवलम्बन गर्नु पर्दछ। सडकसँग जोडिएका बजारकेन्द्र तथा साना साना वस्तिहरुमा समेत पक्की भवन तथा आवास निर्माण गर्न थालिएका छन् । निजी तथा सार्वजनिक सबै प्रकारका भौतिक संरचना बालमैत्री, लैङ्गिक र अपाङ्गमैत्री निर्माण गर्न भवन निर्माण संहिता तथा निर्माण सम्बन्धि आधारभूत मापदण्ड बमोजिम कार्य गर्नुपर्ने देखिएको छ । यस गाउँपालिकामा सबै नागरिकको लागि गुणस्तर शिक्षा, स्वास्थ्य, रोजगारी तथा सुरक्षित आवास र बजार विकास तथा विस्तारको प्रत्याभूति दिलाउँदै, अन्य शहरी व्यवस्थापनका आधारभूत सिद्धान्तहरूलाई आत्मसाथ गरी दिगो विकासको लक्ष्य ११ हासिल गर्न, गरिबी घटाउन गाउँपालिकाले आर्थिक सामाजिक विकासको क्षेत्रमा टेवा दिन सुरक्षित आवास तथा शहरी विकासलाई उच्च प्राथमिकतामा राखी काम गर्नुपर्ने देखिन्छ ।

सेवा, सुविधा, सडक संजाल तथा यातायातको सुविधाले गर्दा मष्टा गाउँपालिका वरिपरि आवास तथा भवन निर्माण अनि बसाइसराई गर्ने प्रक्रिया बढ्दै जाँदा भवन निर्माण कार्यले समेटेको वा ओगटेको जमिनको हिस्सा विस्तार हुँदै गएको देखिन्छ। मष्टा गाउँपालिकामा ९८ प्रतिशत नागरिकको आफ्नै घर छ भने २ प्रतिशत भूमिहीन तथा सुकुम्बासी श्रमगरी खाने छन् । बजार केन्द्रहरु साना छन् । आधुनिक (सिमेन्ट तथा कंक्रिटबाट निर्मित) घरहरूको बाहुल्यता बढ्न थालेको छ । ग्रामीण वस्तिहरुमा भने भूकम्पबाट असुरक्षित रहेका ढुङा-माटोका घरको संख्या धेरै नै छन् ।

### ५.१.२ समस्या तथा चुनौती

गाउँपालिकाको अधिकांश क्षेत्र पूर्वाधार विकासको क्षेत्रमा पछाडि परेको छ। अधिकांश वस्ती कुनाकाप्चा, पाखा पखेरा र भौगोलिक हिसाबले विकट स्थानमा छरिएर रहेका छन् । यस्ता विकट गाउँहरुमा बसोबास गर्ने जनसंख्यालाई गाउँपालिकामा हुनुपर्ने आधारभुत शहरी सेवा सुविधा प्रदान गर्न, आवास तथा भवन निर्माण कार्यको व्यवस्था मिलाउन, सडक पूर्वाधारलाई व्यवस्थित गर्न, वस्तीहरूलाई विपद्को जोखिमबाट जोगाउन, विपद् आइलागेको अवस्थामा उद्धार, राहत तथा प्रतिकार्य गर्न सहज वनाउँदै सुरक्षित आवास, बजारको व्यवस्था र सहज जिवनयापनको प्रत्याभूति दिने कार्य अत्यन्तै चुनौतीपूर्ण रहेको छ ।

### ५.१.३ सोच

“सुरक्षित भवन, आवास तथा विपद् उत्थानशील शहरीकरण”

### ५.१.४ उद्देश्य

१. सबैको लागि उपयुक्त, सुरक्षित तथा एकीकृत वस्ती तथा आवासको विकास गर्ने

२. ग्रामीण क्षेत्रका बजार उन्मुख क्षेत्रमा शहरी पूर्वाधारको विकास गर्ने

३. यातायात, बजार एवं आधारभूत सविधाको स्तर वृद्धि गर्ने

४. विद्युतको सहज आपूर्ति तथा निर्यात व्यवस्थापन र वैकल्पिक/नवीकरणीय उर्जा प्रवर्द्धन तथा विस्तार गर्ने

### ५.१.५ रणनीति

५. गाउँपालिकाको विस्तारित क्षेत्रको गुरुयोजना निर्माण कार्य सम्पन्न गरी तुरुन्त कार्यान्वयनमा अघि बढाउने

६. प्रदेश सरकारसँग सहकार्यमा गाउँपालिका क्षेत्रका सडकहरू तथा प्रत्येक घरधुरीको नम्बरिङ्ग गरी मेट्रिक ठेगाना प्रणाली लागू गर्ने

७. अव्यवस्थित जग्गा प्लटिङ्ग, बसोबास र सडक खोल्ने कार्यलाई निरुत्साहित गर्ने ।

८. भूकम्प प्रतिरोधी घर निर्माणका लागि प्राविधिक तथा डकर्मीको क्षमता विकास तथा समुदायमा जनचेतनाका कार्यक्रम सचालन गर्न विभिन्न संस्थाहरूसँग सहकार्य गर्दै तालिम प्राप्त डकर्मीहरूबाट मात्र घर निर्माण गर्ने व्यवस्था गर्ने

९. सडकको छेउमा रहेका रुखहरूलाई छटान तथा सजावटका कार्य गर्दै सडक सौन्दर्य प्रर्वद्धन गर्ने

१०. सडक बत्ति लगायत शहरी सौन्दर्य व्यवस्थापनमा प्रहरी, टोल विकास संस्था र निजी क्षेत्रसँग सहकार्य गर्ने

### ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| भूकम्प प्रतिरोधी प्रविधि अनुसार वनेका आवासीय भवन | प्रतिशत | १० | १२ | १४ | १६ | १८ |
| अव्यवस्थित तथा सुकुम्वासी बस्तीहरूमा बसोबास गर्ने घरपरिवार | संख्या | २९० | २८५ | २८० | २७५ | २७० |
| फुस वा खरले छाएको घरमा बसोबास गर्ने घरपरिवार | संख्या | ० | ० | ० | ० | ० |
| मापदण्ड अनुसार निर्माण भएका वडा कार्यालय, विद्यालय तथा स्वास्थ्य संस्थाका भवन | प्रतिशत | ६५ | ७० | ७५ | ८० | ८५ |
| गाउँपालिकाको प्रशासनिक भवन | संख्या | १ | १ | १ | १ | १ |

### ५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध गराएको बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रमको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा आवास, भवन तथा शहरी विकास उप-क्षेत्रको खर्च र स्रोतको त्रिवर्षीय अनुमान तपसिल अनुसार प्रस्तुत गरिएको छ ।

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको श्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | २६४९९ | ० | २६४९९ | ० | ५३३ | २१२९२ | ४६७४ | ० |
| २०८३/८४ | २९१४९ | ० | २९१४९ | ० | ५८६ | २३४२१ | ५१४२ | ० |
| २०८४/८५ | ३२०६४ | ० | ३२०६४ | ० | ६४४ | २५७६३ | ५६५६ | ० |

### ५.१.८ आयोजना/कार्यक्रमको संक्षिप्त विवरण

प्रस्ताव गरिएका कार्यक्रमहरु तथा तयारीको चरणमा रहेका आयोजनाको उद्देश्य, अवधि, लागत र अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तपसिल बमोजिम प्रस्तुत गरिएको छ ।

| क्र. सं. | आयोजना तथा कार्यक्रम | उद्देश्य | अवधि | कूल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गाउँपालिकाको वन्दै गरेको थप एक प्रशासकीय भवन निर्माण | सुविधा सम्पन्न भवन निर्माण गरी एकीकृत रुपमा सेवा प्रवाह गर्नु | २०८२/८३ देखि ०८४/८५ सम्म | २००० | बेसमेन्ट पार्किङ सहितको सुविधा सम्पन्न भवन निर्माण हुनेछ । |
| २ | आवास, वडा कार्यालय भवन, तथा शहरी विकास अन्य कार्यक्रम | भवन, आवास, बस्ती तथा शहरी विकासलाई सुव्यस्थित वनाउनु | सालबसाली | ८५७१२ | आवास, वडा कार्यालय भवन तथा शहरी विकास सम्बन्धि सेवा सुचारु हुनेछ । |
| | **जम्मा** | | | **८७७१२** | |

### ५.१.९ जोखिम पक्ष तथा अनुमान

सडक तथा भवनको मापदण्ड तयार हुनेछ । भू-उपयोग, आवास, वस्ती विकास तथा भवन निर्माण सम्बन्धि मापदण्डको परिपालनामा अभिवृद्धि हुनेछ । भूस्वरुपमा परिवर्तन हुने, शहरीकरणका कारण फोहोरमैला विसर्जन र वातावरणीय ह्रासमा वृद्धि भई गाउँपालिका क्षेत्रको सुन्दरता, हरियाली र स्वच्छतामा ह्रास आउने जोखिम रहेको छ ।

## ५.२ जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा

### ५.२.१ पृष्ठभूमि

गाउँपालिका भएर बग्ने नदीका अलवा भएका अन्य मूख्य पानीका श्रोतहरुमा विभिन्न गाउँहरु भएर वग्ने पानीका खोलाहरु छन् । नदीनाला, खोलाहरु तथा धेरै अग्ला, भीराला पहाड र खोल्साहरु भएको

गाउँपालिकामा जलविद्युत तथा वैकल्पिक ऊर्जाको सम्भावना रहेको देखिन्छ । यस गाउँपालिकाको ५५ प्रतिशत घरपरिवारले राष्ट्रिय प्रसारण लाईनबाट वितरित विद्युत सेवा उपयोग गरिहेको देखिन्छ । १०० प्रतिशत घरपरिवारले खाना तथा अन्य प्रयोजनको लागि दाउरा पनि प्रयोग गर्दै आएका छन् । खाना पकाउन तथा पानी तताउन विद्युत शक्तिको प्रयोग गर्ने परिवार १ प्रतिशत रहेको छ । साथै यहाँका घरमा सोलार प्रणाली पनि उर्जाको प्रयोग भएको देखिन्छ । केन्द्रिय प्रशारणवाट विद्युतिकरण नभएका वस्ति तथा वडामा विद्युतिकरण गरिने कार्यक्रम रहेको छ ।

### ५.२.२ समस्या तथा चुनौती

गाउँपालिकाको लगभग ५५ प्रतिशत घरपरिवारमा विद्युतीकरण भैसकेता पनि ट्रान्सफर्मर कमजोर हुनाले बेला बेलामा विद्युत आपूर्ति वन्द हुने गरेको छ। यसले गर्दा विद्युत आपूर्ती लामो समयसम्म पनि अवरुद्ध हुन गै अध्यारोमा बस्नु पर्ने वाध्यता रहेको छ। सार्वजनिक निजी साझेदारीको मान्यताको आधारमा निजी क्षेत्रमा उपलब्ध साधन श्रोत तथा प्रविधिलाई आकर्षित गर्दै आयोजनाहरू वनाएर राजस्वमा वृद्धि गर्दै दिगो अर्थतन्त्रको आधारशिला तयार गर्ने, ईन्धन प्रयोगको ढाँचामा परिवर्तन गर्दै एलपी ग्याँस र अन्य उर्जाका वैकल्पिक शक्तिहरुले ईन्धन आयात घटाउने र विद्युतको आन्तरिक खपत बढाउने, बत्ती बाल्न निर्माण गरिएका पुराना वितरण प्रणाली (वितरण लाइन तथा विद्युत मिटर) लाई खाना पकाउने, प्रयोग गराउने कार्य समस्या तथा चुनौतीका रुपमा रहेका छन ।

### ५.२.३ सोच

"समाजसँग विज्ञान र उत्पादनसँग प्रविधि तथा नवप्रवर्तन उर्जाको उत्पादन" .

### ५.२.४ उद्देश्य

१. विद्युत आपूर्तिलाई दिगो र भरपर्दो वनाउने
२. ग्रामीण विद्युतीकरणमा वैकल्पिक उर्जाको प्रयोग बढाउने
३. खाना पकाउने कार्यमा नवीकरणीय उर्जाको उपलब्धता वृद्धि गराउने
४. विद्युतको सहज आपूर्ति र वैकल्पिक/नवीकरणीय उर्जा प्रवर्द्धन तथा विस्तार गर्ने

### ५.२.५ रणनीति

१. गाउँपालिकाको सबै क्षेत्रमा माग अनुसारको विद्युत उपलब्ध गराउने
२. पारिवारिक तथा व्यावसायिक क्षेत्रमा नवीकरणीय (जलविद्युत) उर्जाको खपत अभिवृद्धि गर्ने
३.ग्रामीण क्षेत्रहरुमा वैकल्पिक ऊर्जा (स्वच्छ तथा जैविक) प्रयोग बढाई खनिज इन्धनमाथिको निर्भरता कम गर्ने
४.जलस्रोत व्यवस्थापन, जलविद्युत तथा वैकल्पिक ऊर्जा उत्पादन बढाउन संघ र प्रदेश सरकारका सम्बन्धित निकायहरूसँग सहकार्य गर्ने ।

### ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाउँपालिकाको आवधिक योजना तथा आगामी ३ वर्षका लागि प्रस्तावित कार्यक्रमहरुको अपेक्षित नतिजाको आधारमा तयार गरिएको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तपसिल बमोजिम प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| ग्रिडको विद्युत्मा पहुँच भएका जनसंख्याको अनुपात | प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० |
| खाना पकाउन प्राथमिक ऊर्जाको रूपमा दाउरा प्रयोग गर्ने परिवार | प्रतिशत | १०० | ९८ | ९६ | ९४ | ९२ |
| खाना पकाउन र पानी तताउन ग्यास प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ० | १ | २ | ३ | ४ |
| खाना पकाउन र पानी तताउन विद्युत प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ० | १ | २ | ३ | ४ |
| विद्युतबाट चल्ने सवारी साधन | प्रतिशत | ० | ० | ० | ० | ० |

### ५.२.७ विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, प्रस्तावित कार्यक्रमहरुको उद्देश्य र मध्यमकालीन बजेट खाकाको आधारमा यस उपक्षेत्रको खर्च र स्रोतको त्रिवर्षीय अनुमान निम्नानुसार प्रस्तुत गरिएको छ।

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको श्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | ४४३३ | ३३ | ४४०० | ० | ८९ | ३५६२ | ७८२ | ० |
| २०८३/८४ | ४८७६ | ३६ | ४८४० | ० | ९८ | ३९१८ | ८६० | ० |
| २०८४/८५ | ५३६४ | ४० | ५३२४ | ० | १०८ | ४३१० | ९४६ | ० |

### ५.३.८ आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण निम्नानुसार प्रस्तुत गरिएको छ।

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | नतिजा अपेक्षित |
|---|---|---|---|---|---|
| १ | विद्युतीकरण प्रवर्द्धन कार्यक्रम | नवीकरणीय उर्जा जलविद्युत) को पहुँच विस्तार र खपत वृद्धि गर्नु। | सालबसाली | १४१७३ | ग्रिडको विद्युतमा पहुँच वृद्धि भई विद्युत खपत ३ % ले वृद्धि हुनेछ। |
| २ | घरयासी, व्यावसायिक स्वच्छ उर्जा (विद्युत) उपयोग प्रवर्द्धन कार्यक्रम | कार्वन उत्सर्जन घटाउनु र दाउरा तथा खनिज इन्धन माथिको निर्भरता कम गर्नु। | सालबसाली | ५०० | कार्वन उत्सर्जन र पेट्रोलीयम पदार्थको खपत १०% ले कम हुनेछ। |
| | **जम्मा** | | | **१४६७३** | |

### ५.३.९ जोखिम पक्ष तथा अनुमान

उपलब्ध भएका प्रविधिको प्रयोग, जग्गा प्राप्ती, बजेटको सुनिश्चिता, नदीजन्य निर्माण सामग्रीको सहज उपलब्धता, मानव संशाधन उपलब्ध भएमा र विपद तथा अन्य विवादको कारण आयोजनाहरुको लागत

बढन नगएमा उल्लिखित उपलब्धि हासिल हुन सक्ने देखिन्छ । अन्यथा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ५.४ सम्पदा पूर्वाधार

### ५.४.१ पृष्ठभूमि

गाउँपालिका क्षेत्र ऐतिहासिक, धार्मिक, सामाजिक, सांस्कृतिक सम्पदाको हिसाबले धनी रहेको छ । यस क्षेत्रमा मालिका माईति वन, मर्तिनाउला, पुग्राकोट, लेकी भुम्का, जारीम कोट, मालिका पर्यटकीय क्षेत्र, सूर्मा देवी मन्दिर, कालीका भवानी मन्दिर, काला शिल्ला, ढडार मष्टा मन्दिर, वाठपाठी मन्दिर, लुवादेव निलखरी भवानी, पैया जडा मष्टा, मालिका पर्यटकीय क्षेत्र र धार्मिक तथा सांस्कृतिक हिसावले महत्वपूर्ण स्थानहरु हुन । यहाँका सम्पदा यहाँका बासिन्दाहरु, सारा सुदुर पश्चिम क्षेत्र कै नागरिकहरुको लागि मनोरञ्जनका तथा पर्यटन विकासका साझा सम्पदा पूर्वाधारको रुपमा परिचित रहेका छन् ।

### ५.४.२ समस्या तथा चुनौती

गाउँपालिका क्षेत्रमा रहेका पर्यटन विकास तथा आर्थिक विकासलाई टेवा पुऱ्याउने विभिन्न प्रकारका सम्पदा पूर्वाधारहरु विद्यमान रहेका छन् । पर्यटन विकासको लागि पदमार्ग, बाखा चरन क्षेत्र संरक्षण तथा विकास, ऐतिहासिक मठ मन्दिरहरुको संरक्षण तथा पुनर्निमाण, ऐतिहासिक स्थलहरुको संरक्षण तथा विकास, पुराना वस्तीहरुको संरक्षण तथा विकास, होटल तथा रेस्टुरेन्टको सुधार तथा विकास, पार्कहरुको निर्माण, स्थानीय रैथाने कृषिबालीको संरक्षण तथा विकास, विकास र प्रवर्द्धन, View Tower को निर्माण तथा संरक्षण गरी पर्यटकहरुको आवश्यकता र चाहना अनुसारको सेवा सुविधा तथा आतिथ्य सत्कार पुऱ्याइ पर्यटन विकासको माध्यमबाट आर्थिक तथा सामाजिक विकास गर्ने काम गाउँपालिकाको लागि समस्या र चुनौती हुन सक्दछ ।

### ५.४.३ सोच

"सम्पदा पूर्वाधारको निर्माण पर्यटन विकासको प्रमुख आधार"

### ५.४.४ उद्देश्य

१. पर्यटकहरुलाई मष्टा गाउँपालिकामा आकर्षण गरी स्थानीय सम्पदा क्षेत्रमा भ्रमण गराई मनोरञ्जन दिलाउने

२. मष्टा गाउँपालिकामा भएका मठ मन्दिर, ऐतिहासिक स्थल आदि सम्पदाहरु यस गाउँपालिकाको महत्वपूर्ण गन्तव्य भएकोले सो को प्रचार प्रसार गरी सो को महत्व अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउने

### ५.४.५ रणनीति

१. पर्यटन विकासको लागि सम्पदा पूर्वाधार संरक्षण, पुनर्निमाण तथ निर्माण गर्न निजीक्षेत्र, गाउँपालिका, प्रदेश सरकार तथा संघीय सरकारसंग आवश्यक सहकार्य र समन्वय गरिने छ ।

### ५.४.६ विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन र प्रस्तावित कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणका आधारमा यस सम्पदा पूर्वाधार उपक्षेत्रको खर्च र स्रोतको त्रिवर्षीय अनुमान तपसिल बमोजिम प्रस्तुत गरिएको छ

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको श्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८२/८३ | १२१७२ | २०९ | ११९६३ | ० | २४५ | ९७८० | २१४७ | ० |
| २०८३/८४ | १३३८९ | २३० | १३१५९ | ० | २६९ | १०७५८ | २३६२ | ० |
| २०८४/८५ | १४७२८ | २५३ | १४४७५ | ० | २९६ | ११८३४ | २५९८ | ० |

### ५.४.७ आयोजना/कार्यक्रमको संक्षिप्त विवरण

यस उपक्षेत्रको प्रमुख कार्यक्रम निम्नानुसार प्रस्तुत गरिएको छ ।

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि ( शुरु र समाप्ति) | कूल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | ऐतिहासिक, प्राकृतिक एवं महत्वपूर्ण धार्मिक तथा पुरातात्वीक सम्पदाको संरक्षण, प्रवर्द्धन र विकास कार्यक्रम | प्राचीन, ऐतिहासिक सम्पदाहरुको संरक्षण, प्रवर्द्धन र विकास गर्ने । | सालबसाली | ४०२८८ | कम्तिमा ३ वर्षको अवधि सम्म ३ वटा ऐतिहासिक धार्मिक, पर्यटकीय सम्पदाको स्थापना र मर्मत सम्भार हुनेछ । |
| जम्मा | | | | ४०२८८ | |

### ५.४.८ जोखिम पक्ष तथा पूर्वअनुमान

गाउँपालिका क्षेत्रमा पर्यटन विकासको लागि यस स्थानमा रहेका ऐतिहासिक मठ मन्दिर, प्राचीन संस्कृति, ऐतिहासिक धार्मिक र पर्यटकीय हिसावले सम्भावना भएको क्षेत्र  हो । सम्पदा संरक्षणका लागि संघीय सरकारले वजेट विनियोजन नगरेमा सम्पदा संरक्षणमा राखिएको सोच र उद्देश्य प्राप्ती हुदैन ।  यस्ता सम्पदा पूर्वाधारको संरक्षण, विकास तथा प्रवर्द्धन गर्नको लागि गाउँपालिका, निजीक्षेत्र तथा स्थानीय सचेत नागरिकहरु जागरुक रहन सकेनन् भने सम्पदा संरक्षणको विषय छायाँमा नपर्ला भन्न सकिदैन ।

## ५.५ पुनर्निर्माण

### ५.५.१ पृष्ठभूमि

हाम्रो देश नेपाल भूकम्प तथा अन्य प्राकृतिक प्रकोपबाट उच्च जोखिममा परेको मुलुक हो । भूकम्प, आगलागी, बाढी, पहिरो, लगायतका विभिन्न प्रकोपको कारण सार्वजनिक तथा निजी क्षेत्रका क्षतिलाई पुनर्निर्माण गर्नु पर्दछ । गाउँपालिका क्षेत्रका सामाजिक, सांस्कृतिक, सामुदायक लगायतका सम्पदाहरुको संरक्षणका लागि पुनर्निर्माण गर्ने काम स्थानीय सरकारको दायित्व भित्र पर्दछ। यसरी प्राकृतिक प्रकोपबाट गाउँपालिका क्षेत्रमा धनजनको ठूलो क्षति भएको अवस्थामा गाउँपालिकाले प्रदेश सरकार तथा संघीय सरकारसंग विपद व्यवस्थापन गर्न, प्रतिकार्य गर्न, हराएका व्यक्तिहरु तथा पशुपंछीहरुको खोजी तथा उद्धार गर्न, आवश्यक राहात सामाग्री उपलब्ध गराउन, बसोबासको लागि अस्थाई टहराहरु निर्माण गर्न, पुनर्निर्माण कार्यलाई अगाडि बढाउन, एकीकृत वस्ती विकास गर्न तथा कानून बमोजिम प्रकोप पीडितलाई उपयुक्त क्षतिपुर्ति प्रदान गर्ने कार्यको लागि सचेत रहनु पर्ने हुन्छ ।

### ५.५.२ समस्या तथा चुनौतीहरु

प्राकृतिक प्रकोपबाट पीडित भएका मानिसहरुको गाउँपालिका प्रति सहयोग र राहतको लागि गुनासो आउन सक्दछ । गुनासो सुन्ने तथा व्यवस्थापन गर्ने जस्तो महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्नु पर्दछ । प्रकोपको व्यवस्थापन तथा प्रतिकार्यको लागि गाउँपालिका एक्लैले कार्य गर्न कठीन हुन्छ । यसको लागि सम्बन्धित सरोकारवाला संस्थाहरुसंग आवश्यक समन्वय र सहकार्यको लागि अगाडि बढ्नु पर्दछ । प्राकृतिक प्रकोपको

कारण धनजनको ठूलो क्षति भएको अवस्थामा तत्काल राहत तथा क्षतिपुर्तिको व्यवस्था गर्ने, अस्थाई बसोबासको लागि टहराहरु निर्माण गर्ने र पुनर्निर्माण गरी एकीकृत वस्ती विकास गर्न, पिडितलाई न्याय दिन व्यवस्थापन र प्रतिकार्यको लागि समन्वय, सहकार्य र सहज रुपमा सूचना आदान प्रदान गर्न समस्या तथा चुनौतीहरु नहोलान भन्न सकिदैन ।

### ५.५.३ सोचः

"प्राकृतिक प्रकोप पछिको पुनर्निर्माण शान्ति र सुरक्षाको एक व्यवस्थित आधार"

### ५.५.४ उदेश्यः

१. प्राकृतिक प्रकोप पीडितलाई उद्दार गर्ने तथा आवश्यक राहत सामाग्री उपलब्ध गराई बसोबासको व्यवस्था मिलाउने ।

२. क्षति भएको घरबासहरुको पुनर्निर्माण गर्नको लागि आवश्यक प्रक्रिया मिलाउने ।

३. पुनर्स्थापनाको लागि आवश्यक कार्य संचालन गर्ने

### ५.५.५ रणनीतिहरुः

१. प्राथमिकताको आधारमा क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माण तथा वस्ती विकास गरिने छ ।

२. जोखिमपूर्ण अवस्थामा रहेका वस्तीहरुको उपयुक्त सुरक्षित स्थानमा स्थानान्तरण गरिने छ ।

३. पुनर्निर्माण, पुनर्स्थापना तथा वस्ती स्थानान्तरणको लागि योजना वनाइ कार्यान्वयन गर्न आवश्यक संयन्त्रको गठन गरिने छ ।

### ५.५.६ विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन र प्रस्तावित कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणका आधारमा यस पुनर्निर्माण उपक्षेत्रको खर्च र स्रोतको त्रिवर्षीय अनुमान तपसिल  बमोजिम प्रस्तुत गरिएको छ ।

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको श्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | ४३५३३ | ० | ४३५३३ | ० | ८७५ | ३४९७९ | ७६७९ | ० |
| २०८३/८४ | ४७८८६ | ० | ४७८८६ | ० | ९६३ | ३८४७६ | ८४४७ | ० |
| २०८४/८५ | ५२६७४ | ० | ५२६७४ | ० | १०५९ | ४२३२४ | ९२९२ | ० |

### ५.५.७ आयोजना/कार्यक्रमको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कूल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पुनर्निर्माण कार्यक्रम | नागरिकको जीउधनको सुरक्षा गर्न, द्वन्द, प्राकृतिक प्रकोप तथा विपदवाट | सालबसाली | १४४०९३ | नागरिकहरुले विपद पछि, गाउँपालिका स्तरवाट राहत तथा अनुदान स्वरुप पुनः |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पिडितहरुहरुका लागि पुनर्निर्माण कार्यक्रम संचालन गर्ने । | | | निर्माण सहयोग कार्यक्रमवाट लाभान्वित हुनेछन् । |
| | **जम्मा** | | | १४४०९३ | |

### ५.५.८ जोखिम तथा अनुमान

गाउँपालिका क्षेत्रमा बाढी, पहिरो, भूकम्प जस्ता प्राकृतिक प्रकोपले गर्दा धनजन तथा भौतिक पूर्वाधारको क्षति भएको छ । यसबाट स्थानीय बासिन्दाहरुमा बसोबास तथा जीविकोपार्जनको लागि गाह्रो परिस्थिति भएको देखिन्छ । उचित समयमा गाउँपालिकाले सम्बन्धित सबै सरोकारवालाहरुसंग सहकार्य र समन्वय गरेर पुनर्निर्माणको क्षेत्रमा काम गर्न नसके स्थानीय पिडित जनता समस्यामा पर्न सक्ने सम्भावना रहेको छ ।

## ५.६ सूचना सञ्चार र विज्ञान तथा प्रविधि

### ५.६.१ पृष्ठभूमि

सूचना तथा सञ्चार प्रविधि अन्तर्गत पालिका क्षेत्रमा रहेका स्कूलहरुमा डाटाबाट ईन्टरनेट, ईमेल चलाउन सक्ने अवस्था छ भने गाउँपालिका र वडा कार्यालयहरुमा WiFi र ईमेल ईन्टरनेट चलाउने सुविधा रहेको छ । गाउँपालिका क्षेत्रमा पत्रपत्रिका, रेडियो, एफएम, संचार छापाखाना संचालन भएको अवस्था छैन । गाउँपालिकाको आधिकारिक सूचना प्रवाहको लागि वेभसाईट सेवाको सुविधा भए पनि सो सेवामा सबै नागरिकको पहुँच पुऱ्याउन कठीन छ । ईन्टरनेट सुविधाको सन्दर्भमा नेपाल दूरसञ्चार कम्पनीका साथै केही गाउँहरु वाहेक अन्य गाउँमा एनसेल कम्पनीको मोबाईल सेवाको पहुँच रहेको छ । रेडियो नेपाल र एफ.एम.लगायतका सञ्चारका माध्यमहरू गाउँपालिका क्षेत्रमा सुन्न सकिन्छ । समयको विकासक्रमसँगै सूचना प्रविधिको उपयोग र महत्व निरन्तर, व्यापक र बहुउपयोगी हुँदै गएको हुँदा सूचना  तथा संचार प्रविधिलाई सबैको पहुँचमा पुऱ्याउन लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ ।

नेपालको संविधान २०७२ ले पूर्णप्रेस स्वतन्त्रता, प्रकाशन, प्रसारण स्वतन्त्रता, सञ्चार एवं सूचनाको हकलाई मौलिक हकको रुपमा उल्लेख गरेको छ। साथै प्रदेश सरकारको अधिकार सूचीमा पनि समेटिएको छ । प्रदेश सरकारको कार्य विभाजन नियमावलीमा पनि सूचना तथा सञ्चार सम्बन्धि जिम्मेवारीहरू विस्तृत रुपमा उल्लेख गरिएको छ । सूचना तथा संचारमा पहुँचको अवस्था विश्लेषण गर्दा धवलागिरी गाउँपालिकामा बसोबास गर्ने ९२ प्रतिशतसँग मोबाइल फोनको नेटवर्कमा आवद्ध रहेको पाईन्छ। फोन बाहेक ईमेल तथा ईन्टरनेट सुविधा प्रयोग गर्ने जनसंख्याको अनुपात ०.७ प्रतिशत रहेको छ। ईमेल तथा इन्टरनेट, पत्रपत्रिका लगायत आधुनिक संचार तथा सूचना प्रविधिको प्रयोग गर्ने जनसंख्याको अनुपात न्यून रहेको छ ।

### ५.६.२ समस्या तथा चुनौती

ईन्टरनेटको प्रयोग तीव्र गतिमा बढदै गएकोले साइबर सुरक्षाका लागि संस्थागत र प्राविधिक जनशक्तिको अभाव हुनुका साथै नीति निर्माण तहमा यस सम्बन्धि ज्ञान र सोचको कमी रहेको छ। सञ्चार संस्थाहरू सङख्यात्मक रुपमा वृद्धि भए पनि तदनुरुप गुणात्मक विकास हुन सकेको छैन। शिक्षा क्षेत्रमा भर्च्युअल/दूर कक्षा, स्वास्थ्य क्षेत्रमा टेलिमेडिसिन, कृषि क्षेत्रमा मौसम पूर्वानुमान तथा बजार मूल्य, सुरक्षाका क्षेत्रमा सिसी टिभी, पर्यटन प्रवर्द्धनका क्षेत्रमा प्रचार-प्रसार, विपद व्यवस्थापनका क्षेत्रमा पूर्वसूचना प्रणाली आदि माध्यमबाट सूचना प्रविधिलाई समाज र सिङ्गो सभ्यताको स्तरोन्नती र उत्थानशीलता वृद्धिमा उपयोग

गर्न सकिने भएकाले त्यस अनुरुप सोच, लक्ष्य  तथा कार्यान्वयन योजना एवं लगानी जुटाएर काम गर्न समस्या तथा चुनौती भएको देखिन्छ ।

संघीय तथा प्रदेश कानूनको अधिनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहिन टेलिभिजन प्रशारणको अनुमति, नवीकरण र नियमन सम्बन्धी व्यवस्था स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था गरिएको छ । गाउँका सबै स्थानहरूमा नेपाल टेलिकमको जिएसएम, र एनसेलबाट मोबाइल सेवा पुगेको छ । यस गाउँ पालिकामा एफ एम सेवा रहेको छैन । संस्थागत तथा सामुदायिक विद्यालयहरुमा सूचना प्रविधिको उपयोग गरेर शिक्षण सिकाईका साथै विभिन्न अतिरिक्त क्रियाकलापहरु सञ्चालन हुने गरेका छन् ।

**५.६.३ सोच** “सूचना तथा सञ्चार प्रविधिको विस्तार, समृद्ध मष्टा को बलियो आधार”

### ५.६.४ उद्देश्य

१. सूचना तथा सञ्चार प्रविधिलाई सर्वसुलभ, भरपर्दो  र गुणस्तरीय बनाउनु,

२. गाउँपालिकाको सेवा प्रवाहलाई सूचना तथा सञ्चार प्रविधिमैत्री बनाउनु ।

### ५.६.५ रणनीति

१. गाउँपालिकाको सबै सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई प्राथमिकता दिने,

२. गाउँ का सबै वडा र वस्तीमा सूचना प्रविधिको भरपर्दो पहुँच सुनिश्चित गर्ने ।

**५.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य** यस उपक्षेत्रका लागि आगामी तीन आर्थिक वर्षको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| ब्रोड ब्याण्ड इन्टरनेट सेवाको पहुँच पुगेका घरपरिवार | प्रतिशत | २५ | ३० | ३५ | ४० | ४५ |
| ब्रोड ब्याण्ड इन्टरनेट सुविधा उपलब्ध वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय | प्रतिशत | ४० | ४५ | ५० | ६० | ७० |

मष्टा गाउँपालिका

# परिच्छेद ६: वातावरण तथा विपद व्यवस्थापन

यसमा विपद् जोखिम न्यूनीकरण, विपद व्यवस्थापन तथा जलवायु अनुकुलन जस्ता उपक्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य , रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा श्रोत अनुमान, आयोजना तथा कार्यक्रम, पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ६.१ वन, पार्क हरियाली, भूसंरक्षण तथा नदी नियन्त्रण

### ६.१.१ पृष्ठभूमि

यस गाउँ पालिकामा सामुदायिक वनहरू रहेकोमा सवैले नै नियमित रुपमा नवीकरण गरिएका छन् । यी सामुदायिक वनहरूमा मष्टा गाउँपालिकाका ९५ प्रतिशत घरधुरीहरु आवद्ध रहेका छन् । समुदायले नै वनको उचित संरक्षण तथा उपयोग गर्ने गरी नेपाल सरकारको राष्ट्रिय नीति अनुरुप यस्ता वनहरू समुदायलाई हस्तान्तरण गरिएको छ । समुदायमा हस्तान्तरण भएपछि वन संरक्षणमा राम्रो प्रगति भएको तर त्यसबाट लिन सकिने उच्चतम लाभ लिन नसकिएका नागरिकहरूको अनुभव रहेको छ । कतिपय अवस्थामा संरक्षण गर्ने समुदायले आफूलाई चाहिने वन पैदावर प्राप्त गर्न पनि पूर्वस्विकृति लिनुपर्नेमा भने मानिसहरूको गुनासो रहेको छ । त्यस्ता वनबाट सामुदायिक वन उपभोक्ता समितिहरूले पनि खासै ठूलो आम्दानी गर्न नसकेको हुनाले सामुदायिक वनको आयबाट गाउँपालिकाले प्राप्त गर्ने वन रोयल्टी वापतको रकम पनि हालसम्म प्राप्त हुन नसकेको अवस्था छ । उपभोक्ता समितिका सदस्यहरू भने त्यसबाट प्राप्त गर्न सकिने घाँस दाउराबाट लाभान्वित भएका छन् ।

प्राकृतिक रुपमा रहेका जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संकलनबाट गरीब, महिला तथा पिछडिएका वर्ग हरू लाभान्वित हुनसक्ने वातावरण निर्माण गरी गरीबी न्यूनीकरण गर्नका लागि यस क्षेत्रको प्राथमिकताका साथ व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ । यस गाउँ पालिका पहाडी भागमा रहेको गाउँ पालिका भएकोले भूक्षयको समस्या यहाँ व्यापक रुपमा रहेको छ । मष्टा  गाउँपालिकाको धेरैजसो भाग पहाडी भिरालो भू-बनोट भएको र अव्यवस्थित तथा अवैज्ञानिक तरिकाले निर्माण गरिएका ग्रामीण सडकहरूको कारण केही क्षेत्रहरू भू- क्षयको उच्च जोखिममा रहेका छन् । प्राकृतिक रुपमा पनि वर्षायाममा खोलाहरूमा आउने बाढीका कारण पनि भू-क्षयको जोखिम बढाएका छन्  । गाउँ पालिका क्षेत्रभित्र भू-क्षयको उच्च जोखिम भएका स्थानहरूको पहिचान गरि सम्भावित रोकथामका उपायहरु अवलम्वन गरिएको छ ।

### ६.१.२ समस्या तथा चुनौती

उत्पादनशील वनलाई वैज्ञानिक व्यवस्थापन गरि पूर्ण क्षमतामा उपयोग गर्न नसकिएको, वन तथा हरियाली संरक्षणमा गाउँपालिकाको लगानीको अभाव रहेको, अव्यवस्थित भौतिक संरचनाका कारण वन क्षेत्रको अतिक्रमण, विनास र क्षयीकरण हुने गरेको यस क्षेत्रका प्रमुख समस्या हुन । त्यसैगरी, जलाधार क्षेत्रका स्रोतहरूको क्षयीकरण भएको, बढदो वातावरणीय प्रदूषण तथा जलवायु परिवर्तनका् असरहरूको यथोचित सम्वोधन हुन नसकेको तथा बढ्दो मानव वन्यजन्तु द्वन्द्व र यसको व्यवस्थापनमा रहेको कठिनाई समेत समस्याका रुपमा रहेका छन् । जडीबुटी खेती, संकलन तथा वैज्ञानिक व्यवस्थापनका विषयमा पर्याप्त अनुसन्धान तथा प्रयोगलाई प्राथमिकता नदिनु, दुर्लभ र उच्च मूल्यका जडीबुटीको निजी क्षेत्रमा खेती गर्ने अभ्यास नहुनु आदि पनि यस क्षेत्रका समस्याहरू हुन्  ।

जलाधारक्षेत्रका स्रोतहरूको क्षयीकरण भएको, माटो र पानीको दिगो तथा एकीकृत् संरक्षणबाट मात्र कृषि क्षेत्रको उत्पादकत्वमा वृद्धि गर्न सकिने तर भूसंरक्षणको सेवा प्रवाह गर्ने नीतिगत व्यवस्थाको कमी तथा संरचनागत रुपमा कार्यालयको संख्यामा संकुचन हुँदा सेवा प्रवाहमा चुनौती रहेको छ । आवादी जग्गाबाट

उत्पादित जडीबुटी तथा गैरकाष्ठ वनपैदावारको व्यावसायीकरण, जडीबुटी प्रशोधन तथा भण्डारणका लागि पूर्वाधार तथा उपयुक्त प्रविधिको प्रयोग गर्नु जडिबुटी विकासका चुनौतीहरू हुन । पूर्वाधार विकास र पर्यावरणीय प्रणाली बिच सन्तुलन कायम गर्नु र गाउँ पालिका भएर बग्ने ठुला तथा ठाडा नदि र खोलाको कटान नियन्त्रण पनि यस क्षेत्रको एउटा चुनौतीको रुपमा रहेको छ ।

### ६.१.३ सोच

“दिगो, गुणस्तरीय र व्यवस्थित वन; स्वस्थ, उत्पादनशील र सुरक्षित जलाधार तथा पर्यावरण”

### ६.१.४ उद्देश्य

१. वन तथा जैविक विविधताको दिगो व्यवस्थापन तथा सदुयोग मार्फत् स्थानीय स्तरमा आयआर्जनका अवसर वृद्धि गर्नु
२. भूसंरक्षणका दिगो उपायहरू अवलम्बन गरी भूमिको उत्पादन तथा उत्पादकत्व वृद्धिमा टेवा पुऱ्याउनु

### ६.१.५ रणनीति

३. सामुदायिक वन उपभोक्ता समूहहरूको संस्थागत क्षमता विकास गरी गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम व्यवसाय प्रवर्द्धन गर्ने । वनलाई संरक्षणमुखी व्यवस्थापनबाट दिगो एवम् उत्पादनमुखी व्यवस्थापनमा रूपान्तरण गर्न आवश्यक सहजीकरण गर्ने । वन पैदावरमा आत्मनिर्भरता हासिल गर्दै यसमा आधारित उद्यमशीलता र रोजगारी वृद्धि गर्ने ।
४. वनजङ्गलको दिगो व्यवस्थापन तथा जैविक विविधता संरक्षण गर्न वन संरक्षण क्षेत्र निर्धारण गरी वनको संरक्षण तथा उचित व्यवस्थापनको माध्यमबाट हरित नगर अवधारणा अनुसार वनजन्य उद्यमको विकास गरी वन स्रोतलाई आयमूलक बनाउन बनाउने ।
५. जलाशय, नदी नाला, सिमसार क्षेत्र तथा जैविक विविधता संरक्षण गर्न नदी संरक्षण क्षेत्र निर्धारण गरी नदी तथा खोलाको प्राकृतिक बहावलाई यथास्थितिमा राखी नदीजन्य स्रोतको अधिक दोहन नियन्त्रण गर्ने
६. बायो इन्जिनियरिङ पद्धतिलाई अवलम्वन गरी सुरक्षित रुपमा बाढी नियन्त्रण गर्ने र सुरक्षित वस्ती व्यवस्थापन गर्ने ।

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष

गाउँपालिकाको पार्श्वचित्र, आवधिक योजना र प्रस्तावित कार्यक्रमहरुको अपेक्षित नतिजाको आधारमा तयार यस उपक्षेत्रको आगामी तीन आर्थिक वर्षको नतिजा सूचक तथा मध्यमकालीन लक्ष निम्नानुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| नियमित नविकरण गर्ने सामुदायिक वन | प्रतिशत | ३१ | ३१ | ३१ | ३२ | ३२ |
| हरित पार्क तथा उद्यान | संख्या | ० | ० | ० | १ | १ |
| संरक्षित चौतारी | संख्या | २५५ | २६१ | २६५ | २७० | २७५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कुल क्षेत्रफलमा वनले ओगटेको क्षेत्र | हेक्टर | | | | | |
| संरक्षित पोखरी | संख्या | ० | ० | १ | १ | २ |
| भू-क्षय प्रभावित (उच्च जोखिम) क्षेत्र | संख्या | १२ | १० | ९ | ८ | ७ |
| वृक्षारोपण क्षेत्र (थप) | हेक्टर | ० | ० | १ | २ | ३ |

## ६.१.७ विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, प्रस्तावित कार्यक्रमहरुको महत्व र मध्यमकालीन बजेट खाकाको आधारमा यस उपक्षेत्रको खर्च र श्रोतको त्रिवर्षीय अनुमान निम्नानुसार प्रस्तुत गरिएको छ ।

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको श्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | ५५० | ५५० | ० | ० | ११ | ४४२ | ९७ | ० |
| २०८३/८४ | ६०५ | ६०५ | ० | ० | १२ | ४८६ | १०७ | ० |
| २०८४/८५ | ६६६ | ६६६ | ० | ० | १३ | ५३५ | ११७ | ० |

## ६.१.८ आयोजना/कार्यक्रमको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कूल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वन, पार्क तथा हरियाली संरक्षण र संवर्द्धन कार्यक्रम | हरियाली क्षेत्र विस्तार तथा जैविक विधिता प्रवर्द्धन गर्नु | सालबसाली | १८२१ | हरियाली क्षेत्रमा १०% वृद्धि भई जैविक विविधता प्रवर्द्धन हुनेछ । |
| | **जम्मा** | | | **१८२१** | |

## ६.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

संघ तथा प्रदेश सरकारको नीतिगत प्राथमिकता र यस योजनाको नीति बीच तादात्म्यता कायम भै सो अनुसार बजेट विनियोजन र कार्यान्वयन भएमा अपेक्षित उपलब्धि हासिल हुने अनुमान गरिएको छ । जलवायु परिवर्तनको असर, आर्थिक मन्दी लगायतका समस्या, अन्य विपद जोखिममा वृद्धि, श्रोतको अनियन्त्रित दोहन र उत्खनन् तथा अव्यवस्थित निर्माण जस्ता जोखिम कायम कायम हुँदै गएमा अपेक्षित नतिजा हाँसिल नहुन पनि सक्दछ ।

## ६.२ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन

### ६.२.१ पृष्ठभूमि

वन, वातावरणको संरक्षण गर्ने उद्देश्यले यस गाउँपालिकामा ४६ वटा सामुदायिक वनहरू रहेका छन् । मष्टा गाउँपालिका पनि विभिन्न प्राकृतिक तथा मानव सिर्जित प्रकोपको जोखिममा रहेको छ । यी अप्रत्यासित विपत्तिहरूको व्यवस्थापनमा पनि पूर्वतयारी गर्नुपर्ने आवश्यकता हुन्छ। प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना प्रणली, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने तथा जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्ने सम्बन्धि महत्वपूर्ण कार्य आवश्यक हुन्छन्। विपद व्यवस्थापन र जोखिम न्यूनिकरणका लागि नीतिगत, संरचनागत र संस्थागत क्षमता विकास गरी प्रकोप प्रतिरोध तथा सहनशील क्षमताको विकासबाट प्रकोपको सामना गर्न र त्यसको असरबाट पुरानै अवस्थामा पुनर्स्थापित हुन सक्ने समाज र अर्थतन्त्र निर्माण गर्न अत्यन्त आवश्यक रहेको छ।

नेपाल सरकार पुन:निर्माण प्राधिकरणबाट अनुदान प्राप्त गरी भूकम्प प्रतिरोधी घर निर्माण गरिसकेको अवस्था रहेको छ। गाउँपालिका अध्यक्षको संयोजकत्वमा गाउँपालिकामा तथा हरेक वडामा वडा अध्यक्षको संयोजकत्वमा विपद व्यवस्थापन समितिको गठन भएको छ भने विपद व्यवस्थापन कार्यको लागि गाउँपालिकामा विपद व्यवस्थापन कोषको पनि स्थापना भएको छ। गाउँपालिका स्तरमा खोज कार्य तथा उद्दार कार्यका लागि तालिम प्रदान गरिएको छ। खोज कार्य तथा उद्दार कार्यका लागि चाहिने सामग्रीको भण्डारण गरिएको छ। विपद जोखिम व्यवस्थापनका लागि स्थानीय स्तरमा विभिन्न संघ संस्थाले विभिन्न किसिमका तालिम लगायत स्थानीय समुदायको क्षमता अभिवृद्धिका लागि कार्यक्रमहरू सञ्चालन गर्दै आएको अवस्था छ।

यस गाउँपालिकामा प्रमुख विपद, प्रकोपका रुपमा जल उत्पन्न प्रकोप बाढी, पहिरो, चट्याङ्ग,असिना, आगलागी, भूकम्प, अनावृष्टि, अतिवृष्टि, हावाहुरी, महमारी, अव्यवस्थित र असंगठीत हुँदै गएको समुदाय र समाज आदि रहेका छन्। यस क्षेत्र भएर बग्ने म्याग्दी नदी, विभिन्न प्रकारका ठाडा खोलाहरु र ठाडा र अग्ला पहाडको क्षेत्र भएकोले पहिरो र बाढीको जोखिम धेरै छ । गाउँपालिका भौगोलिक हिसाबले विविधतायुक्त भएकोले यहाँ विभिन्न प्राकृति तथा मानव सिर्जित प्रकोपको जोखिम पनि रहेको छ । जलवायु परिवर्तनको प्रतिकूल असरका कारण अप्रत्यासित रुपमा आईलाग्ने विपत्तिहरूको व्यवस्थापनको लागि पूर्वतयारी गर्नुपर्ने आवश्यकता रहन्छ। प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना प्रणालीको जडान, विपद जोखिम प्रतिकार्य क्षमता विकास तालिम, प्रविधि र सामाग्रीको व्यवस्थापन् उद्धार, राहत एवं पुनर्स्थापना गर्ने तथा जलउत्पन्न प्रकोप नियन्त्रण र ठाडा खोला तथा नदीको व्यवस्थापन गर्ने जस्ता कार्यहरू गर्न आवश्यक रहेको छ। विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलनका लागि नीतिगत, संरचनागत र संस्थागत विकास गरी प्रकोप प्रतिरोध तथा उत्थानशील क्षमताका माध्यमबाट प्रकोपको सामना गर्न र त्यसको असरबाट पुरानै अवस्थामा पुनर्स्थापित हुन सक्ने समाज र अर्थतन्त्र निर्माण गर्न अति आवश्यक रहेको छ।

### ६.१.२ समस्या तथा चुनौती

गाउँपालिकामा उच्च पहाडी भूभाग रहेको, म्याग्दी नदीको अतिरिक्त, खोलानाला धेरै रहेको र भौगोलिक रुपमा विकट स्थानहरु समेत रहेकोले संस्थागत क्षमता तथा स्रोतको कमीका कारण विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्यलाई पूर्णरूपमा मूलधारमा ल्याउन अझै नसकिएको अवस्था देखिन्छ । जोखिमसँग सम्बन्धित सूचना संकलन तथा सञ्चार प्रणालीको कमी तथा ग्रामीण योजना र उत्थानशील रणनीतिहरूमा विपद् जोखिम सूचनाको एकीकरण नहुनुका कारण केही हदसम्म विपद् जोखिम

व्यवस्थापनमा संस्थागत तहमा कमजोरी देखिन्छ । मष्टा गाउँपालिका जिल्लाको सदरमुकाम देखि नजिकको दुरीमा रहेकोले जिल्ला स्थित अन्य सरकारी निकायको साथ र उपस्थितिका कारण विपद् व्यवस्थापन कार्यमा छिटो छरितो सहयोग प्राप्त हुने सम्भावना छ । विपद् प्रतिकार्यको लागि आवश्यक कोषको पनि कमी रहेको छ । गाउँपालिका, वडा कार्यालय र स्थानीय युवा क्लब, टोल विकास संस्था, नागरिक समाज, राजनीतिक दलहरूमा विपद प्रतिकार्य क्षमता विकासको पाटो अझै चुनौतीपूर्ण रहेको छ । मनसुनपूर्व र मनसुनको समयमा मनसुनी वर्षाले नियमित रूपमा असिना, हावाहुरी, बाढी, पहिरो, डुबानका समस्या सिर्जना गर्ने गरेको छ । डोजरको जथाभावी प्रयोगले भूक्षय भई तालतलैया, खेतीबारी, जलविद्युत्का बाँध पुरिने तथा भौतिक पूर्वाधारमा समेत क्षति पुग्ने समस्या बढ्दै गएको छ ।

### ६.१.३ सोच

“पर्यावरण र वातावरणमैत्री समाज मष्टा गाउँपालिकाको आवाज”

### ६.१.४ उद्देश्य

१. विपद्का घटना र आर्थिक क्षति न्यूनीकरण गर्ने
२. जलवायु परिवर्तन अनुकुलन तथा उत्थानशिलता अभिवृद्धि गर्ने

### ६.१.५ रणनीति

१. स्थान तथा परिवेश अनुकूलका जोखिम न्यूनीकरणका उपायहरूको अवलम्बन गर्ने । जस्तै; नदीको अधिकार क्षेत्र निर्धारण गरी उक्त क्षेत्रभित्र कुनै पनि भौतिक विकासका कार्यलाई वन्देज गर्ने । तरलीकरणको उच्च जोखिमयुक्त क्षेत्रमा कुनै भवन तथा पूर्वाधारको निर्माणलाई निरुत्साहित गर्ने । स्थानीय पद्धति तथा निर्माण सामग्रीबाट वनेका परम्परागत भवनहरूलाई हुरीबतास, अत्यधिक वर्षा जस्ता जलवायुजन्य प्रकोपबाट हुने क्षतिको न्यूनीकरण गर्न सवलीकरण गर्ने

२. जोखिमयुक्त समुदायलाई बाढी तथा पहिरोको समयमा सुरक्षित स्थानमा स्थान्तरण गर्न सामुदायिक पूर्वतयारीका लागि साथ सहयोग प्रदान गर्ने । विभिन्न विपद्लाई व्यवस्थापन गर्नको लागि नगरक्षेत्रमा सचेतना जगाउने तथा विपद्को सामना गर्नको लागि क्षमताको विकास गर्ने ।

३. समुदायस्तरमा विपद् प्रतिकार्य टोलीहरू गठन तथा आपत्कालीन उद्दार सामग्रीहरूको सहयोग र व्यवस्थापनमा सहयोग गरी समुदायको विपद् प्रतिकार्य क्षमता अभिवृद्धि गर्ने तथा यस कार्यमा यस क्षेत्रमा कार्य गर्ने संघ संस्थालाई परिचालन गर्ने

४. आपत्कालीन केन्द्र सञ्चालन र व्यवस्थापन तथा पालिकास्तरीय आपत्कालीन सामग्रीहरूको भण्डारण तथा अग्नि नियन्त्रक टोलीको क्षमता विकास गर्दै विपदको समयमा तत्काल प्रतिकार्य गर्न सक्ने क्षमता अभिवृद्धि गर्ने

५. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन साथै जलवायु परिवर्तन अनुकुलन गर्दै बस्ती विकास तथा भूस्रोतको उचित व्यवस्थापन गर्ने ।

६. बाढीजन्य प्रकोपका कारण हुनसक्ने नोक्सानीलाई न्यूनीकरण गर्न पारिस्थितिकीय प्रणालीमा आधारित विपद् जोखिम न्यूनीकरणका पद्धति जस्तै बाढीजन्य डुवान न्यूनीकरणका लागि जैविक तटवन्ध, डढेलोको व्यवस्थापन तथा पानी प्रतिधारण पोखरी निर्माण गरी अधिक सतही पानीलाई सञ्चय गरी अन्य प्रयोजनका लागि उपयोग गर्ने

७. पहाडी तथा भिरालो क्षेत्रमा हुने भूक्षय, पहिरो, लेदो पहिरो तथा अन्य पहिरोजन्य प्रकोपलाई नियन्त्रण गर्न तथा प्रकोपलाई न्यूनीकरण गर्न बायोइन्जियिरिङ तथा वन परिधिको पुनर्वहालीजस्ता प्रकृतिमा आधारित पद्धतिहरू व्यवहारिक रुपमा अवलम्बन गर्ने

८. सबै वडा तथा बस्तीका जोखिमरहित स्थानमा खुला क्षेत्रको पहिचान गरी मानवीय खुला क्षेत्र निर्धारण गरी सिमाङ्कन गर्ने । यी खुला क्षेत्रहरूका निकास मार्ग तथा सडकहरू पहिचान गरी स्तरोन्नति गर्ने ।

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाउँपालिकाको आवधिक योजना र खर्च संरचनामा प्रस्तावित कार्यक्रमहरुको अपेक्षित नतिजाको आधारमा तयार गरिएको विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य निम्नानुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| विपद्बाट भएको मानवीय क्षति (विगत ३ वर्षको) घाइते समेत | संख्या | ० | ० | ० | ० | ० |
| तालिम प्राप्त स्थानीय खोज, उद्दार र प्राथमिक उपचार कार्यकर्ता | संख्या | १० | १५ | २० | ३० | ४० |
| विपद्बाट वार्षिक क्षती (जग्गा, बाली नाली, संरचना, पशु र अन्य सम्पत्ती) | रु. करोड | १ करोड २० लाख | १ करोड | | | |
| तोकिएका सुरक्षित खुल्ला स्थान र आपत्कालीन सामुहिक आश्रयस्थल | संख्या | १३ | १५ | १७ | १९ | २१ |
| विपद् व्यवस्थापन कोष रकम | रु. हजार | ४००० | ४२०० | ४४०० | ४६०० | ५००० |
| स्थानीय जलवायु अनुकुलन योजना | संख्या | १ | १ | १ | २ | २ |
| विपद् जोखिम न्यूनीकरण र प्रतिकार्य योजना | संख्या | १ | १ | १ | १ | १ |
| गाउँपालिका तथा वडास्तरीय विपद् व्यवस्थापन समिति | संख्या | ८ | ८ | ८ | ८ | ८ |

### ६.१.७ विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रमहरुको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा यस उपक्षेत्रको खर्च र स्रोतको त्रिवर्षीय अनुमान निम्नानुसार प्रस्तुत गरिएको छ ।

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | ४९१७ | ४९१७ | ० | ० | ९९ | ३९५१ | ८६७ | ० |
| २०८३/८४ | ५४०९ | ५४०९ | ० | ० | १०९ | ४३४६ | ९५४ | ० |
| २०८४/८५ | ५९५० | ५९५० | ० | ० | १२० | ४७८१ | १०५० | ० |

### ६.१.८ आयोजना/कार्यक्रमको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु.हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | विपद् जोखिम व्यवस्थापन तथा क्षमता अभिवृद्धि कार्यक्रम | विपद् जोखिम न्यूनीकरण सम्बन्धि क्षमता विकास गर्नु | सालबसाली | १२०० | विपद् जोखिम व्यवस्थापन क्षमता अभिवृद्धि भएको हुने |
| २ | विपद् जोखिम न्यूनीकरण कार्यक्रम | विपद् जोखिम न्यूनीकरण र उत्थानशीलता गर्नु | सालबसाली | १२०० | विपद् जोखिम उत्थानशीलता अभिवृद्धि भएको हुने |
| ३ | प्राकृतिक सम्पदा तथा बस्ती संरक्षण कार्यक्रम | प्राकृतिक सम्पदा तथा वस्तीलाई सुरक्षित र उत्थानशील वनाउनु | सालबसाली | ८००० | प्राकृतिक सम्पदा एवम् वस्तीहरूको संरक्षण भएको हुने |
| ४ | जोखिम संवेदनशील भूउपयोग योजना तर्जुमा एवम् कार्यान्वयन | भूमिको उचित उपयोगमार्फत् विपद् जोखिम न्यूनीकरण गर्नु | सालबसाली | १५०० | विपद् जोखिम न्यूनीकरणको आधार तयार भएको हुने |
| ५ | जलवायु परिवर्तन अनुकूलन सम्बन्धि जनचेतनामूलक र **अन्य नियमित कार्यक्रम** | जलवायु अनुकूलन क्षमतामा अभिवृद्धि गर्नु | सालबसाली | ४३७५ | कम्तीमा २००० व्यक्तिले जलवायु परिवर्तन अनुकूलन सम्बन्धि जानकारी हासिल गर्ने |
| **जम्मा** | | | | **१६२७५** | |

## ६.१.९ जोखिम पक्ष तथा अनुमान

संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, कर्मचारीको पदपूर्ती, समुदाय तथा सरोकारवालाको सहभागिता, उपकरण र श्रोत साधन समयमा नै उपलब्ध भएमा अपेक्षित नतिजा हासिल हुने अनुमान गरिएको छ । यद्यपी, अग्ला पहाड, भीरपाखा र खोलानाला धेरै भएको ठाउँमा पहिरो तथा बाढीबाट हुने क्षतिको न्यूनीकरण, विपदको बेलामा आवश्यक जनशक्ति र श्रोत सामाग्रीको व्यवस्थापन, राहत उद्धारको लागि आवश्यक सीपयुक्त जनशक्ति तथा श्रोतहरूको व्यवस्थापन, जलवायु परिवर्तनको असरको व्यवस्थापन, बढ्दो जनसंख्या, वनजंगल जस्ता प्राकृतिक स्रोतको अत्यधिक दोहन नियन्त्रण, खोला नदीहरूबाट ढुंगा, गिट्टी, वालुवाको अत्यधिक र अनियन्त्रित दोहन नियन्त्रण आदि यस क्षेत्रका चुनौतीहरू रहेको छन् ।

मष्टा गाउँपालिका

# परिच्छेद ७ : संस्थागत विकास तथा सुशासन क्षेत्र

यस क्षेत्रमा नीति, कानून, न्याय तथा सुशासन, मानव संशाधन तथा क्षमता विकास, राजस्व तथा श्रोत परिचालन र तथ्याङ्क योजना तथा विकास व्यवस्थापन जस्ता उपक्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौती, लक्ष्य , रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा श्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ७.१ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन

### ७.१.१ पृष्ठभूमि

विभिन्न किसिमका सूचना प्रविधि औजार, एपहरूमार्फत गाउँपालिकाको विभिन्न क्षेत्रको तथ्यांक व्यवस्थापनमा प्रभावकारिता वृद्धि भएको छ । SuTRA को प्रयोगमार्फत स्थानीय सञ्चित कोषमा हुने आय व्यय, योजना तथा अन्य सूचना तथ्यांक व्यवस्थापन प्रभावकारी भएको छ । CGAS, Online Vouching, EFT जस्ता सफ्टवेयरहरूको प्रयोगलाई संस्थागत गर्दै गएको देखिन्छ । E-bidding, E-payment जस्ता सूचना प्रविधिको प्रयोग गरी वित्तीय व्यवस्थापनलाई थप सुदृढीकरण गरिएको छ । मध्यमकालीन खर्च संरचना मार्फत प्राथमिकता क्षेत्र तथा आयोजना र कार्यक्रममा श्रोत सुनिश्चित गर्ने र मध्यमकालीन खर्च संरचना अनुसार वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी सार्वजनिक वित्त व्यवस्थापन र नतिजामुखी विकास पद्धति कार्यान्वयनमा ल्याइएको अवस्था छ ।

गाउँसभाबाट न्यायिक समिति, विधायन समिति, लेखा समिति र कार्यपालिकाबाट योजना तर्जुमा, शिक्षा, स्थानीय विपद व्यवस्थापन लगायत विषयगत समिति गठन भै त्यस सम्वनधमा क्रियाशील भएको अवस्था छ। साथै सेवाग्राही तथा लक्षित वर्ग र समुदायको समेत सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी गाउँसभाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका, वेबसाईट र सूचना पाटीमार्फत सार्वजनिक गर्ने अभ्यास भैरहेको पाईन्छ ।

### ७.१.२ समस्या तथा चुनौती

तथ्यांकको संकलन, नियमित अद्यावधीकरण तथा विश्लेषण गरी प्राप्त सूचनामा आधारित योजना र विकास व्यवस्थापन प्रणालीको अझै व्यवस्थित तरिकाले शुरुवात हुन सकेको देखिदैन । सञ्चालनमा रहेका सफ्टवेयरहरूबाट प्राप्त हुने सूचना पनि आवधिक रुपमा विश्लेषण गरी तदनुरुप कार्यप्रणालीमा अपेक्षाकृत सुधार हुन सकेको छैन । योजना तथा बजेट तर्जुमा, वित्तीय व्यवस्थापन, लेखा परीक्षण र निर्णय प्रक्रियामा समावेशीता, सहभागिता र पारदर्शितामा सुधार गनु पर्ने प्रर्याप्त ठाउँ रहेका छन । शासन सञ्चालन, योजनावद्ध विकास तथा मापदण्ड अनुसार सेवा तथा सुविधा प्रवाह गर्न आवश्यक श्रोत परिचालन गर्ने दक्षतामा कमी रहेको पाईन्छ । विकासको दीर्घकालीन सोच, लक्ष्य , विषयगत उद्देश्यहरू सहित समग्र विकास व्यवस्थापनलाई दिशानिर्देश गर्ने र कानूनी दायित्व समेत भएको आवधिक योजनाका लक्ष्य तथा उदेश्यहरुलाई मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रियासँग तादात्म्यता कायम गर्नु पर्ने आवश्यकता छ । तथ्यांक Digitalization को लागि श्रोत साधनको अभाव रहेको छ । सेवा प्रवाह र कार्यसम्पादनमा अन्तर सरकार, निजी क्षेत्र र गैरसरकारी संस्था र समुदायमा आधारित संस्थागत संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकारिता र साझेदारी हुन जरुरी देखिन्छ । प्रचुर सम्भावनाका वाबजुद निजी क्षेत्र र गैरसरकारी क्षेत्रसँगको साझेदारीलाई अपेक्षाकृत रुपमा परिचालन गर्न समस्या तथा चुनौती रहेको छ ।

### ७.१.३ सोच

"प्रमाण तथा नतिजामा आधारित विकास प्रशासन"

### ७.१.४ उद्देश्य

गाउँको योजना तर्जुमा र विकास व्यवस्थापनलाई तथ्यमा आधारित र नतिजामूलक वनाउने

### ७.१.५ रणनीति

१. गाउँपालिकाको सबै क्षेत्रको आवधिक अध्ययन गरी वर्गीकृत तथ्यांक अद्यावधिक गर्दै जाने
२. योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागितामूलक र नतिजामूलक वनाउने
३. तथ्यांक प्रणाली सुदृढीकरण र विकास व्यवस्थापन प्रभावकारी वनाउन गैरसरकारी संस्था, निजी क्षेत्र, समुदायसँग समन्वय र साझेदारी गर्ने

### ७.१.६ जोखिम पक्ष तथा पूर्वानुमान

तथ्यांक विश्लेषणबाट प्राप्त नतिजाहरूका आधारमा आयोजना तथा कार्यक्रम तर्जुमा गर्ने परिपाटी संस्थागत हुने अपेक्षा गरिएको छ। सूचनामा आधारित योजना तथा कार्यक्रम व्यवस्थापनले प्राथमिकता पाउने छ। यसबाट मष्टा गाउँपालिकाको दीर्घकालीन विकास तथा समृद्धिको सोचतर्फ उन्मुख हुने अपेक्षा गर्न सकिन्छ। अन्यथा आसा गरिएको नतिजा हासिल हुन नसक्ने जोखिम रहन्छ।

## ४.५ श्रम रोजगारी तथा गरिबी निवारण

### ४.५.१ पृष्ठभूमि

नेपालको संविधान, (२०७२)को धारा ३३ अनुसार प्रत्येक नागरिकलाई रोजगारीको हक हुने कुरा सुनिश्चित गरेको छ। त्यसैगरी प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यास र उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको समेत हक हुने कुरा उल्लेख गरेको छ।

गत आर्थिक वर्ष २०८०/८१ मा मष्टा गाउँपालिकामा बेरोजगारहरुको संख्या ९.२९ प्रतिशत रहेको छ भने प्रधानमन्त्री रोजगार कार्यक्रमबाट आर्थिक वर्ष २०८१/८२ मा ८४ औसत दिन रोजगारी दिइएको छ। गरिबी निवारणको लागि गाउँपालिकाले श्रोत र साधन परिचालन गरिरहेको छ तर नतिजा निकाल्नको लागि गाउँपालिका र निजीक्षेत्रबीच सहकार्य र साझेदारीमा गरिबी निवारणका काम हुनु पर्दछ।

गाउँपालिका क्षेत्रमा उद्योग, व्यापार र व्यावसाय संचालनको अवस्था कमजोर भएकोले गाउँपालिकाक्षेत्र भित्र रोजगारीको अवसर कम रहेको छ। गरिबीको अवस्थामा नागरिकहरु बाँची रहेका छन्। त्यसैले गर्दा रोजगारीको लागि युवा जमात विदेश तर्फ लागिरहेका छन्। स्थानीय सरकारले आफ्नो श्रोत र साधन परिचालन गरेर रोजगारीका अवसर सिर्जना गर्न कठीन भएको अवस्था देखिन्छ।

### ४.५.२ समस्या र चुनौती

गाउँपालिकासँग स्थानीयस्तरमा चाहिने सिप अनसारका जनशक्तिको आवश्यकता सम्बन्धि तथ्यांक नहुन, आन्तरिक तथा वाह्य रोजगारीमा जानेको अद्यावधिक तथ्याङ्क नहुनु र स्थानीय बजारमा काम गर्ने विदेशी श्रमिकको लगत नहुनु यस क्षेत्रका प्रमुख समस्या हुन। त्यसैगरी, प्राविधिक धारका विद्यालयहरु कम हुनु र व्यावसायिक रुपमा प्रतिस्पर्धी जनशक्ति उत्पादन कम हुनु, स्वरोगारीलाई प्रोत्साहन र सम्मान गर्ने स्पष्ट कार्यक्रम नहुनुले पनि बेरोजगारी र गरिबीमा टेवा पुगिरहेको छ। वैदेशिक रोगजारीमा जानेहरूका लागि आवश्यक अभिमुखीकरण र परामर्श सेवा उपलब्ध गराउन नसक्नु, विप्रेषणबाट आएको रकमलाई

उत्पादनशील कार्यमा लगानी गर्न प्रोत्साहन गर्न नसक्नु, समाजमा कामलाई ठूलो सानो भनेर वर्गीकरण गर्ने चलन हुनु र बैदेशिक रोजगार पूर्ण रुपमा सुरक्षित र भरपर्दो हुन नसक्नु पनि यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

### ४.५.३ सोच

"दक्ष जनशक्तिको विकास, गरिबी निवारणको आधार"

### ४.५.४ उद्देश्य

१. गाउँपालिका भित्र रहेका बेरोजगार तथा अर्धवेरोजारहरूलाई रोजगारीका अवसर सिर्जना गर्ने
२. वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित वनाउन पहल गर्ने
३. विप्रेषणलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न सहयोग तथा सहजीकरण गरिदिने
४. विदेश पलायन हुने प्रवृत्ति कम गर्नु

### ४.५.५ रणनीति

१. स्थानीयस्तरमा रोजगारी र स्वरोजगारीका अवसर सिर्जना गर्न निजी क्षेत्रसँग मिलेर काम गर्ने
२. श्रमशक्तिको क्षमता तथा दक्षता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गर्ने
३. संघ तथा प्रदेश सरकारसँगको सहकार्यका वैदेशिक रोजगारीलाई मर्यादित र सुरक्षित वनाउन

### ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाउँपालिकाको आवधिक योजना र वर्तमान अवस्थामा प्रस्तावित कार्यक्रमहरुको सान्दर्भिकता र अपेक्षित नतिजाको आधारमा यस उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तपसिल बमोजिम प्रस्तुत गरिएको छ ।

| सूचक | एकाई | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारी | कार्यदिन | | १५०९४ | १२००० | १२५०० | १३००० |
| बेरोजगार दर | प्रतिशत/संख्या | ४ | ४.६३ | ४ | ३.५ | ३ |
| १५ देखि ५९ वर्ष उमेर समूहमा अर्धबेरोजगारी दर | संख्या | १७५० | १८४० | १६०० | १४०० | १२३० |
| श्रम सूचना व्यवस्थापन प्रणाली | संख्या | १ | १ | १ | १ | १ |
| बैदेशिक रोजगारीमा जानेका लागि सञ्चालित अभिमुखकिरण (वार्षिक) | संख्या | ० | ० | १० | १५ | २० |
| वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरु सँग अन्तरक्रिया (वार्षिक) | संख्या | ० | १ | १ | २ | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वार्षिक स्वरोजगारी तथा उद्यमशीलता विकास तालिम | संख्या | ३० | ३५ | ४० | ४५ | ५० |

### ४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन र प्रस्तावित कार्यक्रमहरुको उद्देश्यका आधारमा श्रम रोजगार तथा गरिबी निवारण उपक्षेत्रको खर्च र सो स्रोतको त्रिवर्षीय अनुमान निम्नानुसार प्रस्तुत गरिएको छ ।

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको श्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | ८४८४ | ८४८४ | ० | ० | १७१ | ६८१७ | १४९७ | ० |
| २०८३/८४ | ९३३३ | ९३३३ | | ० | १८८ | ७४९९ | १६४६ | ० |
| २०८४/८५ | १०२६६ | १०२६६ | | ० | २०६ | ८२४९ | १८११ | ० |

### ४.५.८ आयोजना/कार्यक्रमको संक्षिप्त विवरण

प्रस्तावित कार्यक्रमहरुको उद्देश्य, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

| क्र.सं. | कार्यक्रम तथा आयोजना/उपक्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कूल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री रोजगार कार्यक्रम | बेरोजगारलाई मौसमी रोजगार प्रदान गरी वार्षिक आयमा वृद्धि गर्नु | सालबसाली | २५९८३ | न्युन आय भएका वार्षिक ३०० जना विपन्नले मौसमी रोजगार प्राप्त गरेका हुनेछन् । |
| २ | सुरक्षित बैदेशिक रोजगार आप्रवासान कार्यक्रम | सुरक्षित आप्रावसान सम्वन्धी, अभिमुखीकरण, सूचना, जानकारी र आवश्यक सहयोग प्रदान गर्नु | सालबसाली | १२०० | वार्षिक ५०० जनाले सुरक्षित आप्रावसन सम्बन्धि जानकारी, वित्तीय साक्षरता, मनोसामाजिक परामर्श र सहायता प्राप्त गरेका हुनेछन् । |
| ३ | श्रम बजार व्यवस्थापन तथा स्वरोजगार प्रवर्द्धन कार्यक्रम | श्रम बजार सम्बन्धि तथ्यांक अद्यावधिक गर्नु र स्थानीय उधोग ब्याबसायमा रोजगारी बृद्धि गर्ने | सालबसाली | ९०० | श्रमबजार व्यवस्थापन सूचना प्रणाली स्स्थापन हुनेछ र वार्षिक ५० जना स्वरोजगार भएका हुनेछन् । |
| | **जम्मा** | | | **२८०८३** | |

### ४.५.९ जोखिम पक्ष तथा अनुमान

श्रम बजार व्यवस्थित गर्न संघ तथा प्रदेश सरकारबाट सहयोग प्राप्त हुने र गाउँपालिकामा रोजगार सम्बन्धि नीति तथा योजना तर्जुमा हुने अनुमान छ । यद्यपी, श्रमबजार अझै पनि अनौपचारिक नै रहेको छ । सूचना संकलन गर्न, वैदेशिक रोजगारीलाई सुरक्षित वनाउन, श्रमलाई सीप, प्रविधि, उत्पादन र

बजारसँग जोड्न, अन्तर्राष्ट्रिय बजारसँग प्रतिस्पर्धा गर्न, दक्ष जनशक्तिको विकास गर्न, वैदेशिक रोजगारीबाट फिर्ता भएका युवाहरुको लागि सामाजिक पुनः एकीकरणका सवालहरू सम्बोधन गर्न चुनौतीहरू छन् ।

## ७.२ संगठन तथा मानव संशाधन विकास

### ७.२.१ पृष्ठभूमि

गाउँपालिकाको आफ्नै प्रशासकीय भवन भएको अवस्था छ। आफ्नै भवनबाट गाउँपालिकाले सेवा प्रवाहको साथसाथै विकासका क्रियाकलापहरु संचालन गर्दै आएको छ । गाउँपालिकाको काम, कर्तव्य, अधिकार, जिम्मेवारी तथा दायित्वहरु पुरा गर्न, सेवा प्रवाह तथा विकासका कार्यहरु गर्न आफ्नै भवन तथा खुल्ला प्रकारका कार्यकक्षहरु भएकोले गाउँपालिकालाई कार्यसम्पादन गर्न सहज भएको पाइन्छ । यस गाउँपालिकामा ७ वटा वडा कार्यालयहरु रहेका छन् । ७ वटा वडा कार्यालयहरुले आफ्नै भवनमा रहेर जनतालाई सेवा पुऱ्याउने काम गरिरहेका छन् ।

लेखा व्यवस्थापन, सम्पत्ति व्यवस्थापन, व्यक्तिगत घटना दर्ता लगायतका क्षेत्रमा सफ्टवेयरको प्रयोग मार्फत गाउँपालिकाले सेवा प्रवाह गरेको छ। गाउँपालिकाका कर्मचारी, पदाधिकारी, विषयक्षेत्रगत समिति, उपभोक्ता समितिको क्षमता विकासका लागि विभिन्न कार्यक्रमहरूको तर्जुमा गरी कार्यान्वयन भएको पाईन्छ । गाउँपालिकाले वडा कार्यालय, शाखा, उपशाखाहरू तथा इकाईहरुको सेवा प्रवाहको अवस्था अनुगमनका लागि सुशासन समितिलाई जिम्मेवारी दिई जिम्मेवार बनाउने नीति लिएको छ। साथै नागरिक वडापत्रको प्रभावकारी कार्यान्वयन गर्न सेवा प्रदायकका रुपमा रहेका सम्बन्धित शाखा तथा वडा कार्यालयलाई सहजीकरण गर्दै न्यूनतम लागतमा सेवा प्राप्त हुने सुनिश्चितता कायम गरेको देखिन्छ ।

### ७.२.२ समस्या तथा चुनौती

कामको चाप अनुसार कर्मचारी खटाउने, दरबन्दी तेरिज अनुसार कर्मचारीको व्यवस्था गर्नुपर्ने र आवश्यक क्षमता विकास तालिमको व्यवस्था गर्नु पर्ने देखिन्छ । कुनै शाखामा आवश्यक कर्मचारी उपलब्ध भएको देखिन्छ भने कुनै शाखामा दरबन्दी तेरिज अनुसारका कर्मचारी उपलब्ध नभएको कारण शाखालाई कार्यसम्पादन गर्न सकस भएको आभाष हुन्छ । आवश्यकता अनुसार कर्मचारी कम भएको अवस्थामा गाउँपालिकाको प्रशासनिक कार्य संचालन गर्न, आयोजना र कार्यक्रमहरु प्रभावकारी कार्यान्वयन गर्न तथा त्यसबाट चाहेको नतिजा निकाल्न कठीन् हुन सक्दछ । दरबन्दी तेरिजमा तोकिएको संख्यामा तोकिएका कर्मचारीको पदस्थापन गर्नुपर्ने खाँचो देखिएको छ । हिमाली दुर्गम जिल्ला भएकोले कर्मचारीहरुलाई गाउँपालिकामा टिकाइ राख्न जनप्रतिनिधिलाई गाह्रो भएको अवस्था देखिन्छ । संगठनको उचित विकास, व्यवस्थापन, रणनीति, संरचना र कार्यपद्धतीको विकास, तिनीहरूमा सुधार र सबलीकरण गरी उद्देश्य हासिल गर्न हदैसम्मको सांगठनिक प्रभावकारिता वृद्धि गर्न सक्ने भएता पनि सो अनुरुप संगठनको अध्ययन र सुधार गर्न अझै समय लाग्न सक्ने चुनौती देखिन्छ ।

### ७.२.३ सोच

" आधुनिक प्रविधिमैत्री, सक्षम, प्रभावकारी संगठन् र सेवा प्रवाह"

### ७.२.४ उद्देश्यः

"गाउँपालिकाको संस्थागत क्षमता विकास र कर्मचारीको व्यवसायिकता अभिवृद्धि गर्ने"

### ७.२.५ रणनीति

१. सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित बनाई छिटो, छरितो र प्रभावकारी बनाउने प्रत्येक

२. वडा कार्यालयहरूमा गुनासो सुनुवाई र सम्बोधनको संयन्त्र खडा गरी छिटो, छरितो तथा विश्वसनीय ढंगले गुनासो सुनुवाई तथा फर्स्यौट गर्ने

३. आवश्यकता अनुसार कार्यविधि निर्माण गरी सेवा प्रवाह तथा कार्यसम्पादनमा कर्मचारीलाई सहज वातावरण प्रदान गर्ने

४. गाउँपालिकाका वडा कार्यालय, शाखा, उपशाखाहरूको सेवा प्रवाहको अनुगमनका लागि आवश्यक संयन्त्रको विकास गर्नुका साथै नागरिक वडापत्रको प्रभावकारी कार्यान्वयन गर्ने

५. सेवा प्रवाहलाई प्रविधिमा आधारित बनाउने

६. सेवा प्रवाहलाई प्रविधिमा आधारित बनाउने

### ७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष

आवधिक योजना तथा प्रस्तावित कार्यक्रमका आधारमा तयार यस उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष तलदिएको तालिका अनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनमा संगठन तथा प्रशासन (प्राप्तांक) | प्रतिशत | ७५ | ८७.५ | ९०.५ | ९३.५ | ९६.५ |
| स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनमा भौतिक पूर्वाधार प्राप्तांक) | प्रतिशत | ७३.०८ | ७५ | ८० | ८५ | ९० |
| स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनमा समन्वय र सहकार्य प्राप्तांक) | प्रतिशत | ४१.६६ | ४५ | ५० | ५५ | ६० |

### ७.२.७ विषयक्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रमको औचित्यता र मध्यमकालीन बजेट खाकाको आधारमा यस उपक्षेत्रको खर्च र त्यो श्रोतको त्रिवर्षीय अनुमान निम्नानुसार प्रस्तुत गरिएको छ।

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | | बजेटको श्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | २६०७ | २६०७ | ० | ० | ५२ | २०९५ | ४६० | ० |
| २०८३/८४ | २८६८ | २८६८ | ० | ० | ५८ | २३०४ | ५०६ | ० |
| २०८४/८५ | ३१५४ | ३१५४ | ० | ० | ६३ | २५३४ | ५५६ | ० |

### ७.२.८ आयोजना/कार्यक्रमको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

| क.सं. | | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कूल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| १. | | संगठन, मानव संशाधन, क्षमता विकास सुदृढीकरण कार्यक्रम | स्थानीय सेवा, संगठन, मानव संशाधन र कार्य सम्पादनमा अभिवृद्धि गर्नु | सालबसाली | ८६२९ | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू भई सेवा प्रवाहको स्तरमा २० % ले सुधार हुनेछ । |
| | | **जम्मा** | | | ८६२९ | |

### ७.२.९ जोखिम पक्ष तथा पूर्वानुमान

सङगठन र क्षमता विकासमा गाउँपालिकाको समयमै सुधार भएमा अपेक्षित नतिजा हासिल हुनेछ । उपरोक्त व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम कायमै रहनेछ ।

मष्टा गाउँपालिका

# अनुसूची १ :

## मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा सहयोग पुऱ्याउने कार्यदल

| क्र.स. | कार्यदलमा रहेका पदाधिकारी | जिम्मेवारी |
|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २ | प्रमुख, प्रशासन शाखा | सदस्य |
| ३ | प्रमुख, महिला विकास शाखा | सदस्य |
| ४ | प्रमुख, शिक्षा शाखा | सदस्य |
| ५ | प्रमुख, भौतिक पूर्वाधार शाखा | सदस्य |
| ६ | प्रमुख, आर्थिक प्रशासन शाखा | सदस्य |
| ७ | प्रमुख, कृषि शाखा | सदस्य |
| ८ | प्रमुख, सूचना तथा प्रविधि शाखा | सदस्य |
| ९ | प्रमुख, स्वास्थ्य शाखा | सदस्य |
| १० | प्रमुख, रोजगार सेवा केन्द्र | सदस्य |
| ११ | प्रमुख, पञ्जीकरण शाखा | सदस्य |
| १२ | प्रमुख, पशु विकास शाखा | सदस्य |
| १२ | प्रमुख, योजना, अनुगमन तथा मूल्यांकन शाखा | सदस्य सचिव |

मष्टा गाउँपालिका

# अनुसूची २ :

## मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धि मार्गदर्शन

### पृष्ठभुमि

नेपालको संविधानको धारा २३२ अनुसार संघ, प्रदेश र स्थानीय तह बीचको सम्वनध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भनेर उल्लेख गरिएको छ । संघीय शासन व्यवस्थाको यात्रामा तीन तहका सरकार, नीजि क्षेत्र, सहकारी, समुदाय तथा नागरिक बीच समन्वय, सहकारिता र सहअस्तित्वको सिद्धान्तलाई आत्मसाथ गर्न तीनै तहका सरकारले ढिला गर्न हुँदैन । तीनै तहका सरकार संचालन हुने सिद्धान्त आत्मसाथ गर्न नसकेको खण्डमा जनताको परिवर्तनको चाहना सम्बोधन गर्ने वातावरण वन्न सक्दैन । नागरिकको जीवनशैलीमा परिवर्तन ल्याउन क्षमता विकास, छिटोछरितो सेवा प्रवाह, पूर्वाधारको दिगो विकास जस्ता आधारभुत कुराहरु आवश्यक पर्दछन् । संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्था गरेर नागरिकको घरदैलोको सरकारको रुपमा स्थानीय सरकारहरु स्थापित हुनु पर्दछ । यसका लागि स्थानीय सरकारले हालको राजनीतिक, सामाजिक तथा साँस्कृतिक र प्राविधिक परिस्थितिले सिर्जना गरेको अवसरहरुको पूर्ण सदुपयोग हुने गरी योजना तथा बजेट तर्जुमा गर्ने कार्यलाई योजनावद्ध, व्यवस्थित र नतिजामूलक वनाउनु पर्ने देखिन्छ

सबै सम्बन्धित सरोकारवालाको सक्रिय सहभागितामा समावेशी विकासको अवधारणा अनुसार योजना तथा बजेट तर्जुमा प्रक्रिया अवलम्बन  गर्नु पर्दछ । यस प्रकार योजना तथा बजेट तर्जुमा गर्दा आवधिक, विषयगत गुरुयोजनाले दिशानिर्देश गरे बमोजिमको सोच, लक्ष्य , उद्देश्य र प्राथमिकताको आधारमा गर्नु पर्दछ । स्थानीय सरकार स्थानीय समस्याको सम्बोधन गर्ने, जनताको आर्थिक सामाजिक रुपान्तरणको चाहाना सम्बोधन गर्ने खालको हुनुपर्छ । योजनाले उपलब्ध हुन सक्ने सम्भाव्य श्रोत साधन परिचालन गरी अनुमानित र विनियोजन बजेटको बीचमा रहेका खाडललाई न्यूनीकरण गर्दै लैजान सक्नु पर्दछ । तब मात्र आम नागरिकले संङ्घीय लोकतान्त्रिक शासन व्यवस्थाले सिंजना  गरेको अवसर तथा कार्यान्वयन योग्य आयोजना तथा कार्यक्रमबाट अपेक्षित नतिजा हासिल  गर्न सक्छन् ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (२१) को उपदफा (३) बमोजिम गाउँकार्यपालिकाले प्रत्येक वर्षको असार १० गते भित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान गाउँसभामा पेश गर्नु पर्ने व्यवस्था गरेको छ । त्यसै गरी उपदफा (५) ले राजस्व र व्यवको अनुमान नेपाल सरकारले तोकेको मापदण्ड अनुसार हुनपर्ने व्यवस्था गरेको छ । तसर्थ नेपाल सरकारबाट स्वीकृत आय र व्ययका शीर्षकहरुको वर्गीकरण र एकीकृत आर्थिक संकेत तथा वर्गीकरण सम्वन्धि व्याख्या, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार बजेट तर्जुमा गर्न अधिकतम प्रयास गर्ने यस मार्गदर्शनको उद्देश्य रहेको छ । बजेट तर्जुमा गर्दा आय र व्ययका शीर्षकहरुको वर्गीकरणको सिद्धान्तको राम्रोसँग जानकारी हुन जरुरी छ । खर्च वर्गीकरणका सिद्धान्त बमोजिम बजेट तर्जुमा गर्न सकिएमा बजेट कार्यान्वयन गर्दा रकमान्तर गर्नुपर्ने वा कार्यक्रम संशोधन गनु पर्ने अवस्था आउँदैन ।

मध्यमकालीन खर्च संरचना तर्जुमा गरी कार्यपालिकाका पदाधिकारी, विषयगत शाखाका प्रमुखहरु, वडा समिति र स्थानीय सरोकारवालाई उपलब्ध गराउन यो मार्गदर्शन तयार गरिएको छ । कार्यपालिकाबाट सम्वन्धित शाखा, उपशाखा, इकाई, तथा वडाको लागि उपलब्ध बजेट सीमा तथा प्राथमिकता निर्धारणको आधार, प्रक्रिया यस मार्गदर्शन अनुसार आगामी आर्थिक वर्षको लागि आयोजना तथा कार्यक्रम छनौट तथा बजेट प्रस्ताव गर्नुपर्नेछ । आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम समेत मध्यमकालीन खर्च संरचना प्रस्ताव तयार गर्दा आवधिक योजना, विषयक्षेत्रगत गुरु योजना, रणनीतिक योजना, चालु आ.व.को स्वीकृत नीति तथा कार्यक्रमको आधारमा गर्नुपर्नेछ ।

## कार्यक्रम तथा उपलब्धिको सक्षिप्त समिक्षा

मष्टा गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम, बजेटको कार्यान्वयन समुदाय, नागरिक समाज, नीजि क्षेत्र, प्रदेश तथा संघीय सरकारसँग सहकारित, समन्वय, सहअस्तित्वको सिद्धान्त अनुसार लक्ष्य हासिल गर्न तथा नतिजा निकाल्न तर्फ उन्मुख रहेको देखिन्छ । गाउँसभाबाट स्वीकृत भएका आयोजना तथा कार्यक्रमहरु केही सम्पन्न हुन गैरहेका छन् भने बाँकी सम्पन्न गर्ने तरिकाले काम अगाडि बढेको देखिन्छ । बजेट तथा कार्यक्रम कार्यान्वयनको समयतालिका पालना, विधि, प्रक्रिया तथा नतिजा अनुगमन गरी कार्यतालिका र निर्धारित मापदण्ड र अपेक्षित नतिजा अनुसार कार्यान्वयनलाई व्यवस्थित गर्न अनुभव, सीप र क्षमता तथा कार्यान्वयन गर्ने कार्यविधिको आवश्यकता महशुस गरिएको छ । गत वर्ष सिकाईका आधारमा आगामी बर्षको बजेट तथा कार्यक्रम तर्जुमा देखी नै कार्यान्वयन कार्ययोजना र अनुगमन योजना वनाई यसलाई व्यवस्थित गर्नु पर्ने अवस्था विद्यमान छ । आवधिक योजनाको लक्ष्य तथा प्रगति र चालु आर्थिक वर्षको प्रमुख आयोजना तथा कार्यक्रमको कार्यान्वयन अवस्था र हालसम्मको उपलब्धी समेत मध्यनजर गरी आगामी तीन आर्थिक वर्षको लागि सम्भव भएसम्म आयोजना तथा कार्यक्रमगत रुपमा नभएमा उपक्षेत्रगत रुपमा तर्जुमा गर्नुपर्नेछ ।

## योजना तथा बजेट तर्जुमाका आधारहरु

संवैधानिक, नीतिगत र कानूनी व्यवस्था अनुसार आर्थिक सामाजिक विकासका लागि स्थानीय सरकारले एक आर्थिक वर्ष भित्र गर्ने खर्च र त्यसको व्यवस्थापनका लागि उपयोग गरिने आयका श्रोतहरु उल्लेख भएको महत्वपूर्ण दस्तावेज नै बजेट हो । बजेट मार्फत स्थानीय सरकारले खर्चको प्राथमिकता निर्धारण गर्नुका साथै स्थानीय वित्त नीतिको घोषणा र कार्यान्वयनको खाका प्रस्तुत गर्नु पर्दछ । बजेटलाई आर्थिक स्थायित्व कायम गर्दै आर्थिक, सामाजिक विकास र समृद्धि हासिलगर्ने प्रमुख औजारको रुपमा लिइन्छ । यसको अतिरिक्त संविधानले व्यवस्था गरेका मौलिक हक, राज्यको निर्देशक सिद्धान्त, नीति तथा स्थानीय तहको अधिकारका विषयहरुको कार्यान्वयन गर्नका निमित्त बजेटको उपयोग गरिन्छ ।

संविधानले तीनै तहका सरकारले सरकारी कोषबाट वार्षिक बजेट अनुरुप बजेटको उपयोग गर्ने व्यवस्था गरेको छ । स्थानीय सरकारको सन्दर्भमा बजेट राजनीतिक, कानूनी र प्राविधिक विषय पनि हो । संघीय शासन व्यवस्था संचालन र यसका सन्दर्भमा बजेट तर्जुमा अभ्यास अत्यन्त महत्वपूर्ण विषय हो । त्यसकारण बजेट तर्जुमा गर्ने अभ्यासमा संलग्न यस गाउँपालिकाका पदाधिकारी, बजेट तथा कार्यक्रम तर्जुमासँग सम्बन्धित समिति (कार्यदल) तथा विषयगत शाखा, कर्मचारी, सरोकारवाला पक्ष र व्यक्ति बजेट तर्जुमाको नीतिगत र कानूनी व्यवस्थाको बारेमा जानकार हुन आवश्यक छ । मध्यमकालीन खर्च संरचनमा समेत आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा देहायअनुसारका सान्दर्भिक नीतिगत तथा कानूनी व्यवस्थालाई आधार लिइनेछ ।

१. संविधानमा उल्लेख व्यवस्था भएका योजना तथा बजेट विनियोजनसँग सम्बन्धित धाराहरू (भाग ३: मौलिक हक र कर्तव्य, भाग ४: राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्व, भाग ५: राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड, भाग १७: धारा २१४ देखी २३२)

२. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ का सान्दर्भिक दफाहरु (परिच्छेद ४: प्राकृतिक स्रोतको परिचालन, राजस्व बाँडफाँट र अनुदान आदि)

३. स्थानीय सरकार संचालन ऐन, २०७४ को सान्दर्भिक दफाहरु (परिच्छेद ६: दफा २४ र २५, परिच्छेद ९: दफा ५४ देखी ६८ र परिच्छेद १०: दफा ६९ देखी ८० सम्म)

४. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद २: राजस्वको अधिकार, परिच्छेद ३: राजस्वको बाँडफाँड, परिच्छेद ४: अनुदानको अवस्था परिच्छेद ५: वैदेशिक सहायता र आन्तरिक ऋण, परिच्छेद ६: सार्वजनिक खर्च व्यवस्था, परिच्छेद ७: राजस्व र व्ययको अनुमान, परिच्छेद ८: वित्तीय अनुशासन आदि)

५. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी ऐन, २०७६ तथा नियमावली, २०७७ का सान्दर्भिक दफा तथा नियमहरु (बजेट निर्माण, निकासा, खर्च, रकमान्तर र नियन्त्रण, बजेट र कार्यक्रम तर्जुमा, कार्यक्रम स्वीकृती र संशोधन, प्रगति समीक्षा)

६. सावर्जनिक खरिद ऐन, २०६३ र नियमावलीका सान्दर्भिक दफाहरू (ऐनको परिच्छेद २: खरिद कार्यको जिम्मेवारी र खरिद विधि सम्बन्धि   व्यवस्था, नियमको परिच्छेद २: खरिदको तयारी, खरिद योजना र लागत अनुमान)

७. दिगो विकास लक्ष्य  (लक्ष्य  १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १५, १६ तथा १७)

८. संघीय सरकारको दीर्घकालीन सोच नीति तथा पन्ध्रौ योजनाको सार्न्दभिक बुँदाहरु

९. मष्टा गाउँपालिकाको आवधिक योजनाको लक्ष्य , उद्देश्य, रणनीति तथा प्राथमिकता र विषयगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र रणनीतिक कार्यक्रम तथा आयोजना

१०. समपुरक तथा विशेष अनुदान सम्बन्धि कार्यविधि, २०७६

११. गाउँपालिकाको सान्दर्भिक ऐन, नियमावली तथा कार्यविधिहरु ।

**बजेट सीमा**

आगामी आ.व. २०८२/८३ समेत ३ आथिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाको लागि आयोजना तथा  कार्यक्रम र विषयगत उपक्षेत्रगत रुपमा बजेट सीमा निर्धारण गरिएको छ। बजेट सीमा, आयोजना तथा कार्यक्रम र उपक्षेत्रको कूल खर्च, चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्था तथा त्यसको श्रोत समेत समावेश गरी निम्नानुसार प्रस्तुत गरिएको छ ।

| विषय | | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको सोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | कुल | चालु | पूजिगत | वित्तिय व्यवस्था | आन्तरिक श्रोत राजस्व वाडफांड | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| **आर्थिक विकास** | २०८२/८३ | ३६३७० | २२९५० | १३४२० | ० | ७३१ | २९२२३ | ६४१७ | ० |
| | २०८३/८४ | ४०००८ | २५२४६ | १४७६२ | ० | ८०५ | ३२१४७ | ७०५७ | ० |
| | २०८४/८५ | ४४००८ | २७७७० | १६२३८ | ० | ८८५ | ३५३६० | ७७६३ | ० |
| कृषि तथा खाद्य सुरक्षा | २०८२/८३ | २०८९३ | १९५७३ | १३२० | ० | ४२० | १६७८८ | ३६८६ | ० |
| | २०८३/८४ | २२९८३ | २१५३१ | १४५२ | ० | ४६२ | १८४६७ | ४०५४ | ० |
| | २०८४/८५ | २५२८१ | २३६८४ | १५९७ | ० | ५०८ | २०३१३ | ४४६० | ० |
| सहकारी | २०८२/८३ | २५३ | २५३ | ० | ० | ५ | २०३ | ४५ | ० |
| | २०८३/८४ | २७८ | २७८ | ० | ० | ६ | २२३ | ४९ | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०८४/८५ | ३०६ | ३०६ | ० | ० | ६ | २४६ | ५४ | ० |
| उद्योग, व्यापार तथा व्यावसाय | २०८२/८३ | २६२९ | २६२९ | ० | ० | ५३ | २११२ | ४६४ | ० |
| | २०८३/८४ | २८९२ | २८९२ | ० | ० | ५८ | २३२४ | ५१० | ० |
| | २०८४/८५ | ३१८१ | ३१८१ | ० | ० | ६४ | २५५६ | ५६१ | ० |
| पर्यटन विकास | २०८२/८३ | १४३० | ३३० | ११०० | ० | २९ | ११४९ | २५२ | ० |
| | २०८३/८४ | १५७३ | ३६३ | १२१० | ० | ३२ | १२६४ | २७७ | ० |
| | २०८४/८५ | १७३० | ३९९ | १३३१ | ० | ३५ | १३९० | ३०५ | ० |
| जलश्रोत तथा सिंचाई | २०८२/८३ | १११६५ | १६५ | ११००० | ० | २२४ | ८९७१ | १९७० | ० |
| | २०८३/८४ | १२२८२ | १८२ | १२१०० | ० | २४७ | ९८६९ | २१६७ | ० |
| | २०८४/८५ | १३५१० | २०० | १३३१० | ० | २७२ | १०८५५ | २३८३ | ० |
| **सामाजिक विकास** | २०८२/८३ | २४२३६९ | २२२३४९ | २००२० | ० | ४८७० | १९४७१० | ४२७४७ | ० |
| | २०८३/८४ | २६६६०५ | २४४५८३ | २२०२२ | ० | ५३५९ | २१४२१७ | ४७०२९ | ० |
| | २०८४/८५ | २९३२६५ | २६९०४१ | २४२२४ | ० | ५८९६ | २३५६४० | ५१७३१ | ० |
| शिक्षा कला, भाषा तथा साहित्य | २०८२/८३ | १६८९१५ | १६८९५५ | ० | ० | ३३९५ | १३५७२३ | २९७९७ | ० |
| | २०८३/८४ | १८५८५० | १८५८५० | ० | ० | ३७३६ | १४९३३० | ३२७८४ | ० |
| | २०८४/८५ | २०४४३५ | २०४४३५ | ० | ० | ४१०९ | १६४२६४ | ३६०६२ | ० |
| स्वास्थ्य तथा पोषण | २०८२/८३ | ३४९९० | ३४९९० | ० | ० | ७०३ | २८११४ | ६१७२ | ० |
| | २०८३/८४ | ३८४८९ | ३८४८९ | ० | ० | ७७४ | ३०९२६ | ६७८९ | ० |
| | २०८४/८५ | ४२३३८ | ४२३३८ | ० | ० | ८५१ | ३४०१९ | ७४६८ | ० |
| खानेपानी तथा सरसफाई | २०८२/८३ | २००२० | ० | २००२० | ० | ४०२ | १६०८६ | ३५३२ | ० |
| | २०८३/८४ | २२०२२ | ० | २२०२२ | ० | ४४३ | १७६९५ | ३८८५ | ० |
| | २०८४/८५ | २४२२४ | ० | २४२२४ | ० | ४८७ | १९४६४ | ४२७३ | ० |
| महिला, बालबालिका, समावेशीकरण | २०८२/८३ | १३५९१ | १३५९१ | ० | ० | २७३ | १०९२० | २३९७ | ० |
| | २०८३/८४ | १४९५० | १४९५० | ० | ० | ३०० | १२०१२ | २६३७ | ० |
| | २०८४/८५ | १६४४५ | १६४४५ | ० | ० | ३३१ | १३२१४ | २९०१ | ० |
| सामाजिक सुरक्षा तथा संरक्षण | २०८२/८३ | २४४८ | २४४८ | ० | ० | ४९ | १९६७ | ४३२ | ० |
| | २०८३/८४ | २६९२ | २६९२ | ० | ० | ५४ | २१६३ | ४७५ | ० |
| | २०८४/८५ | २९६१ | २९६१ | ० | ० | ६० | २३७९ | ५२२ | ० |
| युवा, खलकुद तथा नवप्रवर्तन | २०८२/८३ | २३६५ | २३६५ | ० | ० | ४८ | १९०० | ४१७ | ० |
| | २०८३/८४ | २६०२ | २६०२ | ० | ० | ५२ | २०९१ | ४५९ | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०८४/८५ | २८६२ | २८६२ | ० | ० | ५८ | २३०० | ५०५ | ० |
| **पूर्वाधार विकास क्षेत्र** | २०८२/८३ | ८६६३७ | २४२ | ८६३९५ | ० | १७४२ | ६९६१३ | १५२८२ | ० |
| | २०८३/८४ | ९५३०० | २६६ | ९५०३४ | ० | १९१६ | ७६५७३ | १६८११ | ० |
| | २०८४/८५ | १०४८३० | २९३ | १०४५३७ | ० | २१०७ | ८४२३१ | १८४९२ | ० |
| बस्ती विकास, आवास, सडक तथा यातायात, तथा भवन | २०८२/८३ | २६४९९ | ० | २६४९९ | ० | ५३३ | २१२९२ | ४६७४ | ० |
| | २०८३/८४ | २९१४९ | ० | २९१४९ | ० | ५८६ | २३४२१ | ५१४२ | ० |
| | २०८४/८५ | ३२०६४ | ० | ३२०६४ | ० | ६४४ | २५७६३ | ५६५६ | ० |
| जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | २०८२/८३ | ४४३३ | ३३ | ४४०० | ० | ८९ | ३५६२ | ७८२ | ० |
| | २०८३/८४ | ४८७६ | ३६ | ४८४० | ० | ९८ | ३९१८ | ८६० | ० |
| | २०८४/८५ | ५३६४ | ४० | ५३२४ | ० | १०८ | ४३१० | ९४६ | ० |
| सम्पदा पूर्वाधार विकास | २०८२/८३ | १२१७२ | २०९ | ११९६३ | ० | २४५ | ९७८० | २१४७ | ० |
| | २०८३/८४ | १३३८९ | २३० | १३१५९ | ० | २६९ | १०७५८ | २३६२ | ० |
| | २०८४/८५ | १४७२८ | २५३ | १४४७५ | ० | २९६ | ११८३४ | २५९८ | ० |
| पूर्ननिर्माण | २०८२/८३ | ४३५३३ | ० | ४३५३३ | ० | ८७५ | ३४९७९ | ७६७९ | ० |
| | २०८३/८४ | ४७८८६ | ० | ४७८८६ | ० | ९६३ | ३८४७६ | ८४४७ | ० |
| | २०८४/८५ | ५२६७४ | ० | ५२६७४ | ० | १०५९ | ४२३२४ | ९२९२ | ० |
| **वन तथा वातावरण क्षेत्र** | २०८२/८३ | ५५० | ५५० | ० | ० | ११ | ४४२ | ९७ | ० |
| | २०८३/८४ | ६०५ | ६०५ | ० | ० | १२ | ४८६ | १०७ | ० |
| | २०८४/८५ | ६६६ | ६६६ | ० | ० | १३ | ५३५ | ११७ | ० |
| वन, पार्क, हरियाली | २०८२/८३ | ५५० | ५५० | ० | ० | ११ | ४४२ | ९७ | ० |
| | २०८३/८४ | ६०५ | ६०५ | ० | ० | १२ | ४८६ | १०७ | ० |
| | २०८४/८५ | ६६६ | ६६६ | ० | ० | १३ | ५३५ | ११७ | ० |
| **संस्थागत विकास क्षेत्र** | २०८२/८३ | ३३४६४ | ३३४६४ | ० | ० | ६७३ | २६८८९ | ५९०३ | ० |
| | २०८३/८४ | ३६८१२ | ३६८१२ | ० | ० | ७४१ | २९५७८ | ६४९३ | ० |
| | २०८४/८५ | ४०४९२ | ४०४९२ | ० | ० | ८१३ | ३२५३५ | ७१४३ | ० |
| विपद जोखीम न्यूनिकरण | २०८२/८३ | ४९१७ | ४९१७ | ० | ० | ९९ | ३९५१ | ८६७ | ० |
| | २०८३/८४ | ५४०९ | ५४०९ | ० | ० | १०९ | ४३४६ | ९५४ | ० |
| | २०८४/८५ | ५९५० | ५९५० | ० | ० | १२० | ४७८१ | १०५० | ० |
| संगठन, मानव संशाधन र क्षमता विकास | २०८२/८३ | २६०७ | २६०७ | ० | ० | ५२ | २०९५ | ४६० | ० |
| | २०८३/८४ | २८६८ | २८६८ | ० | ० | ५८ | २३०४ | ५०६ | ० |
| | २०८४/८५ | ३१५४ | ३१५४ | ० | ० | ६३ | २५३४ | ५५६ | ० |
| | २०८२/८३ | ३८५ | ३८५ | ० | ० | ८ | ३०९ | ६८ | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| अनुगमन तथा मूल्यांकन | २०८३/८४ | ४२४ | ४२४ | ० | ० | ९ | ३४१ | ७५ | ० |
| | २०८४/८५ | ४६६ | ४६६ | ० | ० | ९ | ३७४ | ८२ | ० |
| श्रम तथा रोजगारी | २०८२/८३ | ८४८४ | ८४८४ | ० | ० | १७१ | ६८१७ | १४९७ | ० |
| | २०८३/८४ | ९३३३ | ९३३३ | | ० | १८८ | ७४९९ | १६४६ | ० |
| | २०८४/८५ | १०२६६ | १०२६६ | | ० | २०६ | ८२४९ | १८११ | ० |
| शासन प्र.प्रशासकीय सुशासन | २०८२/८३ | १७०७१ | १७०७१ | ० | ० | ३४३ | १३७१७ | ३०११ | ० |
| | २०८३/८४ | १८७७८ | १८७७८ | ० | ० | ३७७ | १५०८८ | ३३१२ | ० |
| | २०८४/८५ | २०६५६ | २०६५६ | ० | ० | ४१५ | १६५९७ | ३६४४ | ० |
| **कार्यालय संचालन र प्रशासनिक** | २०८२/८३ | १००७७८ | ९७८८८ | २८९१ | ० | २०२६ | ८०९७५ | १७७७७ | ० |
| | २०८३/८४ | ११०८५६ | १०७६७६ | ३१८० | ० | २२२८ | ८९०७३ | १९५५५ | ० |
| | २०८४/८५ | १२१९४२ | ११८४४४ | ३४९८ | ० | २४५१ | ९७९८० | २१५११ | ० |
| **वार्षिक जम्मा** | २०८२/८३ | ५००१६८ | ३७७४४३ | १२२७२६ | ० | १००५३ | ४०१८५२ | ८८२२३ | ० |
| | २०८३/८४ | ५५०१८६ | ४१५१८८ | १३४९९८ | ० | ११०६१ | ४४२०७४ | ९७०५२ | ० |
| | २०८४/८५ | ६०५२०३ | ४५६७०६ | १४८४९७ | ० | १२१६५ | ४८६२८१ | १०६७५७ | ० |
| **कुल जम्मा** | | १६५५५५७ | १२४९३३७ | ४०६२२१ | ० | ३३२८० | १३३०२०७ | २९२०३२ | ० |

## बजेट तर्जुमा, आयोजना तथा कार्यक्रम छनोट मार्गदर्शन

आगामी आर्थिक वर्षका लागि व्यय अनुमान तथा बाँकी दुई आर्थिक वर्षको लागि उपलब्ध बजेटको सीमा भित्र रहेर प्रथम आवधिक योजना, विषयक्षेत्रगत रणनीतिक योजना, चालु आर्थिक वर्षको लागि प्रस्तुत नीति तथा कार्यक्रमको आधारमा निम्नलिखित विषयहरूलाई ध्यान दिई आयोजना तथा कार्यक्रमहरूको छनौट, प्राथमिकीकरण, बजेट अनुमान तथा साँकेतीकरण, आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण समेत तयार गरी मिति २०८२ जेठ ३१ गते भित्र पेश गर्नु हुन अनुरोध गरिन्छ ।

१. संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व र अनुसुची ८ र ९ मा उल्लेखित अधिकारहरुसँग तादात्म्यता कायम हुने आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ ।

२. मध्यमकालीन खर्च संरचना तथा सार्वजनिक खर्च विवरणमा उल्लेख भएको खर्चलाई ध्यान दिई आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण र छनौट गर्नुपर्नेछ ।

३. आवधिक योजनाको सोच, लक्ष्य , उद्देश्य, रणनीति तथा प्राथमिकता, विषयगत लक्ष्य  तथा उद्देश्य, रणनीति तथा कार्यनीति तथा प्रमुख कार्यक्रम अनुसार आयोजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्नेछ ।

४. चालु आर्थिक वर्षमा सञ्चालित स्थानीय गौरव, रुपान्तरणकारी, क्रमागत, बहुवर्षीय र अधुरा आयोजना तथा कार्यक्रमलाई पहिलो प्राथमिकतामा राखी बजेट अनुमान गर्नुपर्नेछ ।

५. आयोजना तथा कार्यक्रम छनौट गर्दा साना, टुक्रे र संख्यात्मक रुपमा धेरै आयोजना छनोट गर्नु भन्दा आवश्यकतामा आधारित ठोस, उपलब्धीमूलक र कार्यान्वयन योग्य आयोजना तथा कार्यक्रमहरुको छनोट गर्नु पर्नेछ ।

६. वस्ती वा गाउँ वा वडास्तरीय योजना छनौट गर्दा आयोजना बैंक वा आवधिक योजनामा समावेश भएका वा कानून अनुसार वातावरणीय प्रभाव अध्ययन लगायत सम्भाव्यता अध्ययन भै डिजाईन,

लागत अनुमान तथा विस्तृत परियोजना प्रतिवेदन तयार भएका आयोजना तथा कार्यक्रमलाई छनौट गर्नुपर्नेछ ।

७. आम नागरिकको आधारभूत स्वास्थ्य, खानेपानी तथा सरसरफाई, महिला सशक्तीकरण, रोजगारी र उद्यमशीलता विकास हुने कार्यक्रमलाई समावेश गर्नु पर्नेछ ।

८. स्थानीय तहमा राजस्व वृद्धि गर्ने र आयमूलक आयोजना तथा कार्यक्रमलाई अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।

९. कृषि, खाद्यान्न, पशुपंक्षी तथा पर्यटन उपज (Tourism Products), व्यावसायीकरण , विविधीकरण र औद्योगिकीरणलाई सहयोग पुऱ्याउने कार्यक्रमहरु छनोट गर्नु पर्नेछ ।

१०. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहको नीति तथा कानूनले निर्धारण गरेका दायित्वलाई अनिवार्य समावेश गर्नु पर्नेछ ।

११. विज्ञान, प्रविधि तथा खेलकुद लगायत युवाको सिर्जनशिलता, नवप्रर्वद्धन र उद्यमशीलता विकासमा सघाउ पुग्ने आयोजना तथा कार्यक्रमहरु छनोट गर्नु पर्नेछ ।

१२. योग, ज्ञान तथा सीप विकास, अध्ययन, खोज, अनुसन्धान र आविस्कारसँग सम्बन्धित आयोजना तथा कार्यक्रम तर्जुमा गरी समावेश गर्नु पर्नेछ ।

१३. बालबालिकालाई केन्द्रविन्दुमा राखी उनीहरुको बचाउ, संरक्षण, विकास र सहभागिता सम्बन्धि आयोजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

१४. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा संघीय सरकार तथा प्रदेश सरकारको नीति, लक्ष्य , उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद्

व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनु पर्नेछ

१५. विकास निर्माण आयोजनाको हकमा ठोस तथा उपलब्धिमूलक आयोजना तथा कार्यक्रम छनोट गर्नुपर्नेछ । महिला, पिछडिएको वर्ग, विस्थापित, अपाङ्गता भएका व्यक्ति लक्षित कार्यक्रम महत्व र प्राथमिकता साथ छनोट गर्नुपर्नेछ ।

१६. छनोट भएका आयोजना तथा कार्यक्रम वातावरणीय, सामाजिक, प्राविधिक र साँस्कृतिक रुपमा संभाव्य हुनु पर्नेछ । त्यस्ता आयोजना तथा कार्यक्रमको बजेटको श्रोत समेत खुलाई प्रस्ताव गर्नु पर्नेछ । यसबाट आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा समयमा संचालन गर्न र बजेट अपुग हुन पाउँदैन ।

१७. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा चालु आर्थिक वर्षको खरिद गुरुयोजनालाई समेत ध्यान दिनु पर्नेछ ।

१८. आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नु अगावै सो आयोजना तथा कार्यक्रमबाट लाभान्वित तथा प्रभावित वर्ग तथा समुदाय, साझेदार तथा सहयोगी निकायहरुसँग परामर्श लिई जग्गा लगायतका विषयमा सहमती भएको अवस्थामा मात्र आयोजना तथा कार्यक्रम प्रस्ताव तथा छनोट गर्नु पर्नेछ ।

१९. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा उपलब्ध बजेट सीमा र मार्गदर्शन अनुसार आयोजना तथा कार्यक्रगत र विषयगत उपक्षेत्रअनुसार छुट्टाछुट्टै रुपमा तर्जुमा गर्नु पर्नेछ ।

२०. उपभोक्ता समिति, नागरिक तथा सामुदायिक संस्था, गैससँग साझेदारी गर्न र सो मार्फत कार्यान्वयन गर्न सकिने आयोजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

२१. स्थानीय सरकार संचालन ऐन, २०७४ को व्यवस्था अनुसार बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको लक्ष्य , उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी दिगो विकासका लक्ष्य लगायत वातावरण, सुशासन, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् जोखिम व्यवस्थापन, लैंगिक समानता र सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ ।

२२. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा उल्लेखित ढाँचा तथा फाराममा आयोजना र कार्यक्रम विवरण तयार गर्नु पर्नेछ ।

२३. योजना तथा बजेट तर्जुमा गर्दा यस गाउँपालिकाको पार्श्वचित्र (प्रोफाइल) ले लक्षित गरे अनुसारका क्षेत्र तथा सवाललाई सम्बोधन गर्नु पर्नेछ ।

मष्टा गाउँपालिका

# अनुसूची ३ :

## तीन आर्थिक वर्षको खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण

| कार्यक्रम/आयोजनाको नाम | तिन वर्षमा कुल विनियोजित रकम | प्राथमिकिकरण | दिगो विकासको लक्ष्य संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|
| आर्थिक क्षेत्र | १२०३८६ | | | | |
| कृषि तथा खाद्य सुरक्षा | ६४७८६ | | | | |
| कृषि भूमी चक्लावन्दी, टनेल खेती र यान्त्रीकरण कार्यक्रम | १४३२५ | P1 | २ | २ | ३ |
| कृषक वर्गीकरण , विउ वैंक मार्फत सामुहिक विउ उत्पादन कार्यक्रम र ब्यावसायिक कृषि प्रवर्द्धन | ४२३६ | P1 | २ | ३ | २ |
| कृषि उत्पादनको बजारीकरण, हाट बजार स्थापना र आपूर्ती श्रृंखला सवलिकरण कार्यक्रम | ३४४२ | P2 | १२ | १ | २ |
| कृषि प्रसार, संचार, प्रविधि हस्तान्तरण तथा नियमन कार्यक्रम | ४००५५ | P2 | ८ | ३ | ३ |
| रैथाने वाली संरक्षण, चिया खेती कार्यक्रम तथा प्रांगारिक र वातावरणमैत्री बाली प्रवर्द्धन कार्यक्रम | २७२८ | P1 | १३ | १ | १ |
| **पर्यटन तथा संस्कृति** | ४७३३ | | | | |
| पर्यटन गुरुयोजना निर्माण | ५०० | P2 | १६ | ३ | ३ |
| होमस्टे कार्यक्रम तथा पर्यटन विकास र पर्यटन प्रवर्द्धन कार्यक्रम | ४२३३ | P1 | १६ | ३ | ३ |
| **सिंचाई** | ३६९५६ | | | | |
| सिंचाई संग सम्वन्धित योजनाहरु | ३६९५६ | P1 | ९ | २ | २ |
| पशुपंक्षी सेवा | ४३७२ | | | | |
| पशुपालन व्यवसायको आधुनिकीकरण कार्यक्रम ( नश्ल सुधार, ल्याव स्थापना | ८१७ | P1 | १ | २ | २ |
| पशुपक्षी रोग नियन्त्रण, बीमा, क्षमता अभिवृद्धि लगायत नियमित पशु सेवा कार्यक्रम | २५१० | P1 | १६ | २ | ३ |
| पकेटक्षेत्र विस्तार र पूर्वाधार विकास कार्यक्रम | १०४५ | P2 | ९ | १ | २ |
| उद्योग व्यावसाय तथा व्यापार | ८७०२ | | | | |
| लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन र सम्वर्द्धनका लागि उद्यमशीलता, सीप विकास तालिम, उपयुक्त प्रविधिको व्यवस्था र बजारीकरणमा सहयोग कार्यक्रम | ४०६६ | P1 | ८ | १ | १ |
| उद्योग व्यापार तथा व्यावसाय विकास र नियमन कार्यक्रम | १२१० | P1 | ८ | २ | ३ |
| एक वडा एक औद्योगिक/हस्तकला ग्राम कार्यक्रम | ३४२६ | P1 | ९ | २ | २ |

| कार्यक्रम/आयोजनाको नाम | तिन वर्षमा कुल विनियोजित रकम | प्राथमिकिकरण | दिगो विकासको लक्ष्य संकेत | लैङ्कि संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|
| सहकारी विकास | ८३७ | | | | |
| सहकारी विकास र प्रवर्द्धन कार्यक्रम | ८३७ | P1 | ८ | १ | २ |
| **सामाजिक क्षेत्र** | ८०२२३६ | | | | |
| शिक्षा कला भाषा तथा साहित्य | ५५९२३९ | | | | |
| प्रारम्भिक बाल विकास कार्यक्रम | ४२४४६ | P1 | ४ | २ | ३ |
| आधारभूत शिक्षा कार्यक्रम | १७५४३२ | P1 | ४ | २ | ३ |
| माध्यमिक शिक्षा कार्यक्रम | २४२०१ | P1 | ४ | २ | ३ |
| प्राविधिक शिक्षा कार्यक्रम | ४०६५ | P1 | ४ | २ | ३ |
| अनौपचारिक तथा जीवनपर्यन्त सिकाइ कार्यक्रम | ४४०० | P2 | ४ | २ | ३ |
| भाषा कला तथा साहित्य प्रवर्द्धन कार्यक्रम | ३०६७८ | P2 | ४ | २ | ३ |
| शैक्षिक प्रशासन सुधार तथा क्षमता विकास कार्यक्रम | १७४२ | P2 | ४ | २ | ३ |
| शिक्षा संग अन्य **सालबसाली कार्यक्रम** | २६९९५७ | P2 | ४ | २ | ३ |
| वहुउद्धेश्यीय खेल मैदान | ५३१८ | P2 | ४ | २ | ३ |
| राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद कार्यक्रम | १००० | P2 | ४ | २ | ३ |
| स्वास्थ्य तथा पोषण | ११५८१७ | | | | |
| पालिका अस्पताल स्थापना, निर्माण र सुधार | २९७०० | P1 | ३ | २ | ३ |
| आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निःशुल्क गर्भपतन कार्यक्रम | ४५०० | P1 | ३ | २ | ३ |
| क्षयरोग नियन्त्रण कार्यक्रम | ८४६४ | P1 | ३ | २ | ३ |
| पोषण कार्यक्रम | १२००० | P2 | ३ | २ | ३ |
| परिवार नियोजन किशोर किशोरी तथा प्रजनन स्वास्थ्य कार्यक्रम | ४००० | P2 | ३ | २ | ३ |
| खोप कार्यक्रम | ५००० | P1 | ३ | २ | ३ |
| महामारीजन्य रोग नियन्त्रण कार्यक्रम | ५६९० | P1 | ३ | २ | ३ |
| विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रम | ४५६६ | P2 | ३ | २ | ३ |
| विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन | २००० | P1 | ३ | २ | ३ |
| महिला स्वास्थ्य स्वयम्सेविका तथा स्वास्थ्यसम्वन्धि **अन्य नियमित कार्यक्रम** | ३९८९७ | P2 | ३ | २ | ३ |
| खानेपानी तथा सरसरफाइ | ६६२६६ | | | | |
| खानेपानी तथा सरसफाई सुविधा प्रवर्द्धन कार्यक्रम | ६६२६६ | P1 | ६ | १ | १ |
| महिला बालबालिका सामाजिक सुरक्षण तथा समावेशीकरण | ४४९८५ | | | | |
| महिला तथा लक्षित समुदाय आर्थिक सशक्तीकरण कार्यक्रम | १४३६५ | P1 | ५ | १ | ३ |
| बालबालिका तथा जेष्ठ नागरिक संरक्षण कार्यक्रम | ३३८७ | P1 | ५ | १ | ३ |

| कार्यक्रम/आयोजनाको नाम | तिन वर्षमा कुल विनियोजित रकम | प्राथमिकिकरण | दिगो विकासको लक्ष्य संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|
| अपाङ्गता भएका व्यक्ति संरक्षण तथा सशक्तीकरण कार्यक्रम | ५३०० | P1 | ५ | १ | ३ |
| दलित, अल्पसंख्यक, सिमान्तकृत र जनजाति उत्थान कार्यक्रम | ६७९८ | P1 | ५ | १ | ३ |
| महिला, पिछडिएको क्षेत्रको वासिन्दा, वालवालिका, अपांगता, दलित, यौनिक अल्पसंख्यकहरुलाई उत्थानहिल कार्यक्रम सालवसाली कार्यक्रम | १५१३५ | P1 | ५ | १ | ३ |
| युवा खेलकुद तथा नवप्रवर्तन | ७८२८ | | | | |
| युवा सिर्जनशिलता तथा उद्यमशीलता विकास कार्यक्रम | २२६६ | P1 | १ | २ | २ |
| खेलकुद विकास तथा खेलाडीको क्षमता अभिवृद्धि कार्यक्रम | ३०९२ | P2 | ३ | २ | २ |
| संस्थागत क्षमता विकास कार्यक्रम | २४७० | P1 | १७ | २ | ३ |
| सामाजिक सुरक्षा | ८१०१ | | | | |
| सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | ८१०१ | P1 | १६ | १ | २ |
| पूवार्धार क्षेत्र | २८६७६५ | | | | |
| बस्ती विकास, भवन आवास , सडक,तथा शहरी विकास | ८७७११ | | | | |
| गाउँपालिकाको प्रशासकीय भवन थप निर्माण | २००० | P1 | ११ | २ | ३ |
| आवास, वडा कार्यालय भवन, भवन तथा शहरी विकास अन्य कार्यक्रम | ८५७११ | P1 | ११ | २ | २ |
| जलस्रोत, विद्युत तथा बैकल्पिक उर्जा | १४६७३ | | | | |
| विद्युतीकरण प्रवर्द्धन कार्यक्रम | १४१७३ | P1 | ७ | २ | १ |
| घरयासी, व्यावसायिक र सवारी साधनमा स्वच्छ उर्जा (विद्युत) उपयोग प्रवर्द्धन कार्यक्रम | ५०० | P1 | ७ | २ | १ |
| सम्पदा पूर्वाधार विकास | ४०२८८ | | | | |
| ऐतिहासिक, प्राकृतिक एवं महत्वपूर्ण सम्पदाको संरक्षण, प्रवद्धन र विकास कार्यक्रम | ४०२८८ | P1 | १७ | २ | २ |
| पून:निर्माण | १४४०९३ | | | | |
| पून:निर्माण कार्यक्रम | १४४०९३ | P1 | १ | २ | २ |
| वातावरण तथा विपद व्यवस्थापन | ४२०९० | | | | |
| वन, पार्क, हरियाली संरक्षण र सर्म्वधन कार्यक्रम | १८२१ | | | | |
| वन, पार्क, हरियाली संरक्षण र सर्म्वधन कार्यक्रम | १८२१ | P1 | | ३ | १ |
| संस्थागत विकास र सेवा प्रवाह | ११०७६६ | | | | |
| विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन | १६२७६ | | | | |

| कार्यक्रम/आयोजनाको नाम | तिन वर्षमा कुल विनियोजित रकम | प्राथमिकिकरण | दिगो विकासको लक्ष्य संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|
| विपद् जोखिम व्यवस्थापन तथा क्षमता अभिवृद्धि कार्यक्रम | १२०१ | P1 | ११ | २ | १ |
| विपद् जोखिम न्यूनीकरण कार्यक्रम | १२०० | P1 | ११ | २ | १ |
| प्राकृतिक सम्पदा तथा बस्ती संरक्षण कार्यक्रम | ८००० | P1 | ११ | २ | १ |
| जोखिम संवेदनशील भूउपयोग योजना तर्जुमा एवम् कार्यान्वयन | १५०० | P1 | ११ | २ | १ |
| जलवायु परिवर्तन अनुकूलन सम्बन्धि जनचेतनामूलक र **अन्य नियमित कार्यक्रम** | ४३७५ | P1 | ११ | २ | १ |
| श्रम, रोजगारी तथा गरिवी निवारण | २८०८३ | | | | |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | २५९८३ | P1 | ८ | २ | १ |
| सुरक्षित बैदेशिक रोजगार आप्रवासान कार्यक्रम | १२०० | P1 | १० | २ | ३ |
| श्रम बजार व्यवस्थापन तथा स्वरोजगार प्रवर्द्धन कार्यक्रम | ९०० | P2 | ११ | २ | २ |
| संगठन, मानव संसाधन विकास | ८६२९ | | | | |
| संगठन, मानव संसाधन क्षमता विकासि तथा सुदृढीकरण कार्यक्रम | ८६२९ | P2 | १२ | २ | २ |
| शासन प्रणाली र प्रशासकिय सुशासन | ५६५०५ | P2 | १२ | २ | ३ |
| अनगमन तथा मूल्यांकन | १२७३ | P1 | १२ | २ | ३ |
| कार्यालय संचालन तथा प्रशासनिक | ३३३५७७ | | | | |
| **जम्मा** | **१६५५५५१** | | | | |

मष्टा गाउँपालिका